# स्थानीय राजपत्र

## घोराही उप-महानगरपालिका

५ नं. प्रदेश, घोराही, दाङ

खण्ड २) संख्या ३६ स्थानीय राजपत्र भाग २ मिति २०७५।११।०७

# पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०७५

पशुपालन व्यवसाय कृषकहरुको जीविकोपार्जनको एक माध्यम हो । यस व्यवसायमा उत्पादकत्व वढी भएका पशु नश्लको प्रवेश गराई स्थानीय पशु नश्लको सुधार गरी उन्नत तथा वर्णशंकर जातका पशुहरुको विकास गर्न, समय-समयमा फैलने विभिन्न थरिका रोगहको रोकथाम तथा उपचार गर्न, गुणस्तरीय पशुजन्य पदार्थको उत्पादन गरी यसको बजारीकरण गर्न, नयाँ तथा विकसित घाँसहरुको दिगो खेती प्रणालीको विकास गरी घाँसमा आधारित पशुपालन व्यवसायको अवलम्बन गर्दै उत्पादन लागतमा कमी ल्याई यस व्यवसायलाई अन्य गैरपशुपालन व्यवसाय सरह प्रतिस्पर्धी, संगठित तथा संस्थागत रुपमा अग्रणी व्यवसायका रुपमा विकास गर्न र मानव समुदायको पौष्टिक तत्वयुक्त भोजन तथा स्वास्थका दृष्टिकोणबाट समेत पशुजन्य पदार्थको उत्पादन, बिक्री वितरण तथा व्यवस्थापन गर्ने सम्वन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को

उपदफा २ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि, २०७५ तयार गरी लागु गरिएको छ ।

## परिच्छेद- १

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम : घोराही उप-महानगरपालिकामा पशु सेवा विकास सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ रहेको छ ।

(ख) यो कार्यविधि घोराही उप-महानगरपालिका भर लागु हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) उप-महानगरपालिका भन्नाले नेपालको संविधान बमोजिम गठित घोराही उप-महानगरपालिकालाई संभन्नु पर्नेछ ।

(२) कार्यपालिका भन्नाले घोराही उप-महानगरपालिकाको कार्यपालिकालाई संभन्नु पर्नेछ ।

(३) प्रमुख भन्नाले घोराही उप-महानगरपालिको प्रमुखलाई संभन्नु पर्नेछ ।

(४) प्रमुख प्रशासकीय अधिकृत भन्नाले घोराही उप-महानगरपालिको प्रमुख प्रशासकीय अधिकृतलाई संभन्नु पर्नेछ

(५) पशु सेवा शाखा भन्नाले घोराही उप-महानगरपालिकाको माताहतमा रहेको पशु सेवा हेर्ने शाखालाई संभन्नु पर्नेछ ।

(६) शाखा प्रमुख भन्नाले घोराही उप-महानगरपालिकाको पशु सेवा शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई संभन्नु पर्नेछ ।

(७) मन्त्रालय भन्नाले नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय संभन्नु पर्नेछ ।

(८) चल्ला भन्नाले १ दिने र ४ हप्ते उमेरका कुखुरा बुझ्नु पर्नेछ ।

(९) सेवा केन्द्र भन्नाले घोराही उप-महानगरपालिका पशु सेवा शाखा मातहतमा रहेका कार्यालय सम्झनु पर्नेछ ।

(१०) सेवा क्षेत्र भन्नाले बोकासँग प्रजनन गराउन ल्याउने १० सबभन्दा नजिकका बाखापालक कृषकहरु रहेको क्षेत्रलाई सम्झनु पर्नेछ ।

(११) युवा भन्नाले युवा लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ५० वर्षसम्मका नेपाली नागरिक भन्ने बुझ्नु पर्छ ।

(१२) युवा समूह : समूह भन्नाले १८ देखि ५० वर्षका युवाहरु मिली समूह गठन गरी कुनै पनि सरकारी निकायमा दर्ता भएका युवायुवतीको समूह सम्झनुपर्छ ।

(१३) आनुवंशिक भन्नाले वंशाणुगत गुण रहेको कुनै पनि प्रकारका घरपालुवा पशुपन्छीको पूर्ण वा आंशिक भाग वा सोको क्रियात्मक इकाईलाई संझनु पर्दछ ।

(१४) आनुवंशिक स्रोत भन्नाले विशेष रुपमा खाद्य पोषण तथा कृषिका लागि वास्तविक र संभावित रुपमा उपयोग हुने स्थानीय पशुपन्छीका आनुवंशिक स्रोतलाई संझनु पर्दछ ।

(१५) जैविक विविधता भन्नाले कुनै पनि प्रकारका घरपालुवा पशुपन्छीका प्रकार तथा तिनीहरु बीचको भिन्नता र अन्तरसम्बन्धलाई सम्झनु पर्दछ । सो शब्दले आनुवंशिक विविधता, प्रजातीय विविधता र पारिस्थितिकीय प्रणालीका विविधता समेतलाई जनाउँदछ । यो शब्दले घरपालुवा पशुपन्छीका जैविक विविधतामा प्रभाव पार्ने सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्षहरुलाई संझनु पर्दछ ।

(१६) सरोकारवाला भन्नाले स्थानीय नश्लका पशुपालक कृषक/समूह र समिति, स्थानीय निकाय र पशुपालन तथा पशु आनुवंशिक स्रोत संरक्षणसँग सम्बन्धित अन्य सम्पूर्ण सरकारी, गैरसरकारी तथा निजी संघसंस्था तथा व्यक्तिलाई संझनु पर्दछ ।

(१७) स्व-स्थान संरक्षण भन्नाले पशुपन्क्षी अनुवांशीय श्रोतहरुको स्थानीय स्तरमा परापूर्वकालदेखि भएको प्राकृतिक वासस्थानमा गरिने विकास एवं संरक्षणलाई जनाउँदछ ।

(१८) युवा लक्षित कार्यक्रम : भन्नाले युवाहरुलाई पशुपालन क्षेत्रमा आकर्षण गर्न व्यवसायिक पशुपालन (गाई, भैंसी, भेडा, बाखा, बंगुरपालन र माछापालन) र पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम भन्ने बुझ्नु पर्छ

(१९) अर्थ विकास समिति भन्नाले घोराही उप-महानगरपालिकाको अर्थ विकास समितिलाई जनाउँदछ ।

(२०) स्किम/परियोजना भन्नाले पशुपालन (व्यावसायिक गाई, भैंसी, भेडा, बाखा, बंगुरपालन र माछापालन) र पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम संचालनको लागि तयार गरिएको प्रस्ताव बुझ्नु पर्छ ।

(२१) विज्ञ केन्द्र भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई बुझ्नु पर्छ ।

(२२) 'समूह' भन्नाले व्यावसायिक रुपमा पशुपालन गर्नका लागि गठन भएका १५ देखि २५ (२० जना) जनासम्मको कृषकहरुको समूहलाई बुझाउनेछ ।

(२३) 'अध्यक्ष' भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समूहको अध्यक्षलाई जनाउनेछ ।

(२४) 'उपाध्यक्ष' भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समूहको उपाध्यक्षलाई जनाउनेछ ।

(२५) 'सचिव' भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समूहको सचिवलाई जनाउनेछ । 'सदस्य' भन्नाले यसै कार्यविधि बमोजिम कृषक समूहको सदस्यलाई बुझाउनेछ ।

(२६) 'बैठक' भन्नाले कृषक समूहको बस्ने बैठकलाई बुझाउनेछ ।

(२७) अन्तर समूह समन्वय समिति भन्नाले एउटै प्रजाति (गाई वा भैंसी

वा बाख्रा वा कुखुरा वा बंगुर वा घाँस मात्र) का पशुपालन गरेका कृषक समूहहरुबाट प्रतिनिधित्व हुने गरी गठन गरिएको समिति संझनु पर्नेछ ।

(२८) कृषक मूल समिति भन्नाले विभिन्न प्रजाति (गाई, भैंसी, भेंडा, बाख्रा, सुगुर, बंगुर र कुखुरा) का पशुपालन गरेका अन्तरसमूह समन्वय समितिबाट प्रतिनिधित्व भई गठन गरिएको समितिलाई संझनु पर्नेछ ।

(२९) पशुजन्य पदार्थ भन्नाले पशुको मासु, रगत, बोसो, पित्त, दूध, फूल, हाड, छाला, सिङ, खुर, प्वाँख, उन, भुत्ला, रौं, भ्रुण, बिर्य, ग्रन्थी, मल र मूत्र वा सोबाट बनाइएको अप्रशोधित वस्तु सम्झनु पर्नेछ ।

(३०) पशुजन्य उत्पादन सामग्री भन्नाले पशु स्वास्थ्यमा कृतिम गर्भाधानमा वा जैविक पदार्थ उत्पादनमा उपयोग हुने प्रशोधित वा अप्रशोधित सामग्री सम्झनु पर्नेछ ।

(३१) जैविक पदार्थ भन्नाले पशु विकास वा पशु स्वास्थको लागि प्रयोग गरिने जीवाणु वा विषाणुयुक्त औषधि वा खोप वा जैविक रसायन संझनु पर्नेछ ।

(३२) संक्रामक रोग भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को अनुसूचीमा उल्लेखित रोगहरु र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य रोगहरुलाई समेत जनाउँदछ ।

(३३) भेटेरिनरी निरीक्षक भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २५ बमोजिम नियुक्त गरिएको वा तोकिएको अधिकृत संझनु पर्छ ।

(३४) पशु भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावरलाई संझनु पर्छ र सो शब्दले पन्छी र माछालाई समेत जनाउँदछ ।

(३५) कार्यक्रम भन्नाले घोराही उप-महानगरपालिकाको नगर सभाबाट स्वीकृत वार्षिक पशु सेवा शाखाको कार्यक्रमलाई जनाउँदछ ।

(३६) पूर्वाधार महाशाखा भन्नाले घोराही उप-महानगरपालिका अन्तर्गतको शहरी विकास तथा पूर्वाधार महाशाखालाई जनाउँदछ ।

## परिच्छेद- २

### २ घोराही उप-महानगरपालिका पशु शाखा अन्तर्गत संचालित कार्यक्रमहरु

### २.१ न्यू हेम्पसायर तथा अष्ट्रोलपका चल्ला वितरण

**परिचय**

उप-महानगरपालिका अन्तर्गत विभिन्न वार्डमा बसोबास गरेका विभिन्न समुदायमा रहेका कृषकहरुबाट उन्नत पन्छीपालन गराई पन्छी तथा पन्छीजन्य पदार्थमा आत्मनिर्भर हुन पारिवारिक पोषण तथा आहारमा पूर्णता दिन सहयोग पुऱ्याउनका साथै उच्च मूल्यका पन्छीजन्य उत्पादनको निर्यात प्रबर्द्धन गर्न यस कार्यक्रमको कार्यविधिको आवश्यकता रहेकोले यो कार्यविध, २०७५ तयार गरिएको हो ।

**उद्देश्य**

१. ग्रामीण भेगमा रहेका स्थानीय कुखुराको नश्ल सुधार गर्न ।
२. पारिवारिक पोषणका लागि मासु तथा अण्डाको आपूर्ति गर्न ।
३. स्थानीय कुखुराको नश्ल सुधार गरी पशुजन्य उत्पानमा वृद्धि गर्ने ।

**कार्यक्रम कार्यान्वयन विधि**

१. वितरण कार्यक्रम अन्तर्गत चल्ला ढुवानीका लागि मात्र बजेट व्यवस्थापन गर्ने । बजेट स्थानीय जिल्ला दररेट अनुसार गर्ने गराउने ।
२. चैमासिक अवधि अनुसार जुन चैमासिकमा कार्यक्रम राखिएको छ सो अनुसार कुखुरा विकास फर्मलाई समय तोकी कृषकले माग गरेको संख्याको आधारमा चल्ला माग गर्ने ।
३. पशु सेवा शाखा तथा सेवा केन्द्रमार्फत आवश्यक मात्रामा चल्लाको माग गरी कुखुरा विकास फर्मको दररेट अनुसार सम्बन्धित कृषकसँग

प्रति चल्ला खरीद रकम समेत संकलन गर्ने ।

४. सम्पूर्ण स्थानबाट माग संकलन पश्चात पशु सेवा मातहतका कर्मचारीलाई चल्ला ढुवानी पेश्की उपलब्ध गराउने ।
५. चल्ला ढुवानी गर्न खटिने कर्मचारीले पाउने सेवा सुविधा सोही कार्यक्रमबाट वा अन्य शीर्षकबाट उपलब्ध गराइनेछ ।
६. चल्ला श्रोत कुखुरा विकास फर्मसँग नियिमत सम्पर्कमा रही चल्ला ढुवानी तथा वितरण गर्ने ।
७. वितरणको लागि खरीद गरिएका चल्ला ढुवानीका लागि स्थानीय स्तरसम्म पुऱ्याउन व्यवस्था गर्ने । ढुवानी गर्दा चल्लाको मृत्युदर ३ प्रतिशत भन्दा वढी हुनुहुँदैन ।
८. वितरण पश्चात विवरण संकलन गर्ने ।

**अनुगमन तथा निरीक्षण**

कार्यको अनुगमन तथा निरीक्षण सम्बन्धित वार्डका अध्यक्ष, वार्डका अध्यक्षले खटाएको प्रतिनिधि र सम्बन्धित सेवा केन्द्रका कर्मचारीबाट हुनेछ ।

**२.२ नश्ल सुधारका लागि बोका खरीद कार्यक्रम**

**परिचय**

हाल उप-महानगरपालिकामा दिनानुदिन खसी बोकाको मासुको माग बढिरहेको सन्दर्भमा मासुको मागको पूर्ति विद्यमान रहेका खसी बोका र बाख्राका नश्लबाट पूरा गर्न चुनौती रहेको परिप्रेक्षमा खसी बोकाको मासुको माग पूर्ति गर्नका लागि स्थानीयस्तरमा रहेका बाख्रामा नश्ल सुधार गरी व्यापक रुपमा उच्च शारिरीक तौल भएका खसी बोका तयार गरी माग अनुसारको मासु पूरा गर्नको लागि यो कार्यविधि तयार गरिएको छ ।

**उद्देश्य**

१. उप-महानगरपालिकाभित्र रहेका स्थानीय बाख्राको नश्ल सुधार गरी

उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउने ।

२. बाखापालनमा व्यवसायलाई आधुनिकीरण र व्यवसायीकरण गर्ने ।

३. बाखापालन व्यवसायलाई अन्य व्यवसायसँग प्रतिस्पर्धी बनाउने ।

४. दीर्घकालमा उन्नत नश्लका बाखाको श्रोत केन्द्र स्थापना गर्ने

५. बाखापालन व्यवसायलाई बजारीकरणमा प्रोत्साहन गर्न ।

**कार्यविधि**

१. सहकार्यमा बोका खरीद तथा वितरणका लागि पशुपालन फर्म र समूह/सहकारीहरुबाट निवेदन माग गरी बोका प्राप्त गर्ने पशुपालन फर्म/समूह/सहकारीहरु छनोट गर्ने र छनोटका आधारहरु यस प्रकार रहने छन् र पशुपालन फर्म, समूह, सहकारी दर्ता भएको हुनुपर्नेछ ।

क. कृषकहरु कम्तिमा ३० गोटा माउ बाखा पालेकालाई अंक भार ३०,

ख. दर्ता जग्गाको क्षेत्रफललाइ अंक भार १०,

ग. डाले घाँस तथा भुइ घाँस प्रशस्त रुपमा आहाराको व्यवस्था भएकोलाई अंक भार ३०,

घ. छरछिमेकमा सेवा क्षेत्रभित्र (नजिकका १० घर) प्रजनन सेवा दिन उपलब्ध हुने बाखा संख्यालाइ अंक भार ३० जस्ता आधार लिनु पर्नेछ ।

ङ. अंक दिंदा आधार सबभन्दा वढी बाखा भएका फार्मलाइ बढी अंक र सोही अनुसार कमलाई कम ऐकिक नियम अनुसार (जस्तै १०० बाखा भएकालाई ३० र ५० बाखालाई १५ अंक) अंक दिने ।

च. मूल्यांकन समिति

१. आर्थिक प्रशासन महाशाखा- १ जना

२. प्रशासन शाखा प्रमुख- १ जना

३. पशु सेवा शाखा प्रमुख- १ जना

४. पशु सेवा शाखाको, अधिकृत सदस्य सचिव- १ जना

५. सेवा केन्द्र प्रतिनिधि- १ जना

२. मूल्यांकन समितिबाट छनोट भएपश्चात अर्थ विकास समितिबाट अनुमोदन गराउने र छनोट भएका कृषकलाई बोका उपलब्ध गराउने ।

३. सरकारी फर्महरुबाट ७५% का बोका उपलब्ध गराउन कृषि अनुसन्धान केन्द्र, बाखा विकास फार्ममा आधिकारिक पत्रमार्फत अनुरोध गर्ने र उपलब्ध भएमा सोही कार्यालयबाट खरीद गरी वितरण गर्ने अन्यथा कृषक समूह, सहकारी वा निजी फर्मबाट खरीद गरी वितरण गर्ने

४. पशुपालन फर्म, समूह, सहकारीहरुबाट बोका खरीद गर्दा बोकाको मापदण्डहरु तपसिल अनुसार भएको हुनुपर्ने छ ।

बोयर बोकाको प्रतिशत ७५% कम्तिमा

फार्मको रेकर्डको आधारमा ७५% लाई लिने

उमेर : ६ महिना घटीमा ।

तौल : ३० केजी भन्दा माथि ७५% को हकमा ।

पूर्ण विकसित अण्डकोष भएको ।

शरीरमा कुनै किसमको विकृति र रोग नभएको ।

जातीय शुद्धता, जातीय गुण अनुसारको रंग, बनावट र शारिरीक वृद्धि भएको ।

५. बोका खरीद गरिने फर्म, समूह, समिति र सहकारीको खोजी गर्ने र रेकर्ड राखिएको हुनुपर्नेछ ती पशुपालन फर्म, समूह र सहकारीहरुबाट दररेट माग गर्ने ।

६. लागत सहभागिता वापतको रकम छनोट भएका कृषकहरुबाट उपमहानगरपालिको बैंक संचित खातामा जम्मा गर्ने ।

७. तोकिएको मापदण्डका बोका उपलब्ध भएमा बोका खरीद गरी कार्यलयले फर्मका नाममा भुक्तानी दिने ।

८. पकेट प्याकेज कार्यक्रममा वितरणका लागि खरीद गरिने बोका सम्पूर्ण

सरकारी अनुदानको रकमबाट खरीद हुनेछ । खरीद गरिने बोकाको गुणस्तर माथि उल्लेख भए अनुसार हुनेछ ।

९. खरीद बखत स्वस्थताको प्रमाणपत्र बनाउने र विमा गराई वितरण गर्ने । वितरण गर्दा बोकापालक कृषकसँग शर्त र सम्झौता गराई वार्ड प्रतिनिधिको रोहवरमा वितरण गर्ने ।

१०. बोका प्राप्त गर्ने कृषकले मासिक प्रजनन रेकर्ड राखी नियमित रुपमा पशु सेवा केन्द्रमार्फत पशु सेवा शाखा घोराहीमा पेश गर्ने ।

११. नियमित रुपमा बोकाबाट जन्मेका पाठापाठीको तौल लिने ।
तौल : जन्मदा वित्तिकैको, १ महिनाको, दूध छुटाउनु पूर्व उमेरको, दूध छुटाएको १ महिना पछिको, ६ महिनाको, ९ महिना र १२ महिनाको तौल लिने ।

१२. बोका पालन गर्ने कृषक छनोटका आधारहरु
   क. कृषकसँग भएका माउ बाखा संख्या : ३० अंक भार
   ख. सेवा क्षेत्रभित्रका (सवभन्दा नजिक १० कृषकले पालेका) माउ बाखा संख्या : ३० अंक भार
   ग. कृषकसँग भएको जग्गाको क्षेत्रफल र उत्पादन हुने अनाज (दाना खुवाउने क्षमता जाँच्ने) : ३० अंक भार
   घ. भुइँ तथा डाले घाँसहरु भुस पराल आदिको मात्राहरु : १० अंक भार

अनुसूची

**नश्ल सुधारका लागि सहकार्यमा बोका अनुदान प्राप्त गर्न दिइने निवेदन ढाँचा**

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू

घोराही उप-महानगरपालिका

नगर कार्यपालिका कार्यालय

घोराही, दाङ ।

**विषय : सहकार्यमा बोयर बोका उपलब्ध गराई दिनुहुन बारे ।**

प्रस्तुत विषयमा हाल मसँग...............को संख्यामा माउ बाख्रा रहेको, मेरो दर्ता जग्गा........कट्ठा रहेको, भुइँ घाँस...............कट्ठामा, डाले घाँस ................कट्ठामा लगाइएको र सवभन्दा नजिकका १० घरमा ..............गोटा माउ बाख्रा रहेकोले मलाई उक्त कार्यक्रममा सहभागी गराउनु हुन तपसिल अनुसार विवरणसहित अनुरोध छ ।

**तपसिल**

१. संक्षिप्त कार्ययोजना

२. सरकारी निकायमा फर्म दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

३. तालिम, शैक्षिक योग्यता, अनुभव तथा जग्गा भाडा सम्झौताहरु

४. छनोट भएमा सहकार्यमा कार्यान्वयन गर्ने प्रतिवद्धता

**निवेदकको**

नाम :

दस्तखत :

संस्था/व्यक्ति :

ठेगाना :

मोवाइल नं. :

**बोका प्राप्त गर्ने कृषकसँग गरिने सम्झौता**

बोकामार्फत प्रजनन गराई नश्ल सुधार गर्ने उद्देश्य राखी बोका उपलब्ध गराउने पशु सेवा शाखा घोराही उप-महानगरपालिका यसपछि प्रथम पक्ष भनिने छ र घोराही उप-महानगरपालिका वार्ड.........का बाखापालक पशुपालन फर्म/समूह/समिति/सहकारी............को फर्म यसपछि द्वितीय पक्ष भनिने बीच..........बोका पालन पोषण तथा बोकाको सेवाको विषयमा तपसिल अनुसार सहमति गरी १/१ प्रति लियौं/दियौं ।

तपसिल

१. सहकार्यमा बोका खरीद तथा वितरण कार्यक्रम भएको हुँदा परल मूल्यको आधा मूल्य सम्बन्धित पशुपालन फर्म/समूह/सहकारीले ब्यहोर्नु पर्नेछ ।
२. द्वितीय पक्षले............बोकाको सेवा क्षेत्रभित्र र बाहिर नजिकमा रहेका स्थानीय बोकालाई बन्ध्याकरण गराउनु पर्नेछ र सोको रेकर्ड पशु सेवा शाखामा बुझाउनु पर्नेछ ।
३. द्वितीय पक्षले..........बोकालाई उमेर, सेवाको तीव्रता अनुसार सन्तुलित दाना तथा घाँसहरु आवश्यकता अनुसार खुवाउनु पर्नेछ ।
४. द्वितीय पक्षले बोका प्राप्त गरेको १ हप्ताभित्र बिमा गराउनु पर्नेछ ।
५. द्वितीय पक्षले पिपिआर भ्याक्सीन लगायतका भ्याक्सीन समयमै लगाउनु पर्नेछ र प्रथम पक्षले भ्याक्सीन उपलब्ध गराउन सहजीकरण गर्नुपर्नेछ ।
६. द्वितीय पक्षले आन्तरिक तथा वाह्य परजीवी नियन्त्रण तथा रोग लागेमा उपचार गारउनु पर्नेछ र समस्या परेमा पशु सेवा शाखा तथा विज्ञ केन्द्रसंग सम्पर्क गरी उपचार गराउनु पर्नेछ ।
७. द्वितीय पक्षले कुनै कारणवश बोकाको मृत्यु भएमा बिमाबाट प्राप्त रकमबाट पुनः सोही गुणस्तरको बोका खरीद गर्नु पर्नेछ ।
८. यस विषयसँग विवाद भएमा आपसी सहमति अनुसार टुंगाइनेछ ।
९. द्वितीय पक्षले बोकालाई जंगलमा चराउन लैजाने छैन ।
१०. द्वितीय पक्षले एउटै खोरमा सटेको अलग कोठामा कम्तिमा ५ वर्गमिटरको

क्षेत्रफल भएको खोर कोठामा पाल्नु पर्नेछ ।

११. द्वितीय पक्षले नातामा प्रजनन कार्यलाई रोक्न १५ महिनामा बोका साट्नु पर्नेछ ।

| प्रथम पक्षको तर्फबाट | द्वितीय पक्षको तर्फबाट |
|---|---|
| नाम | नाम |
| संस्था | संस्था |
| पद | पद |
| हस्ताक्षर | हस्ताक्षर |
| मिति | मिति |

### २.३ व्यवसायिक फर्ममा आन्तरिक तथा वाह्य परजीवि नियन्त्रण डोर टु डोर कार्यक्रम

**परिचय**

गाई, भैंसी, भेंडा, बाखा तथा बंगुरका व्यवसायिक फार्महरुमा रहेका पशुहरुलाई आन्तरिक तथा वाह्य परजीविबाट मुक्त गराउँदा उत्पादन तथा उत्पादकत्व वृद्धिमा भूमिका खेल्दछ । यस्ता फार्महरुमा विविध विषयमा भएको कुसल व्यावस्थापन मध्य स्वास्थ एक हो र यसबाट उत्पादनमा पर्ने असर अन्य कृषकहरुका लागि पनि मार्गदर्शकको रुपमा कार्य गर्ने उद्देश्यले यो कार्यविधि तयार गरिएको छ ।

**उद्देश्य**

१. व्यवसायिक कृषकहरुद्वारा पालिएका पशुहरुमा आन्तरिक तथा वाह्य परजीविहरुको नियन्त्रण गरी दूध र मासु उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
२. जनस्वास्थमा असर गर्ने रोगहरुको न्यूनीकरण गर्ने ।
३. विविध रोगहरु सर्ने माध्यम बनेका परजीविको नियन्त्रण गर्न सहयोग पुऱ्याउने ।

**कार्यविधि**

१. उपमहानगरमा अन्तर्गत रहेका पशुपन्छी फर्म र पशुहरुको तथ्यांक संकलन गर्ने ।

२. संकलित तथ्यांक अनुसार आन्तरिक तथा वाह्य परजीवि बिरुद्ध औषधिको आवश्यकता एकिन गर्ने ।

३. परजीवि नियन्त्रण गर्न औषधि वितरण तालिका बनाई सोही अनुसार फर्मको डोर टु डोर भ्रमण गरी पशुहरुलाई परजीवि बिरुद्ध औषधि खुवाउने र रेकर्ड राख्ने । औषधि पूर्णतया निःशुल्क हुनेछ ।

४. सम्बन्धित कृषकहरुबाट औषधि खुवाएको प्रमाणित गराउने ।

**२.४ कृतिम गर्भाधान**

कृतिम गर्भाधान, नश्ल सुधार गरी दूध फूल मासुको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने एउटा राम्रो साधन हो । उन्नत जातका गाई तथा भैंसीको उत्पादन तथा उत्पादकत्व बृद्धिलाई सुधार गर्न कृतिम गर्भाधान अति आवश्यक हुन्छ ।

स्थानीय पशु उत्पादनका दृष्टिले अन्य पशुको तुलनामा कम हुने भएका कारण आजभोलि बजार, सडक जंगलमा वेवारिसे अवस्थामा रहेका छन् । यी पशुहरुले स्थानीय कृषकहरुले लगाएका बालीनाली नष्ट गर्नुको साथै सडक दुर्घटनाको कारण पनि बनेका छन् । यी पशुहरु स्थानीय वातावरणमा हुर्कन सक्ने, रोगहरु बिरुद्ध लड्न सक्ने, यहाँ उपलब्ध हुने कम पोषणयुक्त घाँसपात जस्ता आहारा खाएर बाँच्ने क्षमता राख्दछन् । त्यसैले यस्ता पशुको सदुपयोग गरी नश्ल सुधारमार्फत उत्पादकत्वमा सुधार गर्न आवश्यक छ ।

**उद्देश्य :**

१. स्थानीय गाईको दूध तथा दूग्ध उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ।

२. स्थानीय गाईलाई छाडा छाड्ने प्रचलनलाई न्यूनीकरण गर्ने ।

३. ग्रामीण भेगमा रहेका निम्न आयका कृषकहरुको आयस्तरमा बृद्धि गर्ने ।

४. उन्नत जातका गाई तथा भैंसीको उत्पादन तथा उत्पादकत्वलाई सुधार गर्ने ।

**कार्यविधि**

१. कृतिम गर्भाधान गर्नका लागि पशु सेवा शाखामा सम्पर्क गरेको अवस्थामा वा पशु सेवा केन्द्रहरुमा पशुवस्तु ल्याई आएमा उपयुक्त समय भएपश्चात कृतिम गर्भाधान गरिनेछ ।

२. व्यवसायिक कृषकहरुद्वारा पालिएका उन्नत तथा क्रश जातका पशुहरुको लागि घरदैलो कृतिम गर्भाधान गरिनेछ ।

३. स्थानीय गाईलाई कृतिम गर्भाधान गराएवापत कृषकलाई प्रोत्साहन स्वरुप प्रति स्थानीय गाईलाई रु. ३०० उपलब्ध गराइनेछ र यो रकम एक आर्थिक वर्षमा एक गाईलाई एकपटक मात्र दिइने छ । यस्तो रकममा कर समावेश गरिने छैन ।

४. कृतिम गर्भाधान कार्यका लागि प्रति सिमेन प्रति लिटर तरल नाइट्रोजनका दरले व्यवस्थापन गरिनेछ ।

५. कृतिम गर्भाधानकर्ताहरुलाई रु. २५ र सिमेन स्ट्रका दरले राजश्व लिई उपलब्ध गराइनेछ साथै कृतिम गर्भाधानलाई आवश्यक पर्ने सामग्रीहरु (सिथ, ग्लोव, एप्रोन र गमवुट) पनि निःशुल्क रुपमा शाखाले उपलव्ध गराउनेछ ।

६. कृतिम गर्भाधानकर्ताहरुले आफूले गरेको कृतिम गर्भाधानको रेकर्ड मासिक रुपमा सम्बन्धित शाखामा बुझाउनु पर्नेछ ।

**२.५ सहकार्यमा इलेक्ट्रिक च्याफकटर वितरण**

**परिचय**

पशुपालन व्यवसायलाई आधुनिक तथा युवामैत्री बनाउन यान्त्रिकरण गर्नु अति आवश्यक छ । इलेक्ट्रिक च्याफकटर यान्त्रिकरणको एउटा नमूना हो । यसको प्रयोगले घाँस तथा पराल जस्ता पशु आहाराको उपयोगमा बृद्धि गरी कमसल खालका आहाराको सदुपयोगलाई सुनिश्चित गर्छ । टुक्रा पारिएका घाँस परालबाट पशुको पाचन प्रकृयामा सहयोग पुग्न गई उत्पादन बृद्धि हुने उद्देश्यले यो कार्यविधि तयार गरिएको छ ।

**कार्य सन्चालन विधि**

१. यस कार्यमा सम्मिलित हुन चाहने कृषक अनिवार्य रुपमा पशुपालन व्यवसाय दर्ता भएको हुनुपर्नेछ र कर चुक्ता गरेको करचुक्ता प्रमाणपत्र समेत हुनुपर्नेछ ।

२. पशु सेवा शाखाले राष्ट्रिय पत्रिकामा ३५ दिने सूचना निकाली निवेदन मार्फत माग संकलन गर्नेछ ।

३. उक्त समयावधिभित्र संकलन भएका निवेदनहरुलाई तपसिलका आधारमा छनोट गरिनेछ

   क. गाई भैंसीको संख्या : अंक भार ४०

   ख. गोठ खोरको व्यवस्थापन : अंक भार २५

   ग. भुइ घाँस लगाएको क्षेत्रफल अंक भार ३५

४. छनोटमा परेका कृषकहरुलाई बुँदा ३ अनुसार अनुगमन गरी पुनः अंक दिने र तोकिएको संख्यामा उच्चतम अंक प्रप्त गर्ने कृषकले च्याफकटर प्राप्त गर्नेछ ।

५. अनुगमन कार्यदलमा तपसिलका सदस्यहरु रहने छन् ।

   अर्थ विकास समिति संयोजक- १

   पशु सेवा शाखा प्रमुख- १

   पशु सेवा शाखाले तोकेको सदस्य- १

   सेवा केन्द्रका प्रविधिक कर्मचारी- १

६. च्याफकटर प्राप्त गर्ने कृषकले च्याफकटर परल मूल्यको आधा व्यहोर्नु पर्नेछ ।

७. च्याफकटर प्राप्त गर्ने कृषकबाट प्राप्त सहकार्य वापतको रकम बैंक दाखिला गरी भौचर पेश गराएपश्चात उपलव्ध गराउने ।

८. आर्थिक कार्यविधि सार्वजनिक खरीद ऐन तथा सार्वजनिक नियमावली अनुसार हुनेछ । जस अनुसार च्याफकटर सप्लायर्सलाई सोझै भुक्तानी दिइनेछ ।

**कृषकले दिने निवेदनको ढाँचा**

श्रीमान शाखा प्रमुख ज्यू

पशु सेवा शाखा

घोराही उपमहानगरपालिका

**विषय : च्याफ कटर उपलव्ध गाराइ दिनुहुन बारे ।**

प्रस्तुत विषयमा हाल मसँग माउ गाई भैंसी...........को संख्यामा, पराल.........क्वीण्टल तथा भुइँ घाँस........कट्ठामा लगाएको र मेरो व्यवसायिक गाई भैंसी पालन गर्न तीव्र इच्छा भएकोले मलाइ उक्त अनुदान कार्यक्रम उपलव्ध गराई सहयोग गरिदिनुहुन तपसिल अनुसारको विवरणसहित अनुरोध छ ।

तपसिल

१ रु. १० को टिकट टाँसी निवेदनसहित संक्षिप्त कार्ययोजना

२ तालिम, शैक्षिक योग्यता, अनुभव तथा जग्गा भाडा सम्झौताहरु

३ छनोट भएमा सहकार्यमा कार्यान्वयन गर्ने प्रतिवद्धता

४ नेपाली नागरिकताको प्रमाणपत्रका प्रतिलिपि

**निवेदकको**

नाम :

दस्तखत :

संस्था/व्यक्ति :

ठेगाना :

मोवाइल नं. :

**२.६ पशु स्वास्थ्य नियमन कार्यक्रम**

उपमहानगरपालिकामा रहेका पशुपन्छीपालन व्यवसाय स्वस्थ, स्वच्छ तथा गुणस्तरीय हुनु आवश्यक छ । यस कार्यका लागि सम्पूर्ण पशुपन्छीजन्य व्यवसायबाट हुने उत्पादन सामग्रीको स्वस्थ उत्पादन विक्री वितरण तथा उपभोग गर्न प्रभावकारी रुपमा कार्यान्वयन गर्न पशु स्वास्थ कार्यक्रमको सान्दर्भिकता अझ वढी देखिएको छ ।

विभिन्न समयमा पशुपन्छीमा संक्रामक महामारीको रुपमा देखापरी ठूलो आर्थिक क्षति पुऱ्याउने रोगहरुको सर्भिलेन्स, अन्वेषण, पहिचान, रोकथाम, नियन्त्रण तथा अनुगमन सम्वन्धी कार्यलाई प्रभावकारी बनाउनु यो कार्यविधि लागु गरिएको छ ।

**२.६.१ पशु स्वास्थ्य नियमन कार्यक्रमको उद्देश्य :**

(१) भेटेरिनरी औषधि पसल, तरल जैवीक पदार्य, पशुपन्छी फार्म, ह्याचरी र पशु नश्ल सुधारको गुणस्तर कायम गर्ने ।

(२) पशु सेवा सम्बन्धी ऐन, नियम, निर्देशिकालगायत स्वीकृत मापदण्डहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

(३) जैवीक पदार्यको आयात निर्यात तरल उपयोग निर्धारित मापदण्ड अनुसार भए नभएको नियमन तथा अनुगमन गर्ने ।

(४) भेटेरिनरी औषधि तथा जैविकी उत्पादन, प्रशोधन, बिक्रि वितरणको अनुगमन र निरीक्षण गर्ने ।

**२.६.२ पशु स्वास्थ्य नियमन कार्यक्रम कार्यान्वयनः**

(१) पशु औषधि तथा जैविक पदार्यको भण्डारण निरीक्षण :

(क) भेटेरिनरी निरीक्षकले पशु औषधि, जैविक पदार्थहरुको व्यवथापन तथा विक्री वितरण सम्वन्धी गुणस्तर जाँच गर्दा अनुसूची- १ र २ बमोजिम गर्नु पर्नेछ ।

(ख) भेटेरीनरी औषधि पसलको पहिलो पटक निरीक्षण गर्दा अनुसूची-१ र पुनः सोही औषधि पसलको निरीक्षण गर्नुपर्दा अनुसूची-२ बमोजिमको अभिलेख राख्नु पर्नेछ ।

(ग) भेटेरीनरी निरीक्षकले निरीक्षण क्रममा म्याद नाघेको पशु औषधि वा जैविक पदार्थ विक्री कक्षमा फेला पारेमा यस्ता औषधि वा जैवीक पदार्थलाई पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम १८ को कार्यविधि पूरा गरी नष्ट गर्नु पर्नेछ। यसरी नष्ट गरेको जानकारी पशु सेवा विभागमा पठाउनु पर्नेछ ।

(घ) कम्पनीबाट नयाँ बदल्ने प्रायोजनका लागि बाहेक अन्य म्याद नाघेको वा टुटे फुटेका औषधि पसलको कुनै पनि भागमा राखेको फेला परेमा नष्ट गर्नु पर्नेछ ।

(ङ) पशु औषधि पसलको जाँच गर्दा इजाजत पत्रमा उल्लेख भए बमोजिमको नाम साइन वोर्डमा लेखिएको नपाइएमा त्यस्तो वोर्डलाई तुरुन्त हटाउन लगाउने र साइनवोर्ड नपाइएमा तुरुन्त राख्न लगाउनु पर्नेछ ।

(च) कुनै व्यक्तिले आधिकारिक निकायमा पसल दर्ता नगरेको र व्यवसायिक प्रमाणपत्र नलिई पशु औषधि पसल सञ्चालन गरेको पाइएमा भेटेरिनरी निरीक्षकले सोको जानकारी पशु सेवा विभागमा गराउनु पर्नेछ ।

(च) पशु औषधि तथा जैविक पदार्थको भण्डारण निरीक्षणका लागि भेटेरिनरी निरीक्षक उपलव्ध भएको अवस्थमा भेटेरिनरी निरीक्षकबाट र नभएको अवस्थामा उपमहानगरपालिकाले तोकेको व्यक्ति वा शाखा प्रमुखले गर्ने ।

(२) **पशुपन्छी फार्म र ह्याचरी निरिक्षण**

(क) भेटेरीनरी निरीक्षकले आफ्नो कार्यक्षेत्रभित्र रहेका सरकारी, गैरसरकारी वा निजी क्षेत्रबाट स्थापित पशुपन्छी फार्म र ह्याचरीको निरीक्षण तथा अनुगमन गर्नु पर्नेछ ।

(ख) प्यारेन्ट स्टक फर्म निरीक्षण गर्दा अनुसूची-३, ब्रोइलर पोल्ट्री फार्म निरीक्षण गर्दा अनुसूची-४, व्यवसायिक लेयर्स पोल्ट्री फार्म निरीक्षण गर्दा अनुसूची-५, व्यवसायिक बंगुर फार्म निरीक्षण गर्दा अनुसूची-६ बमोजिमका फारामहरु प्रयोग गर्नु पर्नेछ ।

(ग) पन्छी फर्म तथा ह्याचरीले पशु सेवा विभागबाट स्वीकृत ह्याचरी

तथा पोल्ट्री ब्रिडिंग फार्मको मापदण्ड, २०६२ अनुसार भए नभएको निरीक्षण गर्नु पर्नेछ । निरीक्षण गर्दा मापदण्डमा उल्लेखित जैविक सुरक्षा नअपनाएको भए मापदण्ड अनुसार गर्न म्याद तोक्न दस्तखत सुझाव दिनु पर्नेछ ।

(घ) पशु सेवा विभागबाट सिफारिसपत्र वा अनुमतिपत्र प्रदान गराएकोमा सो बमोजिम काम भए नभएको निरीक्षण गरी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ङ) कुनै पनि निजी फार्मले फार्म प्रयोजनको लागि बाहेक अन्य प्रयोजनको लागि खोप वा अन्य जैविक पदार्थ राखे नराखेको निरीक्षण गरी अभिलेख राख्नु पर्नेछ ।

(च) फार्मको प्रयोजनको लगि जैविक पदार्थ राख्नु पर्दा सो पदार्थको प्रकृति अनुसार उपयुक्त तापक्रममा भण्डार गर्ने व्यवस्था गरे नगरेको निरीक्षण गरी अभिलेख राख्नु पर्नेछ ।

(छ) पशुपन्छी फार्म वा ह्याचरी निरीक्षण गर्दा कुनै पशुपन्छीमा रोगको शंका भएमा रोगको प्रकृति हेरी उपयुक्त संख्यामा नमूना संकलन गरी परीक्षणको लागि तोकिएको प्रयोगशालामा पठाउनु पर्नेछ ।

(ज) पशुपन्छी फार्म वा ह्याचरीको निरीक्षण गर्दा कुनै पशुमा पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को अनुसूची-१० मा उल्लेखित कुनै संक्रामक रोग लागेको पाइएमा वा लाग्न सक्ने शंका लागेमा त्यस्तो पशुलाई प्रचलित नियमानुसार पशुको किसिम र रोगको प्रकृति हेरी छुट्टै राख्न वा विक्री बितरण गर्न रोक लगाई सोको जानकारी यथाशीघ्र पशु सेवा विभागलाई गराउनु पर्नेछ । साथै यस्ता पशुपन्छी वा संक्रमित वस्तुको उपयुक्त नमूना संकलन गरी तोकिएको प्रयोगशालामा परीक्षणको लागि सुरक्षित साथ पठाउनु पर्नेछ। परीक्षणको नतिजा प्राप्त भएपछि सम्बन्धित धनीलाई जानकारी गराउनु पर्नेछ ।

(झ) पशु पन्छी फार्म र ह्याचरी निरीक्षणका लागि भेटेरिनरी निरीक्षक उपलव्ध भएको अवस्थमा भेटेरिनरी निरिक्षकबाट र नभएको अवस्थामा

उपमहानगरपालिकाले तोकेको व्यक्ति वा शाखा प्रमुखले गर्ने ।

(घ) **पशु औषधि पसल, पशुपन्छी फार्म, ह्याचरी, मासुपसल, वधस्थल वधशाला, हाटबजारको तथ्यांक व्यवस्थापन :**

(क) भेटेरीनरी निरीक्षकले आफ्नो कार्य क्षेत्रमा अवस्थित पशुपन्छी औषधि पसल, पशुपन्छी फार्म, ह्याचरी, मासुपसल, बधस्थल, वधशाला र हाटबजारको तथ्यांक संकलन गरी सोको प्रतिवेदन विज्ञ केन्द्रमा पठाउने ।

(ख) पशु औषधि पसल, पशुपन्छी फार्म, ह्याचरी, मासु पसल, वधस्थल वधशाला, हाटबजारको तथ्यांक व्यवस्थापन निरीक्षणका लागि भेटेरिनरी निरीक्षक उपलव्ध भएको अवस्थमा भेटेरिनरी निरीक्षकबाट र नभएको अवस्थामा उपमहानगरपालिकाले तोकेको व्यक्ति वा शाखा प्रमुखले गर्ने ।

(४) **भेटेरीनरी नियमन, सिफारिस तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन :**

(क) भेटेरीनरी निरीक्षकले एन्टीवायोटिक्स (ड्रग) रिसड्यू, एन्टीवायोटिक्स रेसिस्टेन्स, प्रुडेन्ट युज अफ एन्टीवायोटिक्स सम्वन्धीमा आफूलाई तोकिएको क्षेत्रमा कार्यरत पशु सेवाका प्राविधिकहरुसँग अन्तर्क्रिया गर्नु पर्नेछ ।

(ख) भेटेरीनरी निरीक्षकले भेटेरिनरी ऐन नियम, मापदण्ड, जुनोटिक रोग, पशु कल्याण सम्बन्धी चेतनामूलक कार्यक्रम संञ्चालन गर्नु पर्नेछ ।

(ग) भेटेरीनरी निरीक्षकले भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको समन्वयमा कार्य गर्नु पर्नेछ ।

(घ) भेटेरीनरी निरीक्षकले आफूलाई तोकिएको क्षेत्रमा पशु स्वास्थ्य प्रमाणिकरण गरी सोको चौमासिक विवरण पशु सेवा विभागमा पठाउनु पर्नेछ ।

(ङ) पशु औषधि पसल, पशुपन्छी फार्म, ह्याचरी, मासु पसल, वधस्थल वधशाला, हाटबजारको तथ्यांक व्यवस्थापनका लागि भेटेरिनरी निरीक्षक उपलव्ध भएको अवस्थमा भेटेरिनरी निरिक्षकबाट र नभएको अवस्थामा उपमहानगरपालिकाले तोकेको व्यक्ति वा शाखा प्रमुखले गर्ने ।

## अनुसूची-१

**भेटेरीनरी निरीक्षकले पहिलो पटक भेटेरीनरी औषधि पसल निरीक्षको फाराम**

१. औषधि पसलको नाम र ठेगाना :

२. औषधि पसलको नाम (बोर्डमा लेखेको) र इजाजत पत्रको नाम मिले/नमिलेको :

३. दर्ता भएको कार्यालयको नाम :

इजाजत पत्र दर्ता नम्बर :

दर्ता मिति :

म्याद समाप्त हुने मिति :

४. औषधि पसल धनीको नाम :

५. निजको शैक्षिक योग्यता :

औषधि विक्री सम्बन्धी तालिम :

६. औषधि बिक्री गर्न सहयोग गर्नेको :

नाम, थर :

शैक्षिक योग्यता :

तालिम :

७. विषादी र भेटेरीनरी औषधि एउटै पसलमा राखेर नराखेको :

८. म्याद नाघेको औषधि विक्री कक्षभित्र राखे/नराखेको :

९. म्याद नाघेको औषधि पाइएको भए के के भेटाएको ? त्यसको नाम र उत्पादकको नाम, ठेगाना :

१०. पशु औषधि वा खोप वा जैविक पदार्थ आधिकारिक व्यक्तिबाट मात्र पसल दर्ता भएको पसलबाट विक्री वितरण गरे/नगरेको :

११. कानून अनुसार दर्ता नभएको औषधि पसलमा भए/नभएको

१२. कानून अनुसार दर्ता नभएको औषधि पसलमा भेटिएको भए के के भेटिएको ? तिनीहरुको नाम, कम्पोजिसन, परिमाण र उत्पादकको नाम, ठेगाना :

१३. म्याद नाघेको औषधि अलग राख्ने तरीका बारे जानकारी भए/नभएको :

१४. यदि यसबारे जानकारी भएमा सही तरीकाबाट राखी Settlement

को लागि कारवाही गरेको प्रमाण भए/नभएको :

१५. औषधि पसलमा भेटेरीनरी खोप वा जैविक पदार्थ राखे/नराखेको :

१६. यदि खोप, जैविक पदार्थ राखेको भए के के खोप, जैविक पदार्थ कसरी राखेको छ ?

१७. रेफ्रिजेरेटर सञ्चालन समय :

१८. जेनरेटर भए वा अन्य विद्युत आपूर्ति व्यवस्था भए नभएको (भएको अवस्थामा विवरण उल्लेख गर्ने)

१९. म्याद नाघेको खोप वा जैविक पदार्थ भेटे/नभेटेको :

२०. म्याद नाघेको औषधि, खोप वा जैविक पदार्थ भेटिएको भए सोको लागि गराएको कार्वाही :

२१. निरीक्षणको क्रममा पसल धनी/बिक्रेतालाई दिएको सुझावहरु :

२२. भेटेरीनरी निरीक्षकको टिप्पणी

**भेटेरीनरी निरीक्षकको**

नाम थर :

दस्तखत :

मिति :

# अनुसूची-२

## एक पटक निरीक्षण गरिसकेको भेटेरीनरी औषधि पसल निरीक्षण गर्दा प्रयोग गरिने फाराम

एक पटक निरीक्षण भै सकेको भेटेरीनरी औषधि पसल निरीक्षण गर्दा तल उल्लेख भए अनुसारको चेकलिष्टमा आधारित विषयवस्तुको विवरण लिनु पर्नेछ ।

१. औषधि पसलको नाम र ठेगाना :
२. दर्ता भएको कार्यालयको नाम :
३. इजाजतपत्र दर्ता नम्बर :
४. दर्ता मिति :
५. म्याद समाप्त हुने मिति :
६. पशु औषधि वा खोप वा जैविक पदार्थ आधिकारिक व्यक्तिबाट मासु पसल दर्ता भएको पसलबाट बिक्री वितरण गरे/नगरेको :
७. विषादी र भेटेरिनरी औषधि एउटै पसलमा राखे/नराखेको :
८. म्याद नाघेको औषधि विक्री कक्षभित्र राखे/नराखेको :
९. म्याद नाघेको औषधि पाइएको भए सोको नाम र उत्पादकको नाम, ठेगाना :
१०. नियमानुसार दर्ता नभएको औषधि पसलमा भए/नभएको :
११. नियमानुसार दर्ता नभएको औषधि पसलमा भेटिएमा सोको नाम र उत्पादकको नाम, ठेगाना :
१२. म्याद नाघेको औषधि अलग राख्ने तरीका बारे जानकारी भए/नभएको :
१३. यसबारे जानकारी भएमा सही तरिकाबाट राखी नष्ट गर्ने कारवाही गरेको प्रमाण :
१४. औषधि पसलमा भेटेरीनरी खोप वा जैविक पदार्थ राखे/नराखेको :
१५. यदि खोप वा जैविक पदार्थ राखेको भए के के खोप वा जैविक पदार्य कसरी राखेको छ ?

१६. रेफ्रिजेरेटर सञ्चालन समय :

१७. जेनरेटर भएरवा अन्य वस्तु आपूर्ति ब्यवस्था भए नभएको (भएको अवस्थामा विवरण उल्लेख गर्ने)

१८. म्याद नाघेको खोप, जैविक पदार्थ भेटे/नभेटेको : (भेटिएको अवस्थामा विवरण उल्लेख गर्ने)

१९. म्याद नाघेको औषधि, खोप वा जैविक पदार्थ भेटिएको भए सोको लागि गरिएको कारवाही :

२०. निरीक्षणको क्रममा पसल धनी/विक्रीकर्तालाई दिएको सुझावहरु :

२१. भेटेरिनरी निरीक्षकको टिप्पणी

**भेटेरिनरी निरीक्षकको**

नाम थर :

दस्तखत :

मिति :

अनुसूची- ३

**व्यवसायिक माउ (Parent) पोल्ट्री ब्रिडिङ्ग फार्म र ह्याचरी निरीक्षण गर्दा प्रयोग गर्ने फाराम**

१. फार्मको नाम र ठेगाना :

२. स्थापना मिति :

३. फार्म धनीको नाम र ठेगाना :

४. फार्मको क्षमता (वर्ग फिट) : प्रयोग भएको खाली

५. पोल्ट्रीको जात :

६. आयात गरेको विवरण : भाले संख्या : पोथी संख्या :

आयात गरेको देशको नाम :

आयात गरेको फार्मको नाम ठेगाना :

७. हालको पोल्ट्री विवरण :

उमेर भाले पोथी

कूल प्रति हप्ता अण्डा उत्पादन :

क) ०-८ हप्ताको (ख) ९-२० हप्ताको (ग) २१-४८ हप्ताको

घ) ४९-७२ हप्ताको :

८. प्रति हप्ता चल्ला उत्पादन संख्या :

९. चल्ला मृत्यु दर %

१०. खोप तालिका भए/नभएको :

११. कुन कुन खोप लगाएको (रेकर्डवाट नोट गर्ने)

१२. कुल अण्डा उत्पादन र वर्ष :

१३. इन्कुवेटरको क्षमता :

१४. वार्षिक अण्डा सेटिङ संख्या :

१५. प्रजनन प्रतिशत (Fertility%)

१६. ह्याचाविलिटी (चल्ला उत्पादन) %

१७. ह्याचरीको क्षमता :

१८. जैविक सुरक्षा सम्वन्धी व्यवस्थाः

क) बार वन्देज, गेट भए/नभएको

ख) वाहिरी जनावर, चरा पन्छीभित्र पस्नवाट रोक्ने व्यवस्था भए/नभएको

ग) गेटमा खुट्टा सफा निःसंक्रमण गर्ने व्यवस्था भए/नभएको

घ) निःसंक्रमण तालिका भए/नभएको

ङ) फाहोर फ्याक्ने ढल र मरेको चल्ला गाडने व्यवस्था भए/नभएको

च) निःसंक्रमण गर्ने तरिका

छ) आगन्तुक र कर्मचारीहरुको सरसफाई व्यवस्था

१९. ह्याचिङ अण्डाको स्वस्थता र ढुवानीको व्यवस्था राम्रो/सन्तोषजनक/वेठीक

२०. दाना भण्डारण व्यवस्था राम्रो/ठीकै/नराम्रो

२१. खोप तथा औषधि भण्डारण सम्वन्धी व्यवस्था :

२२. रोग सम्वन्धी विवरण

क) निरीक्षणको क्रममा रोगी र शंकास्पद पोल्ट्रीको संख्याः

ख) एभिएन इन्फ्लुएन्जा र माइकोप्लाज्मा वा अन्य कुनै संक्रामक रोगको शंका भए/नभएको

ग) रोगी पोल्ट्री छुट्याई राख्ने व्यवस्था भए/नभएको

घ) पोल्ट्री व्रिडिङ्ग फार्म र ह्याचरीमा साल्मोनेला रोगको अनुगमन प्रणाली भए/नभएको भएको भए अध्यावधिक रेकर्ड राखिएको/नराखिएको ।

ङ) प्रचलित मापदण्ड वमोजिम नमूना संकलन गरे/नगरेको

च) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षणको लागी पठाइएको

छ) फार्म र ह्याचरीमा प्राइभेट पशु चिकित्सक भए/नभएको

२३. भेटेरिनरी निरीक्षकको टिप्पणी

**भेटेरिनरी निरीक्षकको**

नाम थर :

दस्तखत :

मिति :

अनुसूची-४

## ब्रोइलर पोल्ट्री फार्म निरीक्षण गर्दा प्रयोग गर्ने फाराम

१. फार्मको नाम र ठेगाना :

२. स्थापना मिति :

३. फार्म धनीको नाम र ठेगाना :

४. फार्मको क्षमता (वर्ग फिट) :

५. पोल्ट्रीको जात :

६. चल्ला किनेको फार्मको नाम :

७. बथानको विवरण : संख्याः

 ०-४ हप्ताको

 ५-८ हप्ताको

८. चल्लाको मृत्यु दर %

९. कुन-कुन रोग विरुद्ध खोप लगाएको रु..........(रेकर्ड अनुसार नोट गर्ने)

१०. सरदर विक्री गर्ने तौल (के.जी.)

११. सरदर विक्री गने उमेर (हप्तामा)

१२. जैविक सुरक्षा सम्वन्धी व्यवस्था

 क) बार वन्देज, गेट भए/नभएको

 ख) वाहरी जनावर, चरा पन्छीभित्र पस्नबाट रोक्ने व्यवस्था भए/नभएको

 ग) गेटमा खुट्टा सफा निःसंक्रमण गर्ने व्यवस्था भए/नभएको

 घ) निःसंक्रमण तालिका भए/नभएको

 ङ) फोहोर फ्याक्ने ढल र मरेको चल्ला गाडने व्यवस्था भए/नभएको

 च) निःसंक्रमण गर्ने तरिका :

 छ) आगन्तुक र कर्मचारीहरुको सरसफाई व्यवस्था :

१३. दाना भण्डाण व्यवस्था :

 राम्रो ठीकै नराम्रो

१४. खोप तथा औषधिको भण्डारण सम्वन्धी व्यवस्था :

१५. रोग सम्वन्धी विवरण :

क) निरीक्षणको समयमा रोगी संकास्पद पोल्ट्रीको संख्या :

ख) एभिएन इन्फ्लुएन्जा र माइकोप्लाज्मा वा अन्य कुनै संक्रामक रोगको शंका भए/नभएको :

ग) रोगी पोल्ट्री छुट्याई राख्ने व्यवस्था भए/नभएको :

घ) पोल्ट्री ब्रिडिङ फार्म र ह्याचरीमा साल्मोनेला रोगको अनुगमन प्रणाली भए/नभएको, भएको भए अध्यावधिक रेकर्ड राखिएको/नराखिएको :

ङ) प्रचलित मापदण्ड वमोजिम नमूना संकलन गरे/नगरेको :

च) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षणको लागि पठाइएको :

छ) फार्म र ह्याचरीमा प्राइभेट पशु चिकित्सक भए/नभएको :

१६. भेटेरीनरी निरीक्षकको टिप्पणी

**भेटेरीनरी निरीक्षकको**

नाम थर :

दस्तखत :

मिति :

अनुसूची-५

## व्यवसायीक लेयर्स पोल्ट्री फार्म निरीक्षण गर्दा प्रयोग गर्नु पर्ने फारामको नमूना

१. फार्मको नाम र ठेगाना :

२. स्थापना मिति :

३. फर्म धनीको नाम र ठेगाना :

४. फार्मको क्षमता (वर्ग फिट) :

५. पोल्ट्रीको जात :

६. चल्ला किनेको फार्मको नाम :

७. हालको पोल्ट्री विवरण :

उमेर भाले पोल्ट्री :

क) ०-८ हप्ता (ख) ९-२० हप्ता (ग) २१-४८ हप्ता

घ) ४९-७२ हप्ता

कूल कुन

प्रति हप्ता अण्डा उत्पादन

८. चल्ला मृत्यु दर %

९. कुन रोग विरुद्ध खोप लगाएको रु. (रेकर्ड अनुसार नोट गर्ने)

१०. खोप तालिका भए/नभएको

११. कुन-कुन खोप लगाएको (रेकर्डबाट नोट गर्ने)

१२. कुल अण्डा उत्पादन र वर्ष

१३. जैविक सुरक्षा सम्वन्धी व्यवस्था :

क) बार वन्देज, गेट भए/नभएको

ख) वाहिरी जनावर, चरा पन्छीभित्र पस्नबाट रोक्ने व्यवस्था भए/नभएको

ग) गेटमा खुट्टा सफा निःसंक्रमण गर्ने व्यवस्था भए/नभएको

घ) निःसंक्रमण तालिका भए/नभएको

ङ) फाहोर फ्याक्ने ढल र मरेको चल्ला गाडने व्यवस्था भए/नभएको

च) निःसंक्रमण गर्ने तरिकाः

छ) आगन्तुक र कर्मचारीहरुको सरसफाई व्यवस्था

१४. दाना भण्डारण व्यवस्था : राम्रो ठीकै नराम्रो

१५. विक्री गर्ने उमेर :

१६. खोप तथा औषधिको भण्डारण सम्वन्धी व्यवस्था :

१७. रोग सम्वन्धी विवरण :

क) निरीक्षणको समयमा रोगी संकास्पद पोल्ट्रीको संख्या

ख) एभिएन इन्फ्लुएन्जा र माइकोप्लाज्मा वा अन्य कुनै संक्रामक रोगको शंका भए/नभएको

ग) रोगी पोल्ट्री छुट्याई राख्ने व्यवस्था भए/नभएको

घ) पोल्ट्री ब्रिडिङ्ग फार्म र ह्याचरीमा साल्मोनेला रोगको अनुगमन प्रणाली भए/नभएको, भएको भए अध्यावधिक रेकर्ड राखिएको/नराखिएको

ङ) प्रचलित मापदण्ड बमोजिम नमूना संकलन गरे/नगरेको

च) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षण लागि पठाइएको

छ) फार्म र ह्याचरीमा प्राइभेट पशु चिकित्सक भए/नभएको

१८. भेटेरीनरी निरीक्षकको टिप्पणी

**भेटेरिनरी निरीक्षकको :**

नाम थापा :

दस्तखत :

मिति :

## अनुसूची-६

## व्यवसायिक बंगुर फार्म निरीक्षण अनुगमन गर्दा प्रयोग गर्नु पर्ने फारामको नमूना

१. फार्मको नाम र ठेगाना :

२. स्थापना मिति :

३. फार्म धनीको नाम र ठेगाना :

४. बंगुरको जात :

५. जैविक सुरक्षा सम्वन्धी व्यवस्था :

क) बार वन्देज, गेट भए/नभएको

ख) वाहिरी जनावर, चरा पन्छीभित्र पस्नबाट रोक्ने व्यवस्था भए/नभएको

ग) गेटमा खुट्टा सफा निःसंक्रमण गर्ने व्यवस्था भए/नभएको

घ) निःसंक्रमण तालिका भए/नभएको

ङ) फोहोर फ्याक्ने ढल र मरेको बंगुर गाडने व्यवस्था भए/नभएको

च) निःसंक्रमण गर्ने तरिका :

छ) आगन्तुक र कर्मचारीहरुको सरसफाई व्यवस्था :

६. रोग सम्वन्धी विवरण :

क) निरीक्षणको समयमा रोगी संकास्पद पशुको संख्याः

ख) स्वाइन फिभर र खोरेत रोगको शंका भए/नभएको

ग) रोगी लाई छुट्याई राख्ने व्यवस्था भए/नभएको

घ) नमूना संकलन गरे/नगरेको

च) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षणको लागी पठाइएको

छ) फार्ममा प्राइभेट पशु चिकित्सक भए/नभएको

७. प्रजननको लागि पालिएका बंगुर संख्या (वर्षको शुरुमा र बर्षको अन्त्यको Herd Composition)

क) माउ संख्या : ............

ख) भूनी संख्या : ............

ग) भाले संख्या :............

घ) पाठा-पाठी संख्या : …………

८. भैरहेका पूर्वाधारहरुमा बंगुर राख्न सकिने संख्या :

क) माउ संख्या : …………(ख) भूनी संख्या :…………

ग) भाले संख्या :…………(घ) पाठा-पाठी संख्या :…………

९. प्रतिमाउ प्रति वर्ष व्याउने पटक (Litter Index):

१०. प्रति वेतमा जीवित र मृत जन्मेका पाठा-पाठी संख्या :

११. जन्मेका पाठा-पाठीको औषत तौल (के. जी.) :

१२. प्रथम पटक वाली लाग्ने उमेर (दिनमा) तौल (के. जी.)

१३. बालि गए पछि उल्टने प्रतिशत :…………

१४. खोप तथा औषधिको भण्डारण सम्वन्धी व्यवस्था :

१५. प्रतिरोधात्मक र उपचारको कार्यतालिका भए/नभएको :

१६. भेटेरीनरी निरीक्षकको टिप्पणी :

भेटेरीनरी निरीक्षकको :

नाम थर :

दस्तखत :

मिति :

अनुसुची-७

**घोराही उपमहानगरपलिका**

**नगर कार्यपालिका कार्याल**

**पशु सेवा शाखा**

**मासु पसल अनुगमन फाराम**

मासु पसलको नाम श्री प्रोपराइटर
ठेगाना फोन न

घोराही उपमहानगरपालिका पशु सेवा शाखाको आ.व. .............को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नगर कार्यपालिका कार्यपालिका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा खटिई गएको अनुगमन टोलीबाट डेरी पसल, मासु पसल, वधस्थल/फर्मको निरीक्षण गर्दा निम्न अनुरुपको स्थिति भेटिएकाले देहाय अनुसार गर्नु गराउनु हुन निर्देशन दिइएको छ।

| कस | विवरण | छ | छैन | सुझाव |
|---|---|---|---|---|
| १ | दर्ता तथा नविकरण | | | |
| २ | स्थाइ लेखा नम्वर | | | |
| ३ | मुल्य सुची | | | |
| ४ | खरिद तथा विक्रीको मुल्य दुरुष्त | | | |
| ५ | डिजिटल तराजु | | | |
| ६ | विक्री गर्न राखीएको मासु(राँगा खसी वंगुर माछा) | | | |
| ७ | मासु पसल मै पशु पन्छी वध गरिन्छ । | | | |
| ८ | पसलमा तालिम प्राप्त कामदार | | | |
| ९ | वध गर्नु अघी वा पछी स्वास्थ परिक्षण गरिन्छ | | | |
| १० | मासु काट्ने जोख्ने राख्न प्रयोग हुने औजार स्टीलको | | | |
| ११ | पसलवाट निस्केको फोहर तह लगाउने व्यवस्था | | | |
| १२ | पसलमा डिप फ्रीज रहेको छ । | | | |
| १३ | भित्र्यांस र मासु एकै ठाउ छ । | | | |
| १४ | मासु विक्रेताको हातमा पन्जा छ | | | |
| १५ | कुनै निर्देशन पालना गर्नुपर्ने भए समयावधि | | | |
| १६ | यस अघिको निर्देशनको अवस्था | | | |
| १७ | अन्य कैफियत पुर्ण स्थिती खुलाउने । | | | |

........................................

उत्पादक/विक्रेताको नाम र सही
संस्थाको छाप

१ संयोजक श्री
२ सदस्य श्री
३ सदस्य श्री
४ सदस्य श्री
५ सदस्य श्री
६ सदस्य श्री
७ सदस्य श्री

अनुसूची-८

## घोराही उपमहानगरपलिका
## नगर कार्यपालिका कार्यालय
## पशु सेवा शाखा
## डेरी पसल अनुगमन फारम

डेरी पसलको नाम श्री प्रोपराइटर

ठेगाना फोन न

घोराही उपमहानगरपालिका पशु सेवा शाखाको आ.व...........को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नगर कार्यपालिका कार्यपालिका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा खटिई गएको अनुगमन टोलीबाट डेरी पसल, मासु पसल, वधस्थल/फर्मको निरीक्षण गर्दा निम्न अनुरुपको स्थिति भेटिएकाले देहाय अनुसार गर्नु गराउनु हुन निर्देशन दिइएको छ ।

| कस | विवरण | छ | छैन | सुझाव |
|---|---|---|---|---|
| १ | पसल दर्ता तथा नविकरण | | | |
| २ | स्थाइ लेखा नम्वर | | | |
| ३ | मुल्य सुची | | | |
| ४ | खरिद तथा विक्रीको विल दुरुस्त | | | |
| ५ | पसलमा तालिम प्राप्त कामदार | | | |
| ६ | दुध तथा दुग्ध पदार्थ परिक्षण सामाग्रीहरु | | | |
| ७ | दुध तथा दुग्धजन्य पदार्थ दैनिक परिक्षण | | | |
| ८ | पाश्चुराइज्ड दुध विक्री भैराखेको छ | | | |
| ९ | दुध वा दुग्धजन्य पदार्थ प्याकिंग गरेर वेच्ने गरेको | | | |
| १० | उद्योगवाट निश्केको पदार्थ तह लगाउनु भएको | | | |
| ११ | डिजिटल तराजु राखेको | | | |
| १२ | दुग्ध जन्य पदार्थमा उत्पादन मिति राखेको | | | |
| १३ | भाडा वर्तन प्लाष्टिकको | | | |
| १४ | अघिल्लो पटक दिएको निर्देशनको पालना | | | |
| १५ | अन्य कैफियत खुलाउने | | | |

.........................................

उत्पादक/विक्रेताको नाम र सही

संस्थाको छाप

१ संयोजक श्री
२ सदस्य श्री
३ सदस्य श्री
४ सदस्य श्री
५ सदस्य श्री
६ सदस्य श्री
७ सदस्य श्री
८ सदस्य श्री

## २.७ खोप कार्यक्रम

### २.७.१ खोरेत खोप अभियान

रोग लागि उपचार गर्नुभन्दा रोग लाग्न नदिनु उपयुक्त हो । कृषकहरुले आफूले गरेको पशुपालन फार्ममा नियमित खोप लगाएमा आफ्ना पशुको मृत्युबाट हुने नोक्सान कम गर्न सक्छन । वर्षेनी खोरेत रोग गाई, भैंसी तथा बंगुरमा महामारीको रुपमा फैलिई उत्पादन तथा उत्पादकत्वमा असर गरी कृषकलाइ ठूलो आर्थिक नोक्सनी गरेको देखिन्छ । अतः यो रोगको रोकथाम तथा व्यवस्थापनका लागि यो कार्यविधि लागु गरिएको छ ।

**कार्यविधि**

१. खोरेत खोप अभियान पहिलो वा तेश्रो चौमासिकमा गरिने छ ।
२. राष्ट्रिय खोरेत रोग नियन्त्रण कार्यक्रम वाट निःशुल्क खोरेत रोग विरुद्धको भ्याक्सिन सम्वन्धित निकायमा माग गरिने छ र निःशुल्क उपलव्ध भएमा भ्याक्सीनेसन कार्य गरिनेछ । माग वमोजिम उक्त भ्याक्सिन उपलव्ध हुन नसकेको अवस्थामा पशु सेवा शाखाबाट खरीद गरी लगाउने व्वस्था मिलाइनेछ ।
३. भ्याक्सीनेसन गर्न सर्वप्रथम भ्याक्सीनेटरको (ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, निजीस्तरमा कार्यरत भटेरीनरी जेटी/जेटिए, निजीस्तरमा कार्यरत पशु स्वास्थ्य प्राविधिक तथा पशु चिकित्सक र आवश्यक परेको अवस्थामा सरकारी सेवामा रहेका प्राविधिकहरु) नियुक्त गरी काममा लगाउनु पर्नेछ ।
४. भ्याक्सीनेटर नियुक्त गर्दा पशुको संख्या तथा क्षेत्रफलका आधारमा जानकारी गराइनेछ । खोप तालिका र स्थान स्थानीय सञ्चार माध्ययममा सार्वजनिक गरिने छ ।
५. खोप लगाउनुपूर्व स्थानीय निकाय, पशुपालक कृषकर समूह/सहकारीहरुलाई ३ दिन अगावै पत्रमार्फत सूचना दिने ।
६. खोप लगाउने दिन भ्याक्सीनेटरहरु वरफमा स्टोर गरेको भ्याक्सीन लिएर खोप लगाउने स्थानमा गई खोप लगाउने ।
७. खोप लगाउनको लागि अटोमेटिक सिरिन्ज वा साधारण सिरिन्जको प्रयोग

गर्न सकिनेछ । जुनसुकै सिरिन्ज प्रयोग गरे पनि प्रत्येक जनावरको लागि छुट्टाछुट्टै निडिल प्रयोग गर्नु पर्नेछ । साधारण सिरिन्ज प्रयोग भएको अवस्थामा प्रत्येक पशुको लागि छुट्टाछुट्टै सिरिन्ज निडिलको प्रयोग गर्नु पर्नेछ ।

८. खोप खरीददेखि लगाउने समयसम्म कोल्ड चेन (Cold chain) को व्यवस्था गर्नु पर्नेछ ।

९. खोप कार्यक्रम सम्पन्न भएपश्चात भ्याक्सीनेटरबाट लगाएको खोपको परिमाण अनुसार तोकिएको दर अनुसार भ्याक्सीनेटरलाई भुक्तानी दिने । भुक्तानी दिंदा कुनै पनि खालको कर समावेश गरिने छैन ।

१०.खोप लगाइएको विवरण भ्याक्सीनेटरले अनुसूची-१ अनुसारको फाराम भरी स्थानीय जनप्रतिनिधि वा कर्मचारीबाट प्रमाणित गराई विवरण पठाउने ।

११. खोप कार्यक्रम समाप्त भएको १ हप्ताभित्र खोपको प्रभावकारिताका लागि विज्ञ केन्द्रलाइ अनुरोध गर्ने ।

**२.७.२ पिपआर खोप अभियान**

नेपालमा पि.पि.आर. रोगको प्रकोपका कारण वर्षेनी धेरै संख्यामा भेंडा बाखाहरु प्रभावित भई कृषकहरुले ठूलो आर्थिक क्षति व्यहोर्दै आएका छन् तथा देशमा आवश्यक मासुको आपूर्तिको लागि विदेशबाट समेत खसी-बोकाहरु आयात गर्नु परिरहेको छ । यस रोगको नियन्त्रणबाट भेंडा बाखाहरुको स्वास्थ्य सम्वर्द्धनमा टेवा पुग्ने, मासु उत्पादनमा मुलुक आत्मनिर्भर हुने र राष्ट्रिय अर्थतन्त्रमा परेको नकारात्मक प्रभाव हट्ने भएकोले स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय पि.पि.आर. रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन गर्न यो कार्यविधि तयार गरिएको छ ।

**पि.पि.आर. रोग नियन्त्रण कार्यक्रमको उद्देश्य :**

१) पि.पि.आर. रोग विरुद्ध खोप कार्य सञ्चालन गरी रोगका कारण पशुजन्य उत्पादनमा हुने गरेको क्षतिलाई न्यूनीकरण गर्ने ।

२) पि.पि.आर. रोग देखा परेको अवस्थामा तत्काल रोग निदान तथा नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने ।

३) पि.पि.आर. रोगको महामारी अन्यत्र फैलन नदिने तथा रोग नियन्त्रण कार्यमा स्थानीय तहका सरोकारवालाहरुलाई समन्वयात्मक रुपमा परिचालन

गर्ने, गराउने ।

४) पि.पि.आर. रोग नियन्त्रण गर्न जनचेतनामूलक सामग्री तयार गरी सुशोचित गर्ने ।

**कार्यविधि**

१. पिपिआर खोप अभियान पहिलो वा तेश्रो चौमासिकमा गरिने छ ।

२. राष्ट्रिय पिपिआर रोग नियन्त्रण कार्यक्रमबाट निःशुल्क पिपिआर रोगका भ्याक्सिन उपलब्ध गराउन सम्वन्धित निकायमा माग गरिने छ र निःशुल्क उपलब्ध भएमा भ्याक्सीनेसन कार्य गरिनेछ । माग बमोजिम उक्त भ्याक्सिन उपलब्ध हुन नसकेको अवस्थामा पशु सेवा शाखाबाट पिपिआर खोप खरीद गरी लगाउने व्वस्था मिलाइनेछ ।

३. भ्याक्सीनेसन गर्न सर्वप्रथम भ्याक्सीनेटरको (ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, निजीस्तरमा कार्यरत भटेरीनरी जेटी/जेटिए, निजीस्तरमा कार्यरत पशु स्वास्थ्य प्राविधिक तथा पशु चिकित्सक र आवश्यक परेको अवस्थामा सरकारी सेवामा रहेका प्राववधिकहरु) नियुक्त गरी काममा लगाउनु पर्नेछ ।

४. भ्याक्सीनेटर नियूक्त गर्दा पशुको संख्या तथा क्षेत्रफलका आधारमा गरिने छ । भ्याक्सिनेटर नियुक्ति गरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाइ जानकारी दिनु पर्नेछ र उक्त केन्द्रसँग समन्वय गरी खोप तालिका र स्थान स्थानीय सञ्चार माध्यममार्फत सार्वजनिक गरिने छ ।

५. खोप लगाउनुपूर्व स्थानीय निकाय, पशुपालक कृषक/समूह/सहकारीहरुलाई ३ दिन अगावै पत्र वा फोनमार्फत सूचना दिने ।

६. खोप लगाउने दिन भ्याक्सीनेटरहरु वरफमा स्टोर गरेको भ्याक्सीन लिएर तोकिएको खोप केन्द्रमा गई खोप लगाउनु पर्नेछ ।

७. खोप लगाउनको लागि अटोमेटिक सिरिन्ज वा साधारण सिरिन्जको प्रयोग गर्न सकिनेछ । जुनसुकै सिरिन्ज प्रयोग गरे पनि एक गोठका वढीमा प्रति १० जनावर वा सो भन्दा कम भएमा प्रति गोठको लागि छुट्टाछुट्टै निडिलको प्रयोग गर्नु पर्नेछ । साधारण सिरिन्ज प्रयोग भएको अवस्थामा प्रति ३० जनावरको लागि एक सिरिन्जको प्रयोग गर्नु पर्नेछ ।

८. खोप खरीददेखि लगाउने समयसम्म कोल्ड चेन (Cold chain) को

व्यवस्था गर्नु पर्नेछ ।

९. खोप कार्यक्रम सम्पन्न भएपश्चात भ्याक्सीनेटरबाट लगाएको खोपको परिमाण अनुसार तोकिएको दर अनुसार भ्याक्सीनेटरलाई भुक्तानी दिने । भुक्तानी दिदा कुनै पनि खालको कर समावेश गरिने छैन ।

१०. खोप लगाइएको विवरण भ्याक्सीनेटरले अनुसूची-२ अनुसारको फाराममा भरी स्थानीय जनप्रतिनिधि वा कर्मचारीबाट प्रमाणित गराई विवरण भरी पशु सेवा शाखामा पठाउनु पर्नेछ ।

११. खोप कार्यक्रम समाप्त भएको १ हप्ताभित्र खोपको प्रभावकारिताका लागि पशु सेवा शाखाले विज्ञ केन्द्रलाइ अनुरोध गर्ने ।

**२.७.३ स्वाइन फिवर खोप कार्यक्रम**

क्लासिकल स्वाइन फिभररबंगुरको हैजाको प्रकोपका कारण नेपालमा वर्षेनी धेरै संख्यामा सुँगुर, बंगुरहरु प्रभावित भई ठूलो आर्थिक क्षति हुने गरेकोछ । सुाँगुर, बंगुर, बँदेल आदिमा यस रोगको नियन्त्रण पशुवस्तुको स्वास्थ्य सम्बर्द्धन भई मासु उत्पादनमा सहयोग पुग्नुका साथै राष्ट्रिय अर्यतन्त्रमा समेत सकारात्मक प्रभाव पर्ने भएकोले स्वीकृत वार्षिक कार्यक्रम अनुसार क्लासिकल स्वाइन फिवर रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन गर्न यो कार्यविध तयार पारिएको छ ।

**२.७.३.१ स्वाइन फिभर रोग नियन्त्रण कार्यक्रमको उद्देश्य :**

(१) क्लासिकल स्वाइन फिभर रोग विरुद्ध खोप कार्य सञ्चालन गरी रोगका कारण पशुजन्य उत्पादनमा हुने गरेको क्षतिलाई न्यूनीकरण गर्ने ।

(२) क्लासिकल स्वाइन फिभर रोगको महामारी अन्यत्र फैलन नदिन तथा रोग नियन्त्रण कार्यमा स्थानिय तहका सरोकारवालाहरुलाई समन्वयात्मक रुपमा परिचालन गर्ने, गराउने ।

(३) खोप लगाइएका पशुमा खोपले दिएको प्रतिरोधात्मक क्षमता अनुगमन गर्ने ।

(४) क्लासिकल स्वाइन फिभर रोग नियन्त्रण गर्न जनचेतनामूलक सामग्री तयार गरी सुसोचित गर्ने ।

कार्यविधि

१. क्लासिकल स्वाइन फिवर खोप अभियान दोश्रो वा तेश्रो चौमासिकमा गरिने छ ।

२. राष्ट्रिय क्लासिकल स्वाइन फिवर रोग नियन्त्रण कार्यक्रमबाट निःशुल्क क्लासिकल स्वाइन फिवर रोग विरुद्धको भ्याक्सिन सम्वन्धित निकायमा माग गरिने छ  र निःशुल्क उपलव्ध भएमा भ्याक्सीनेसन कार्य गरिनेछ । माग बमोजिम उक्त भ्याक्सिन उपलव्ध हुन नसकेको अवस्थामा पशु सेवा शाखावाट खरीद गरी लगाइने व्वस्था गरिनेछ ।

३. भ्याक्सीनेसन गर्न सर्वप्रथम भ्याक्सीनेटरको (ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, निजीस्तरमा कार्यरत भटेरीनरी जेटी/जेटिए, निजीस्तरमा कार्यरत पशु स्वास्थ्य प्राविधिक तथा पशु चिकित्सक र आवश्यक परेको अवस्थामा सरकारी सेवामा रहेका प्राविधिकहरु) नियुक्त गरी काममा लगाउनु पर्नेछ ।

४. भ्याक्सीनेटर नियुक्त गर्दा पशुको संख्या तथा क्षेत्रफलका आधारमा गरिने छ । खोप तालिका र स्थान स्थानीय सञ्चार माध्यममार्फत सार्वजनिक गरिने छ ।

५. खोप लगाउनुपूर्व स्थानीय निकाय, पशुपालक कृषकर समूह/सहकारीहरुलाई ३ दिन अगावै पत्र तथा फोनमार्फत सूचना दिने ।

६. खोप लगाउने दिन भ्याक्सीनेटरहरु वरफमा स्टोर गरेको भ्याक्सीन लिएर खोप लगाउने स्थानमा गइ खोप लगाउने ।

७. खोप लगाउनको लागि अटोमेटिक सिरिन्ज वा साधारण सिरिन्जको प्रयोग गर्न सकिनेछ । जुनसुकै सिरिन्ज प्रयोग गरे पनि प्रति जनावरको लागि छुट्टाछुट्टै निडिलको प्रयोग गर्नु पर्नेछ। साधारण सिरिन्ज प्रयोग भएको अवस्थामा प्रति ५ जनावरको लागि एक सिरिन्जको प्रयोग गर्नु पर्नेछ ।

८. खोप खरीददेखि लगाउने समयसम्म कोल्ड चेन (Cold chain) को व्यवस्था गर्नु पर्नेछ ।

९. खोप कार्यक्रम सम्पन्न भएपश्चात भ्याक्सीनेटरबाट लगाएको खोपको परिमाण अनुसार तोकिएको दर अनुसार भ्याक्सीनेटरलाई भुक्तानी दिने । भुक्तानी दिदा कुनै पनि खालको कर समावेश गरिने छैन ।

१०.खोप लगाइएको विवरण भ्याक्सीनेटरले अनुसूची-३ अनुसारको फाराममा भरी स्थानीय जनप्रतिनिधि वा कर्मचारीबाट प्रमाणित गराई विवरण पठाउने ।

११. खोप कार्यक्रम समाप्त भएको १ हप्ताभित्र खोपको प्रभावकारिताका लागि विज्ञ केन्द्रलाइ अनुरोध गर्ने ।

**२.७.४ भ्यागुते र चरचरे रोग नियन्त्रण कार्यक्रम**

गाई भैंसीमा पास्चुरेला मल्टोसिडा र क्लोस्ट्रीडियम चौभाई नामक जीवाणुको कारणबाट लाग्ने भ्यागुते (एच.एस.) र चरचरे (वि.क्यू.) रोगहरु देखा परेमा गाई भैंसीलगायतका पशुहरुमा उच्च मृत्यु हुने तथा उत्पादनमा समेत ठूलो ह्रास हुने तथा नेपालमा वर्षेनी यो रोग देखा परिरहेको सन्दर्भमा यसको नियन्त्रणबाट पशुको स्वास्थ्य सम्वर्द्धना टेवा पुग्ने, दूध र मासु उत्पादनमा बृद्धि हुने भएकोले स्वीकृत वार्षिक कार्यक्रम अनुसार भ्यागुते र चरचरे रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन गर्न यो कार्यविधि तयार पारिएको छ ।

**२.७.५ भ्यागुते र चरचरे रोग नियन्त्रण काययक्रमको उद्देश्य :**

(१) भ्यागुते र चरचरे रोग विरुद्ध खोप कार्य सञ्चालन गरी रोगका कारण पशुजन्य उत्पादनमा हुने गरेको क्षतिलाई न्यूनीकरण गर्ने ।

(२) भ्यागुते र चरचरे रोग देखा परेको अवस्थामा तत्काल रोग निदान तथा नियन्त्रण कार्य सञ्चालन गर्ने ।

(३) भ्यागुते र चरचरे रोगको महामारी अन्य ठाउँमा फैलन नदिन तथा रोग नियन्त्रण कार्यमा स्थानीय तहका सरोकारवालाहरुलाई समन्वयात्मक रुपमा परिचालित गर्ने, गराउने ।

(४) भ्यागुते र चरचरे रोग नियन्त्रण गर्न जनचेतनामूलक सामग्री तयार गरी सुशोचित गर्ने ।

**कार्यविधि**

१. भ्यागुते चर्चरे खोप अभियान दोश्रो वा तेश्रो चौमासिकमा गरिने छ ।

२. भ्यागुते चर्चरे रोग नियन्त्रण कार्यक्रमबाट निःशुल्क भ्यागुते चर्चरे रोगका

भ्याक्सिन सम्बन्धित निकायमा माग गरिने छ र निःशुल्क उपलव्ध भएमा भ्याक्सीनेसन कार्य गरिनेछ । माग बमोजिम उक्त भ्याक्सिन उपलव्ध हुन नसकेको अवस्थामा पशु सेवा शाखाबाट खरीद गरी लगाउने व्यवस्था गरिनेछ ।

३. भ्याक्सीनेसन गर्न सर्वप्रथम भ्याक्सीनेटरको (ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, निजीस्तरमा कार्यरत भटेरीनरी जेटी/जेटिए, निजीस्तरमा कार्यरत पशु स्वास्थ्य प्राविधिक तथा पशु चिकित्सक र आवश्यक परेको अवस्थामा सरकारी सेवामा रहेका प्राववधिकहरु) नियुक्त गरी काममा लगाउनु पर्नेछ ।

४. भ्याक्सीनेटर नियुक्त गर्दा पशुको संख्या तथा ठाउँको क्षेत्रफलका आधारमा गरिने छ। खोप तालिका र स्थान स्थानीय सञ्चार माध्ययममार्फत सार्वजनिक गरिने छ ।

५. खोप लगाउनुपूर्व स्थानीय निकाय, पशुपालक कृषक/समूह/सहकारीहरुलाई ३ दिन अगावै पत्र वा फोनमार्फत सूचना दिने ।

६. खोप लगाउने दिन भ्याक्सीनेटरहरु लिएर सूचना अनुसार तोकिएको खोप लगाउने स्थानमा गई खोप लगाउने ।

७. खोप लगाउनको लागि अटोमेटिक सिरिन्ज वा साधारण सिरिन्जको प्रयोग गर्न सकिनेछ । जुनसुकै सिरिन्ज प्रयोग गरे पनि प्रति जनावरको लागि छुट्टाछुट्टै निडिलको प्रयोग गर्नु पर्नेछ। साधारण सिरिन्ज प्रयोग भएको अवस्थामा प्रति ३० जनावरको लागि एक सिरिन्जको प्रयोग गर्नु पर्नेछ ।

८. खोप कार्यक्रम सम्पन्न भएपश्चात भ्याक्सीनेटरबाट लगाएको खोपको परिमाण अनुसार तोकिएको दर अनुसार भ्याक्सीनेटरलाई भुक्तानी दिने । भुक्तानी दिंदा कुनै पनि खालको कर समावेश नगर्ने ।

९. खोप लगाइएको विवरण भ्याक्सीनेटरले अनुसूची-३ अनुसारको फर्मयाटमा भरी स्थानीय जनप्रतिनिधि वा कर्मचारीबाट प्रमाणित गराई विवरण पठाउने ।

१०. खोप कार्यक्रम समाप्त भएको १ हप्ताभित्र खोपको प्रभावकारिताका लागि विज्ञ केन्द्रलाइ अनुरोध गर्ने ।

**२.७.६ विभिन्न खोप कार्यक्रमको आर्थिक कार्यविधि :**

(१) खोरेत तथा एच एस वि क्यु खोप कार्य गर्दा प्रत्येक भ्यास्क्सनेटरलाई प्रति पशुलाई खोप लगाएवापत रु. १०।- का दरले सेवा शुल्क दिनु पर्नेछ ।

(२) पि.पि.आर. तथा क्लासिकल स्वाइन फिभर खोप कार्य गर्दा प्रत्येक भ्याक्सिनेटरलाई प्रतिगोटा खोप लगाएवापत रु. ५।- का दरले सेवा शुल्क दिनु पर्नेछ ।

(३) रानीखेत खोप कार्य गर्दा प्रत्येक भ्याक्सीनेटरलाई प्रतिगोटा खोप लगाएवापत रु. १।- का दरले सेवा शुल्क दिनु पर्नेछ ।

(४) भ्यास्क्सनेटरलाई सेवा शुल्क भुक्तानी दिंदा निजले के कति संख्यामा कुन-कुन क्षेत्र खोप गरेको हो सो ब्यहोरा सम्बन्धित स्थानीय तह वा वडा कार्यालयबाट प्रमाणित भएको हुनु पर्नेछ ।

अनुसूची-१

## घोराही उप-महानगरपालिका
## दाङ जिल्ला
## प्रदेश नं. ५, नेपाल
## रास्ष्र्रय खोरेत रोग धनयन्त्रर् काययक्रम
## खोरेत खोप विवरण
## आ.व. २०......../............

| क्रस | कृषकको नाम थर | वार्ड नं | भएको पशुसंख्या | | | | | | | खोप लगाएको पशु संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गाइ | भैसी | वाच्छा वाच्छी | पाडा पाडी | वंगुर | पाठा पाठी | जम्मा | गाइ | भैसी | वाच्छा वाच्छी | पाडा पाडी | वंगुर | पाठा पाठी | जम्मा |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

<table>
<tr><td rowspan="6">टोली प्रमुखको नाम<br>दस्तखत<br>भ्याक्सिनेसन गरेको व्यहोरा ठिक साँचो हो भनी प्रमाणीत गर्ने स्थानिय तह वार्डको प्रतिनिधिको<br>नाम पद<br>दस्तखत</td><td>भ्यक्सिनेटरको नाम</td><td>दस्तखत</td></tr>
<tr><td></td><td></td></tr>
<tr><td></td><td></td></tr>
<tr><td></td><td></td></tr>
<tr><td></td><td></td></tr>
<tr><td></td><td></td></tr>
</table>

६ महिना भन्दा कम उमेरका गाइ भैसीलाइ भ्याक्सिनेसन गर्नु पर्दैन ।

६ हप्ता भन्दा कम उमेरका वंगुरलाइ भ्याक्सिनेसन गर्नु पर्दैन ।

पशुहरुको भ्याक्सिनेसन नगरेता पनि प्रति फर्म पशुहरुको संख्या उल्लेख गर्नुहोला।

अनुसूची- २

**घोराही उप-महानगरपालिका**

**दाङ जिल्ला**

**प्रदेश नं. ..........., नेपाल**

**राष्ट्रिय पिपिआर रोग नियन्त्रण कार्यक्रम**

**पिपिआर खोप विवरण**

**आ.व. २०......../............**

<table>
<tr><td rowspan="2">क्रस</td><td rowspan="2">कृषकको नाम थर</td><td rowspan="2">वार्ड नं</td><td colspan="4">भएको वाखा संख्या</td><td colspan="3">खोप लगाएको वाखा संख्या</td></tr>
<tr><td>पाठा पाठी</td><td>पठेग्रा पठेग्री</td><td>वयस्क</td><td>जम्मा</td><td>पठेग्रा पठेग्री</td><td>वयस्क</td><td>जम्मा</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="8" rowspan="6">टोली प्रमुखको नाम<br>दस्तखत<br>भ्याक्सिनेसन गरेको व्यहोरा ठिक साँचो हो भनी प्रमाणीत गर्ने स्थानिय तह वार्डको प्रतिनिधिको<br>नाम पद<br>दस्तखत</td><td>भ्यक्सिनेटरको नाम</td><td>दस्तखत</td></tr>
<tr><td></td><td></td></tr>
<tr><td></td><td></td></tr>
<tr><td></td><td></td></tr>
<tr><td></td><td></td></tr>
<tr><td></td><td></td></tr>
</table>

३ महिना भन्दा कम उमेरका पाठापाठीलाइ भ्याक्सिनेसन गर्नु पर्दैन ।

६ हप्ता भन्दा कम उमेरका वंगुरलाइ भ्याक्सिनेसन गर्नु पर्दैन ।

पशुहरुको भ्याक्सिनेसन नगरेता पनि प्रति फर्म पशुहरुको संख्या उल्लेख गर्नुहोला।

पाठापाठी भन्नाले ३ महिना भन्दा कम उमेरका र पठेग्रा पठेग्री भन्नाले ३ महिना भन्दा माथीका उमेरलाइ तर भाले नलागेका पोथीहरु वा नचलेका भालेहरुलाइ संझनुपर्छ ।

## अनुसूची- ३
## घोराही उप-महानगरपालिका
## दाङ जिल्ला
## प्रदेश नं. ५, नेपाल
## क्लासिकल स्वाइन फिवर रोग नियन्त्रण कार्यक्रम
## क्लासिकल स्वाइन फिवर खोप विवरण
## आ.व. २०......../............

| क्र स | कृषकको नाम थर | वार्ड नं | भएको वंगुर संख्या | | | | खोप लगाएको वाखा संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पाठा पाठी | विर | भुनी | जम्मा | पाठापाठी | विर | भुनी | जम्मा |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

| | | |
|---|---|---|
| टोली प्रमुखको नाम | भ्यक्सिनेटरको नाम | दस्तखत |
| दस्तखत | | |
| भ्याक्सिनेसन गरेको व्यहोरा ठिक साँचो हो भनी प्रमाणीत गर्ने स्थानिय तह वार्डको प्रतिनिधिको | | |
| नाम पद | | |
| दस्तखत | | |

६ महिना भन्दा कम उमेरका पाठापाठीलाइ भ्याक्सिनेसन गर्नु पर्दैन ।

पशुहरुको भ्याक्सिनेसन नगरेता पनि प्रति फर्म पशुहरुको संख्या उल्लेख गर्नुहोला।

## अनुसूची- ४
## घोराही उप-महानगरपालिका
## दाङ जिल्ला
## प्रदेश नं. ५, नेपाल
## राष्ट्रिय भ्यागुते तथा चरचरे रोग नियन्त्रण कार्यक्रम
## भ्यागुते तथा चरचरे खोप विवरण
## आ.व. २०......../............

| क्रस | कृषकको नाम थर | वार्ड नं | भएको पशुसंख्या | | | | | | | खोप लगाएको पशु संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गाइ | भैसी | वाच्छा वाच्छी | पाडा पाडी | वंगुर | पाठा पाठी | जम्मा | गाइ | भैसी | वाच्छा वाच्छी | पाडा पाडी | वंगुर | पाठा पाठी | जम्मा |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

| | | |
|---|---|---|
| टोली प्रमुखको नाम | भ्यक्सिनेटरको नाम | दस्तखत |
| दस्तखत | | |
| भ्याक्सिनेसन गरेको व्यहोरा ठिक साँचो हो भनी प्रमाणीत गर्ने स्थानिय तह वार्डको प्रतिनिधिको | | |
| नाम पद | | |
| दस्तखत | | |

६ महिना भन्दा कम उमेरका गाइ भैसीलाइ भ्याक्सिनेसन गर्नु पर्दैन ।

६ हप्ता भन्दा कम उमेरका वंगुरलाइ भ्याक्सिनेसन गर्नु पर्दैन ।

पशुहरुको भ्याक्सिनेसन नगरेता पनि प्रति फर्म पशुहरुको संख्या उल्लेख गर्नुहोला।

## २.८ घाँस विकास कार्यक्रम

पशुपालन व्यवसायमा घाँसको ठूलो महत्व रहेको छ। स्थानीयस्तरमा उपलव्ध भएका घाँसहरुको उत्पादकत्व न्यून भएका कारणबाट पनि उन्नत जातका घाँसहरुको माग वढ्दो छ । उन्नत जातका घाँसहरुको उत्पादकत्व अधिक भएको कारणले कृषकले थोरै जग्गामा लगाएर अत्यधिक मात्रामा उत्पादन लिई उन्नत जातका पशुहरुको लागि आवश्यक आहारा पूरा गर्न सक्नेछन् ।

### कार्यविधि

१. उपमहानगरमा साना ठूला पशु फार्महरु (गाई भैंसी वाखा) मा भएका पशुहरुको तथ्यांक अद्यावधिक गरी आगामी आ व का लागि घाँसको विउ, सेट तथा विरुवाको संख्या मात्र निर्धारण गरी खरीदका लागि वजेट विनियोजन गरिनेछ ।

२. उपयुक्त सिजन अनुसार बिउ, सेट तथा विरुवा चौमासिक विभाजन गर्ने ।

३. घाँस अनुसारको उपयुक्त सिजन यस प्रकार रहने छ ।

क) वर्षे घाँसहरु : टियोसेन्टी, सुडान र वाजरा का लागि चैत्र महिना उपयुक्त सिजन

ख) वहुवर्षे डाले तथा भुइ घाँसहरु : किम्वु, टाँकी, वडहर, सुपर नेपियर, Co4, Co3, ज्वाइन्ट भेच, सेटारिया, मुलाटो स्टाइलो आदीका लागि अषाढ महिना ।

ग) हिउदे घाँसहरु : वर्षिम, जै र भेचका लागि असोज महिना

४. घाँस खरीदका लागि सार्वजनिक खरीद ऐन २०६४ र नियमावली अनुसार हुनेछ ।

५. घाँस खरीद गर्दा स्थानीय दरभाउ अनुसार गरिने छ ।

| | |
|---|---|
| वर्षिम : रु. २७०/के.जी. | जै : रु. १००/के.जी. |
| भेच : रु. १३०/के.जी. | टियोसेन्टी : रु. १२०/के.जी. |
| सुडान : रु. १५०/के.जी. | वाजरा : रु. १५०/के.जी. |

| | |
|---|---|
| किम्वु : कटींग : रु. ५/कटींग, | किम्वु विरुवा : रु. १०/विरुवा |
| ज्वाइन्ट भेच : रु. १२०/के.जी. | सुम्वा सेटारिया सेट : रु. ३/सेट |
| मुलाटो : रु. २/सेट | स्टाइलो कुक : रु. १२००/के.जी. |
| स्टाइलो हमाटा : रु. ८००/के.जी. | |
| टाँकी विरुवा : रु. १०/विरुवा | टाँकी पोलीव्यागको : रु. २०/विरुवा |
| कोइरालो विरुवा : रु. १०/विरुवा | कोइरालो पोलिव्यागको : रु. २०/विरुवा |
| वडहर : रु. २५/विरुवा | सुपर नेपियर : रु. ८/सेट |
| Co4: रु. ३/सेट | Co3 : रु. २/सेट |
| काउ पि (वोडी) : रु. १२०/के.जी. | |

६. हरेक सिजनमा घाँस वितरण हुनुपूर्व १ हप्ते अगावै घाँस वितरणका लागि नाम दर्ता, साथमा पशु संख्या, लगाउने घाँसको नाम, जमिनको क्षेत्रफल खुल्ने कागजसहितको निवेदन माग गर्ने ।

७. तोकिएको दरभाउमा आवश्यक घाँसका बिउ तथा सेटहरु खरीद गरी व्यवासायिक फार्महरु, कृषक समूह, सहकारीलाई अनुदानमा वितरण गरिनेछ तर हिउँदे घाँस वर्षिमको हकमा भने सहकार्यमा (५०:५०) वितरण हुनेछ ।

८. घाँसको विउ, सेट, स्लीप र वेर्ना खरिद गर्दा सरकारी घाँसको विउ उत्पादन फर्मबाट खरीद गर्ने यदि सरकारी फर्मबाट उपलव्ध नभएमा निजी घाँसको विउ उत्पादन फर्मबाट खरीद गर्नु पर्नेछ ।

९. खरीद गरिएको विउको उमार शक्ति बिक्रेताले परीक्षण गराएको हुनुपर्नेछ ।

१०. सकेसम्म बीउको लेबलिङ गरेको हुनुपर्नेछ ।

**२.९ सहकार्यमा फोडर नर्सरी स्थापना**

१. लक्षित वर्ग : वर्षौंदेखि घाँसखेती गरी रहेका डाले तथा भुइ घाँस उत्पादन गरी बेचविखन गरिरहेका कृषक व्यवसायीहरु । साथै सवै सामाजिक समूहका कृषकहरुलाई प्राथमिकता अनुसार समावेश गराइने ।

ख) नर्सरी फार्ममा आवश्यक क्षेत्रफल संख्या : कम्तिमा ५ कट्ठा फार्महरु

ग) कार्यक्रमबाट उपलब्ध गराइने रकम

फोडर नर्सरी फार्म सुदृढीकरणको लागि बढीमा रु. १,००,००० (एक लाख) मात्र एक पटक ।

घ) रकमको उपयोग

१) जग्गा वाउण्ड्री गर्न, तारजाली लगाउन र नर्सरी सेड बनाउन ।

**ङ) प्रस्ताव आह्वान :**

वर्षेनी फार्महरुबाट प्रस्ताव आह्वान गरिने छ । उक्त प्रस्तावको आह्वान पशु सेवा शाखाबाट हुनेछ । इच्छुक कृषकहरुले निवेदनको साथमा कार्ययोजना सहित प्रस्तावमा संलग्न हुनुपर्ने कागजात पेश गर्नुपर्नेछ ।

१) प्रस्ताव आह्वान भए बमोजिम निर्धारित मिति र समयभित्रमा पेश हुन आएका प्रस्तावहरुको सूची सार्वजनिक खरीद ऐन, ऐ.ऐ. नियमावली र प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मुचुल्का बनाई पशु सेवा शाखाले प्रारम्भिक छानविन गरी स्थलगत निरीक्षणका लागि विवरण तयार पार्नेछ ।

२) च (१) मा प्राप्त प्रस्तावहरुको प्रारम्भिक छानविन, स्थलगत निरिक्षण तथा अनुसूचीमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्यांकन गर्नका लागि तपसिल अनुसारको ५ सदस्यीय मूल्यांकन समिति रहने छ ।

**मूल्यांकन समितिको बनोट**

१. आर्थिक प्रशासन महाशाखा- १ जना
२. प्रशासन शाखा प्रमुख- १ जना
३. पशु सेवा शाखा प्रमुख- १ जना
४. पशु सेवा शाखाको, सम्बन्धित कार्यक्रम हेनेए अधिकृतः सदस्य सचिव- १ जना
५. सेवा केन्द्र प्रतिनिधि- १ जना

१) मूल्यांकन समितिले मूल्यांकन गरी वरियताक्रम निर्धारण गर्ने र माथिल्लो क्रममा रहेका मध्य स्वीकृत कार्यक्रम अनुसार अनुमोदनका लागि अर्थ विकास समितिमा पेश गर्ने ।

२) अर्थ विकास समितिबाट अनमोदन गराउने र अनुमोदित प्रस्तावहरुको लागत तथा स्टिमेटका लागि योजना तथा भौतिक पूर्वाधार शाखामा पेश गर्ने ।

३) परियोजनाको लागत तथा स्टिमेट पश्चात पशु सेवा शाखाले अनुदान प्राप्त कृषकहरुसँग सम्झौता गर्ने ।

४) योजना शाखाबाट अनुदान प्राप्त गर्ने कृषकले सम्झौता अनुसार गरे नगरेको हेरी कार्यसम्पन्न प्रतिवेदन वनाउने ।

५) अनुदान प्राप्त कृषकबाट भुक्तानीका लागि निवेदन माग गर्ने र योजना शाखा वा पशु सेवा शाखाबाट भुक्तानीका लागि कार्यकारी समक्ष सिफारिस गर्ने ।

६) आर्थिक प्रशासन शाखाबाट विल भर्पाई दुरुस्त भए नभएको हेरी भुक्तानी दिने ।

**प्रस्ताव मुल्यांकनका लागि दिए अनुसारको मापदण्ड हुनेछ ।**

क) नर्सरीमा डाले घाँसको विरुवाको उत्पादन भै विक्री भएको संख्या: ३० अंक रेकर्डबाट लिने ।

ख) भुइ तथा डाले घाँसको Species number ३० अंक

ग) पानीको सुविधा : २० अंक

घ) विकास गरिएको पूर्वाधारहरु : २०

**२.१० पशुपालन तालिम**

तालिम उन्नत पशुपालन प्रसारको उत्तम विधि हो । यो पशुपालनका नयाँ प्रविधिहरुको अनुशरण गर्ने उपयुक्त तरिका हो । कृषकहरुलाई आवश्यकता महसुस भएको विषयमा विविधि अवधिको तालिम योजना तयार गरी संचालन गरिनेछ ।

**क. १ दिने तालिम**

यस तालिम विशेष गरी आधारभूत कुराहरुबारे जानकारी दिन दिइने गरिन्छ । पशु सेवा केन्द्रहरुमार्फत फिल्डस्तरमा १ दिने तालिम संचालन

गरिनेछ । यसमा खास गरी वरिपरिका कृषकहरुको वस्ती जहाँ छ त्यही गएर तालिम संचालन गरिन्छ । यसमा प्रविधि सँगसँगै वार्षिक कार्ययोजना, घाँस विकास, पशु रोग रोगथाम, उत्पादन वजारीकरण समूह सशक्तिकण आदिका बारेमा तालिम दिइन्छ । यसको खर्चको नर्मस तल दिए अनुसार हुनेछ ।

**ख. ३ दिने तालिम**

३ दिने तालिम पशु सेवा शाखाले नगरपालिकाभित्रका व्यवसायिक कृषकहरुलाई पशुपालनका विविध विषयहरुबारे जानकारी दिनलाई संचालन गरिनेछ । यस तालिममा पशु स्वास्थ, पशु आहारा, पशु प्रजनन, पशु व्यवस्थापनका विज्ञहरुलाई आमन्त्रित गरी कक्षा उपलब्ध गराउनु पर्नेछ । तालिममा आन्तरिक तथा वाह्य परजीवि नियन्त्रणका लागि औषधि प्रयोगबारे प्रयोगात्मक कक्षाहरु हुनेछन् । कृषकहरु जो १ दिनमा तालिम लिएर सार्वजनिक गाडी चढेर घर फर्कन सक्छन् उनीहरुलाई जाते आतेवापत रु. १५० प्रतिदिनका दरले दिइनेछ । तालिमको अवधिमा प्रयोगात्मक कक्षा व्यवस्था गराउन सकिनेछ ।

## तालिम नर्मस

| ३ दिने | | | | | १ दिने फिल्डस्तर | | | |
|---|---|---|---|---|---|---|---|---|
| बिबरण | ईकाई | कक्षा | दर | जम्मा | कक्षा | दर | जम्मा | |
| प्रशिक्षक | शेषन | १२ | १६०० | | ४ | १२०० | ०० | |
| बिबरण | ईकाइ | | परिमाण | दर | | | | |
| नास्ता खाजा | प्रति व्यक्ति | | प्रति दिन | १५० | | १०० | | |
| स्टेशनरी | प्रति सहभागी | | प्रति तालिम | १०० | | १०० | | |
| सामाग्री | १ पटक | | प्रति तालिम | १००० | | २०० | | |
| आतेजाते | प्रति सहभागी | | प्रति दिन | २०० | | ० | | |
| व्यानर | पटक | | प्रति तालिम | ५०० | | ५०० | | |
| हल भाडा | प्रति दिन | | प्रति तालिम | १५०० | | ५०० | | |
| प्रोजेक्टर | प्रति दिन | | प्रतिदिन | ३०० | | ३०० | | |
| सहयोगी | प्रति जवान | | प्रति दिन | ५०० | | | | |
| कुल | | | | | | | | |

प्रयोगात्मक तालिममा आवश्यकता अनुसार थप बजेट रकम राख्न सकिने छ ।

### २.११ पकेट प्याकेज कार्यक्रम

पशुपालनका उत्पादनका क्षेत्र मासु, अण्डा दूधको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न पकेट प्यकेज एक अति आवश्यक कार्यक्रम हो । यस कार्यक्रम अन्तर्गत विविध साना कार्यक्रम सँगसँगै प्याकेजको रुपमा लागु गरिन्छ । यस्ता कार्यक्रमबाट सम्पूर्ण क्षेत्रको समानान्तर विकास हुन्छ । खोर/गोठ सुधार, घाँस विकास, उत्पादित वस्तुको बजारीकरण, जस्ता क्षेत्रको समविकास हुन गई पशुपालनमा उत्पादन तथा उत्पादकत्व वृद्धि हुन्छ । उन्नत जातका पशुहरुको सघनता बढ्न जान्छ र नयाँ स्थानका कृषकका लागि त्यो क्षेत्र श्रोत केन्द्रको रुपमा विकसित हुन्छ ।

### २.११.१ गाइ भैंसी पकेट प्याकेज कार्यक्रम

यस पकेट प्याकेज कार्यक्रम संचालनका लागि समान उद्देश्य भएका २० देखि २५ जना गाई भैंसीपालक कृषकहरु भेला भई समूह वनाई दर्ता गरी कार्यक्रम संचालन गरिनेछ । गाई भैंसीपालन गरिरहेका तर नश्ल सुधार नभएका, घाँस विकास नभएको परजीविले ग्रस्त भएर उत्पादन क्षमता कम भएका त्यस्ता ठाउँहरुमा यो कार्यक्रम संचालन गर्नुपर्नेछ ।

| | दुग्ध उत्पादन प्रवर्दन कार्यक्रम | इकाइ | परिमाण | पहिलो वर्ष लागत खर्च रु हजारमा | दितिय वर्ष | त्रितिय वर्ष | चौथो वर्ष | पाचौ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| १ | लाभान्वित समुदाय छनौट तथा समुह गठन (२० जनाको र अभिमुखिकरण) | संख्या | १ | १० | | | | |
| २ | भुइघाँस उत्पादन प्रर्दशन - प्रति समुह २० घरधुरी_ | घरधुरी | २० | २० | | | | |
| ३ | वहुवर्ष घाँसका सेट २० घरधुरी | घरधुरी | २० | २० | | | | |
| ४ | गोठ सुधारमा सहयोग ५ जनामा समुह निर्णयवाट | संख्या | ५ | १०० | १०० | १०० | १०० | |
| ५ | भ्याकुते, चरचरे र खोरेत रोग बिरुद् खोप ७ पशु प्रति परिवार | संख्या | १४० | १० | १० | १० | १० | १० |
| ६ | दुग्धउत्पादक किसानहरुलाई स्थलगत तालिम (आहारा, प्रजनन्, ब्यबस्थापन,परजिबी नियन्त्रण) | पटक | १ | १० | | | | |
| | पशु बिमा संचालन र ब्यबस्थापन स्थलगत तालिम | पटक | १ | १० | | | | |
| ७ | आल्मुनियम क्यान वितरण | संख्या | १ | ७ | २१ | | | |
| ८ | तथ्यांक संकलन तथा विश्लेषण | पटक | १ | ५ | | | | ५ |
| ९ | अनुगमन | पटक | ३ | ७.५ | ७ | ७ | ७ | ७ |

## २.११.२ वाखा पकेट क्षेत्र

बाखा पकेट कार्यक्रम कृषकहरुले बाखापालन सघन रुपमा गर्दै आएका कृषकहरुमा संचालन गरिने छ । यस्ता खालका कार्यक्रमा लागि करिव २० जनाको समूह गठन गरिने छ। समूह गठन पश्चात सेवा केन्द्र प्रमुख, अध्यक्ष र सचिवको संयुक्त हस्ताक्षरबाट संचालन गरी खरीद तथा निर्माण वापतको रकम खातामा जम्मा हुनेछ भने तालिम तथा अभिमुखीकरण जस्ता कार्यक्रम पेश्कीमार्फत संचालन गरिने छ ।

| | वाखा पकेटकार्यक्रम ५ वर्षे | इकाइ | परिमाण | पहिलो वर्ष | दितिय वर्ष | त्रितिय वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| १ | लाभान्वित समुदाय छनौट तथा समुह गठन २० जनाको र अभिमुखीकरण | संख्या | १ | १०.० | | | | |
| २ | वोयर वोका वितरण (७५% को ३० के. जि. मा नघटाइ) | संख्या | १ | ५०.० | | | ५० | |
| ३ | नमुना खोर निर्माण सहयोग १० जना (सर्वेत्कृष्टका आधारमा समुहवाट छनौट) | संख्या | १० | १००.० | १०० | | | |
| ४ | वाखाको वजारीकरणका लागि वाखा तौलने डिजिटल तराजु | संख्या | १ | ७.५ | | | | |
| ५ | आली कान्लामा व्यापक भुइ घाँस खेती कार्यक्रम १० सदस्य | सदस्य | १० | ८.० | ८ | | | |
| ६ | डाले घाँसको विरुवा रोप्ने १० सदस्य (५ हिउदे र ५ वर्षे ) | सदस्य | १० | १०.० | १० | | | |
| ७ | वाखापालक कृषकलाइ स्थलगत तालिम (आहारा , प्रजनन, परजिबी नियन्त्रण) | पटक | १ | १०.० | | | | |
| ८ | वाखांको विमा सचालन सम्वन्धि तालिम | पटक | १ | १०.० | | | | |
| ९ | पिपिआर खोप लगाउने १० गोटा प्रति परिवार केन्द्रिय कार्यक्रमवाट | संख्या | २०० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| १० | आन्तरिक तथा वाह्य परजिवी नियन्त्रण | संख्या | २०० | २०.० | | | | |
| ११ | फामाचा कार्ड वितरण | पटक | १ | १०.० | | | | |
| १२ | वोर्ड लेखन तथा जडान | संख्या | १ | १०.० | | | | |
| १३ | तथ्यांक संकलन तथा विश्लेषण | पटक | १ | १०.० | | | | १० |
| १४ | अनुगमन | पटक | १ | ७.५ | | | | |

## २.१२ पशु स्वास्थ्य शिविर संचालन

### पृष्ठभूमि

उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि स्वस्थ्य पशु आवश्यक पर्दछ। टाढा-टाढाका ग्रामीण वस्तीहरुमा पशु स्वास्थ सेवा पु¥याई पशुहरुको स्वास्थ स्थितिमा सुधार ल्याउनु नितान्त आवश्यक कुरा हो। व्यावसायिक पशुपालनको बृद्धिसँगै पशु स्वास्थ्य सेवातर्फ विशेषज्ञ सेवाको माग बढ्दै गएको वर्तमान सन्दर्भमा पशु स्वास्थ सेवाबाट टाढा रहेका पशुहरुको उपचार रोग निदानमा आवश्यक संख्यामा विशेषज्ञहरुको उपलब्धता सहज नभएको यथार्थतालाई दृष्टिगत गरी यस कार्यक्रममार्फत पशु पालनको पकेट क्षेत्रमै सवै क्षेत्रका विशेषज्ञहरुको उपस्थितिमा पशु स्वास्थ्य शिविर संचालन गर्ने अभिप्रायले यो कार्यविधि तर्जुमा गरी लागू गरिएको छ।

**उद्देश्यः**

यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

१. पशु पालनको पकेट क्षेत्रमै पशुहरुलाई आवश्यक पर्ने सम्पूर्ण पशु स्वास्थ्य सेवा (उपचार, खोप सेवा, गाइनाकोलोजिकल सेवा, रोग निदान, माइनर सर्जिकल सेवा आदि) पशु स्वास्थ्य शिविरको माध्यमबाट उपलब्ध गराउने ।

२. पशु सेवा शाखा/पशु सेवा केन्द्रको पहुँचबाट टाढा रहेका स्थानका रोगी पशुपन्छीहरुलाई दक्ष पशु चिकित्सा सेवा उपलब्ध गराउन प्राथमिकता दिने ।

३. पशुपन्छीका रोगहरुको निदान, उपचार र नियन्त्रणमा सहयोग पुऱ्याउने ।

४. विविध विषयहरु (पशु स्वास्थ्य, भेटेरिनरी जनस्वास्थ्य र पशु आहार) मा जनचेतना अभिवृद्धि गर्ने

५. पशुपन्छीको स्वास्थ परीक्षण तथा निःशुल्क औषधि वितरण गर्ने ।

**कार्यक्रम संचालन प्रकृया :**

१. पशु स्वास्थ्य शिविर संचालन गर्नुपूर्व पशु सेवा शाखाले पशु सेवा केन्द्र तथा वार्ड प्रतिनिधिहरुसँग समन्वय गरी आवश्यकता अनुसार शिविर संचालन गर्न स्थान छनोट गर्नेछ ।

२. स्थान छनोट पश्चात पशु सेवा केन्द्रले तहाँ स्थानका व्यवसायिक कृषक, समूह समिति, सहकारी र वार्डध्यक्षलाई प्रत्यक्ष भेटी सेवा केन्द्रको पशु स्वास्थ शिविर हुने स्थान, मिति र समय उल्लेख गरी रोगी पशुपन्छी ल्याउन सहयोग गरिदिन अनुरोध गरिएको पत्र हस्तान्तरण गरी उक्त स्थान, मिति र समयमा रोगी पशुपन्छी ल्याउन सहयोग गरिदिन अनुरोध गर्ने ।

३. पशु सेवा केन्द्रले पशु स्वास्थ शिविर हुने स्थानमा सोही दिन विहान शिविर संचालन हुनुभन्दा १ घण्टा अगावै अस्थाइ ट्रेविज निर्माण भैसकेको हुनुपर्ने ।

४. शिविरमा दक्ष जनशक्तिहरु दर्तावाल पशु चिकित्सक, पशु स्वास्थ अधिकृत, पशु स्वास्थ प्राविधिक र वार्ड प्रतिनिधिहरु संलग्न गराउने ।

५. शिविरका लागि आवश्यक पर्ने औषधी, भ्याक्सिन तथा अन्य सामग्रीहरुको ब्यबस्थापन सो क्षेत्र कुन पकेट क्षेत्र हो सोही आधारमा तय गर्ने ।

**कार्यक्रम अनुगमन र मूल्यांकन व्यवस्था**

**कार्यक्रम अनुगमन तथा मूल्यांकनः**

- यस कार्यक्रमको अनुगमन र मूल्यांकन सम्बन्धित वार्डध्यक्ष अर्थ विकास समिति संयोजक वा जनप्रतनिधिबाट हुनेछ ।

**आर्थिक कार्यविधि :**

१ शिविर संचालनको लागि आवश्यक सम्पूर्ण प्रयोजनहरु बढीमा ५० हजार रुपैयाँसम्ममा सम्पन्न गर्नुपर्नेछ । यस अन्तर्गत विभिन्न कृयाकलापहरु संचालन गर्दा प्रचलित आर्थिक ऐन, नियम अनुसार गर्नुपर्नेछ । जस अनुरुप तपसिल बमोजिमका कृयाकलापहरु रहनेछन् ।

| क.सं. | कृयाकलापहरु र लागत (रु) | |
|---|---|---|
| १ | औषधि, खोप, आवश्यक रसायन तथा औजारहरु | ३५,०००।०० |
| २ | चिया नास्ता खर्च | ३,०००।०० |
| ३ | अस्थायी ट्रेभिज निर्माण तथा सामग्री खरीद | ३,०००।०० |
| ४ | विषय विषेशज्ञ, प्राविधिक तथा सहयोगी भत्ता | ६०००।०० |
| ५ | अनुगमन वढीमा ३ जना | ३०००।०० |

**अनुगमन**

यस कार्यक्रमको अनुगमन अर्थ विकास समिति संयोजक तथा सम्वन्धित वार्डध्यक्ष वा प्रतिनिधि हुनेछन् ।

**२.१३ कुकुर बन्ध्याकरण कार्यक्रम**

**प्रस्तावना**

प्राणघातक रेबिज रोगको मुख्य कारकको रुपमा रहेको कुकुरको संख्या गाउँ वस्तीहरुमा वढ्दै गइरहेको छ । गाउँ वस्तीका सामुदायिक कुकुरहरुले विविन्न पाल्तु जनावरहरु (कुखुरा तथा बाखा) हरुलाई घाइते बनाउने तथा मारेर खाने समेत देखिएको छ । यसरी कुकुरबाट फैलने रोग तथा यसका

कृयाकलापहरुबाट कृषकहरुमा आर्थिक नोक्सानी हुने गरेको देखिन्छ । यसर्थ कुकुरको वन्ध्याकरण र रेबिज खोपको माध्यमबाट रेबिज रोग तथा कुकुरको संख्या नियन्त्रण गरी जनस्वास्थ्य एबं पशुधन संरक्षणमा टेवा पुऱ्याउने उद्देश्य अनुरुप रेबिज रोगको जोखिमलाई न्यूनीकरण गर्न सकियोस भन्ने उद्देश्यका साथ यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ ।

**उद्देश्य :**

- यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।
- पशु सेवा शाखाले कुकुर बन्ध्याकरण तथा रेबिज विरुद्ध खोप कार्यक्रम पशु चिकित्सालय/सम्बन्धित पशु सेवा तथा अन्य सरोकारवाला निकायहरुसँग सहकार्यमा संचालन गर्ने ।
- कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण गर्न जनचेतनामूलक सामग्री तयार गरी सुसूचीत गर्ने ।
- संक्रमित जनावरको टोकाईका कारण रेबिज रोगको उच्च जोखिममा रहेका पशु तथा मानिसमा जोखिम न्यूनीकरण गर्न सहयोग पुऱ्याउने ।

**कार्यक्रम संचालन प्रकृया**

- कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम तोकिएको स्थानमा कुकुरको संख्या निर्धारण गरी केन्द्रीय पशु चिकित्सालय/पशु सेवा शाखा/संघ/संस्था/स्थानीय निकाय तथा अन्य सरोकारवालाहरुसँग सहकार्यमा सचांलन गरिने छ । सहकार्य छाडा कुकुर सम्वन्धी कार्य गर्ने दर्ता भएका स्थानीय निकाय/संघ/संस्था/क्लिनिक/केनेलक्लव तथा अन्य सरोकारवालाहरुसँग गरिने छ ।
- रेबिज खोप यथासंभव स्वदेशी प्रयोग गर्नुपर्नेछ ।
- केन्द्रीय पशु चिकित्सालयल/पशु सेवा शाखाले तोकेको व्यक्ति वा संस्थाको प्रत्यक्ष सुपरीबेक्षणमा कुकुर वन्ध्याकरण तथा भ्याक्सिनेसन कार्यक्रम संचालन हुनेछ ।
- कार्यक्रम संचालन गर्नुपूर्व सरोकारवालाहरुसंग कार्यक्रमबारे अन्तरक्रिया

गर्नु पर्नेछ ।

- भ्याक्सिनेसन तथा बन्ध्याकरण कार्यक्रम तोकिएको समयभित्र सम्पन्न गर्नु पर्नेछ ।
- यस कार्यक्रमको लागि अनुसूची अनुसारको विवरण भरी केन्द्रीय पशु चिकित्सालय र सम्बन्धित विज्ञ केन्द्रमा पठाउनु पर्नेछ ।
- रोग सम्वन्धमा जनचेतना अभिबृद्धि गर्न सूचनामूलक सामग्री तयार गरी वितरण गर्नुपर्नेछ ।
- सम्पन्न कार्यको प्रगति बिवरण नियमित रुपमा केन्द्रीय पशु चिकित्सालय/विज्ञ केन्द्र/पशु स्वास्थ निर्देशनालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

## आर्थिक नर्मस भाले कुकुरको वन्ध्यकरणका लागि

| बिबरण | ईकाइ | परिमाण | रकम रु |
|---|---|---|---|
| ब्यबस्थापन खर्च | पटक | १ | २०,०००।- |
| औषधि तथा आबश्यक रसायन खरिद | पटक | १ | ४०,००० |

## कार्यक्रम अनुगमन र मूल्यांकन :

यस कार्यक्रमको अनुगमन र मूल्यांकन सम्बन्धित पशु सेवा शाखा नगर प्रमुख प्रमुख प्रशासकीय अधिकृत तथा पशु सेवा विज्ञ केन्द्रबाट हुन सक्नेछ ।

## आर्थिक कार्यविधि

- सहकार्यमा संलग्न इच्छुक स्थानीय निकाय/संघ/संस्था/क्लिनिक/केनेलक्लव तथा अन्य सरोकारवालाहरुलाई केन्द्रीय पशु चिकित्सालय र सम्बन्धित पशु सेवा शाखाबाट स्वीकृत कार्यक्रम अनुसार अपरेशनको लागि चाहिने सामग्री अनुसूची-१ अनुसार उपलब्ध गराइनेछ । यसरी कार्य संचालन गर्दा बजेट प्रचलित नियम अनुसार खर्च गर्नु पर्नेछ । कार्यक्रम संचालन गर्दा प्रति कुकुर रु. १०० का दरले डग क्याचरलाई उपलब्ध गराइने छ ।
- जुन खर्च शीर्षकमा रकम उपलब्ध भएको छ सोही शिर्षकमा मात्र खर्च गर्नु पर्नेछ ।
- कार्यक्रम संचालन गर्दा प्रयोगमा आउने सबै बिल भरपाईहरुमा प्रचलित आर्थिक ऐन तथा नियमावली बमोजिम सिलसिलेबार नम्वर राखी प्रमाणित भएको हुनु पर्नेछ ।
- सवारी इन्धन प्रयोग गर्दा लगबुक अनिवार्य रुपमा भरी सवारी प्रयोग गर्ने अधिकारीको अनिवार्य दस्तखत हुनु पर्नेछ ।

## कार्यविधि संशोधन तथा खारेजी

पशु सेवा शाखाको सिफारिसमा घोराही उपमहानगरपालिकाले संशोधन तथा खारेजी गर्न सक्नेछ ।

अनुसूची

Progress Report

Name of Organization involved :

Address :

Date :

| SN | Description of Animal | | | Collection | | Date | | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Age | Sex | Identification Mark | Area | Catcher name | Collection | Operation | Release | ARV | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

................................

Signature

## २.१३ समूहमा कुखुरा चल्ला वितरण कार्यक्रमको

**प्रस्तावना**

उप-महानगरपालिकामा बढ्दै गएको युवा वेरोजगारलाई कम गर्न र पशुपालन पेशा पनि अन्य पेसा जस्तै उत्तिकै प्रतिस्पर्धी र व्यवसायिक वनाउन सकिन्छ कि अन्य युवाहरुलाई प्रेरणाको श्रोतको रुपमा यो कार्यक्रम लागु गरिएको छ। यसले देशमा बढ्दै गएको मासुको मागलाई पनि आपूर्ति गर्न सहयोग पुग्नेछ।

**कार्यविधि**

१. पशु सेवा शाखाले, समूह दर्ता गरेका युवायुवतीहरुबाट दर्खास्त आह्वानका लागि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना जारी गर्ने। दर्खास्त तथा परियोजना फार्म अनुसूची-१ अनुसार हुनेछ।

२. प्राप्त भएका दरखास्तलाई तपसिल अनुसारको मूल्यांकन समितिबाट छनोट गरी अर्थ विकास समितिकोको वैठकबाट अनुमोदन गराइनेछ।

तपसिल

१. आर्थिक प्रशासन महाशाखा- १ जना
२. प्रशासन शाखा प्रमुख- १ जना
३. पशु सेवा शाखा प्रमुख- १ जना
४. पशु सेवा शाखाको, अधिकृत : सदस्य सचिव- १ जना
५. सेवा केन्द्र प्रतिनिधि- १ जना

३. समूहले चल्ला प्राप्त गर्नुपूर्व उक्त संख्यालाई आवश्यक पर्ने खोर, फिडर, वाटरर, लिटर (भुस) सवै आवश्यक पूर्वाधार तयार पारेको र प्रविधिक दृष्टिकोणले उपयूक्त भएको अवस्थामा मात्र उक्त समूहसँग सम्झौता गर्ने ।

४. पशु सेवा शाखाले १ दिने व्रोइलर चल्ला समूहलाई उपलव्ध गराउनका लागि व्रोइलर चल्ला सप्लायर्सहरुबाट कोटेशन माग गर्ने र सवभन्दा कम मूल्यमा चल्ला उपलव्ध गराउने सप्लायर्ससँग सम्झौता गरी कुखुरा खरीद गर्ने र समूहलाइ उपलव्ध गराउने ।

५. सप्लायर्सले सम्पूर्ण चल्लाहरु उपलव्ध गराए पश्चात भुक्तानीका लागि निवेदनका साथ विल भरपाई तथा अन्य आवश्यक कागजातसहित शखामा पेश गर्ने र शाखाले भुक्तानीका लागि सिफारिस गर्ने ।

६. यस कार्यक्रमको अनुगमन सम्वन्धित वार्डध्यक्ष वा निजले तोकेको व्यक्ति र पशु सेवा शाखाका सम्बन्धित सेवा केन्द्र प्रमुखले गर्नेछन् ।

७. यस वर्षको समीक्षा गरी आगामी वर्षमा कार्यक्रम लागु हुने नहुने तय अनुगन समितिको रिपोर्टको आधारमा पशु सेवा शाखाले गर्नेछ ।

अनुसूची- १

## परियोजना स्किम

समूहको नामः

ठेगान :

फोन न :

समूह दर्ता मिति :

समूहले विगत समयमा संचालन गरेका कृयाकलापहरु :

१

२

३

४

५

समूहमा सन्चित रकम :

सन्चित रकम भएको पुष्ट्याइका आधारहरु :

समूहभित्र जातीगत विवरण :

समूहमा कुखुरापालनको विगतको अनुभवहरु :

उपलव्ध हुने चल्ला हुर्काउने खोरको व्यवस्था :

प्रविधिक तथा आर्थिक प्रस्तावहरु :

वातावरणीय असर न्यूनीकरण उपायहरु :

**निवेदनसाथ पेश हुने काजताहरु**

समूह दर्ता प्रमाणपत्र थान- १

समूहको निर्णय थान- १

अपुग रकम व्यहोर्ने समूहको प्रतिवद्धता निर्णय थान- १

कुखुरापालनका लागि समूहले गरेका सम्झौताहरु

फर्म संचालन गरेको जग्गाको लालपूर्जा वा सम्झौता पत्रहरु

परियोजना स्किमहरु :

## अनुसुची-२

## समूह छनौटका आधारहरु

समूहको आर्थिक सवलता : ३० अंक भार

कुखुरापलनमा विगत अनुभवहरु : ३० अंक भार

खोरको व्यवस्था : ३० अंक भार

वातावरणीय प्रभव न्यूनीकरण उपायहरु : १० अंक भार

**२.१५ पशुपन्छी आनुवंशिक श्रोत स्वस्थान संरक्षण**

स्थानीय जातका पशुपन्छीहरुको उत्पादन तथा उत्पादकत्व क्षमता उन्नत जातका पशुपन्छीहरुको तुलनमाम कम हुन्छ तर स्थानीय वातावरणमा प्रतिकूल अवस्था भए पनि हुर्कन र बढ्न सक्ने तथा रोग तथा परजीवीहरुसँग प्रतिरोधी क्षमता विकास गरेका छन् । यस्ता पशुपन्छीहरुको अनुवांशिक गुणहरुको प्रयोग गरी उत्पादन तथा उत्पाकत्व उच्च तथा रोग तथा परजीवी प्रतिरोध क्षमता भएका पशु उत्पादन गर्न यी पशुपन्छीहरुको संरक्षण आवश्यक परेको हुँदा सो कार्यका लागि यो कार्यविधि तयार गरिएको छ ।

**१. यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।**

(क) पहिचान गरिएका स्थानीय नश्लका पशुपंक्षीको स्व स्थान संरक्षण, सम्बर्द्धन तथा उपयोग गर्ने ।

(ख) स्वरोजगार तथा जीवीकोपार्जन र खाद्य तथा पोषण सुरक्षामा सहयोग पुऱ्याउने ।

(ग) कृषकहरुको परम्परागत ज्ञान, सिप, प्रविधि, अभ्यास र आविष्कारको विवरण तयार पार्ने ।

(घ) पशु आनुवांशिक स्रोतको स्व-स्थान संरक्षण र उपयोगबाट पर्यावरणीय सन्तुलन तथा जलवायु परिवर्तनका असरहरुलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउने ।

(ङ) पशु आनुवांशिक स्रोतको स्व-स्थान संरक्षण र दिगो उपयोग गर्नुपर्ने

आवश्यकतातर्फ सम्बन्धित सवै सरोकारवालाहरुको ज्ञान, सिप तथा क्षमता अभिवृद्धि गर्ने ।

**२ जिल्ला तथा कार्यक्रम स्थल छनोट गर्ने आधार :**

कार्यक्रम सञ्चालनका लागि स्थान छनोट गर्दा निम्न आधारहरु अवलम्वन गर्नु पर्नेछ ।

(क) आयातित नश्लका पशुको तुलनामा स्थानीय नश्लका पशुको संख्या उल्लेखनीय संख्यामा वढी भएको ।

(ख) पशुजन्य पदार्थहरुको बिक्री वितरणको लागि बजारको पहुँच रहेका वा बजार विस्तार गर्न संभावित स्थानहरु रहेको ।

(ग) भौगोलिक अवस्था, हावापानी, वातावरणको दृष्टिकोणबाट स्थानीय नश्लहरुको संरक्षण र विकासको लागि अनुकूल रहेका क्षेत्र/स्थानहरु ।

(घ) स्थानीय कुखुरा र हुर्रा सुंगुर संरक्षणका लागि प्राथमिकतामा राखिने छ ।

**३. कार्यक्रम कार्यान्वयन प्रक्रिया :**

(क) जिल्लास्तरमा अर्थ विकास समिति को वैठक बसी कार्यक्रम संचालन स्थान छनोट गर्ने ।

(ख) कृषक समूह गठन गर्ने र संचालन गरिने कार्यक्रम समूहमा तयार पार्ने वा तयार भएको कार्यक्रमलाई समूहबाट अनुमोदन गराउने ।

(ग) छनोट भएको स्थानका कृषकहरुमा कार्यक्रम सम्बन्धी अभिमुखीकरण गर्ने ।

(घ) पशु सेवा शाखाका प्रमुखको सहजीकरणमा पशुपंक्षी आनुवंशिक स्रोत सो स्थान संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी वार्षिक कार्ययोजना तयार पार्ने ।

(ङ) वार्षिक कार्ययोजना बनाउँदा स्थानीयस्तरमा संभाव्यताका आधारमा निम्न क्रियाकलाप हरुलाई प्राथमिकता दिई समावेश गर्नु पर्नेछ ।

(च) पशुपंक्षी अनुवांशिक स्रोतको तथ्यांकसहितको आधारभूत तथ्यांक संकलन गर्ने ।

(छ) संस्थागत विकासको लागि समूहको विधान वनाउने ।

(ज) श्रोत व्यवस्थाको लागि पशु सेवा शाखा, उप-महानगरपालिका, संघ, सस्थाहरुसंग समन्वय र सहकार्य गर्ने ।

(झ) संभाव्यता हेरी कृषि पर्यटन प्रवर्द्धन तथा प्रांगारिक पशुजन्य पदार्थहरु उत्पादन समेतका कार्यक्रमहरुलाई समावेश गर्ने ।

(ञ) सचेतना र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।

(ट) स्थानीय अनुभव र सम्भाव्यताको आधारमा अन्य कार्यक्रमहरु समेत सञ्चालन गर्ने नियमित अनुगमन तथा प्रतिवेदन सम्बन्धी कार्यक्रम समावेश गर्ने ।

(ठ) जोखिममा परेका जातका पशुपंक्षी संरक्षण गर्नको लागि त्यस्ता जातीहरुलाई संभाव्यताको आधारमा Direct incentives को व्यवस्था हुने कार्यक्रम तर्जुमा गर्ने ।

(ङ) **बजेट कार्यक्रमको नमूना अनुपात निम्न बमोजिम हुनुपर्नेछ ।**

| | |
|---|---|
| पशु आहारा | २५% |
| पशु नश्ल सुधार | १५% |
| पशु व्यवस्थापन | ३५% |
| पशु स्वास्थ्य | १५% |
| जनशक्ति विकास, सचेतना | १०% |

**यस विभाजन अनुसार**

कुखुरा तथा बंगुरका हकमा कार्यक्रम विभाजन गर्दा तारजाली, चल्ला वा हुर्राका पाठापाठी, दाना, औषधि, भ्याक्सिन, दानापानीका भाँडाहरु, खोर सुधार अनुदान वजारीकरणका लागि तराजु, मूल्य अभिवृद्धिका लागि वधिया वनाउने तालिम तथा कार्यक्रमवारे अभिमुखीकरण ।

(च) समूह अध्यक्ष वा कोषाध्यक्ष र सम्बन्धित पशु सेवा केन्द्र प्रमुखको संयुक्त दस्तखतबाट समूह समितिको बैंक खाता सञ्चालन गर्नु पर्नेछ ।

(छ) स्वीकृत कार्यक्रमहरुलाई प्रथम र द्वितीय चरण गरी विभाजन गर्ने र कार्यसंचालन गर्ने । प्रत्येक चरणका कार्यक्रम समाप्ति पश्चात समूहको वैठकबाट निर्णय गरी नगरपालिकालाई भुक्तानीका लागि अनुरोध गर्ने त्यस कार्यमा पशु सेवा केन्द्र तथा पशु सेवा शाखाले सिफारिस गर्ने ।

(ज) समूहमा हुने खरीद कार्यका लागि 'प्राविधिक विश्लेषण तथा खरीद कार्यदल' समूहको वैठकबाट गठन गरी सम्पूर्ण खरीद कार्य गराउने ।

(झ) समयावधि कम भएको अवस्था वा अन्य कुनै परिस्थितिमा टिप्पणीबाट स्थान छनोट गरी पेश्की लिएर पनि कार्य संचालन गर्न सकिने तर यस अवस्थामा कार्यक्रम संचालन गर्दा समूहको वैठक वसाली ३-५ जनाको 'प्राविधिक विश्लेषण तथा खरीद कार्यदल' गठन गरी सम्पूर्ण खरीद कार्य उक्त कार्यदलमार्फत गराउने । खरीद हुने वस्तुको मापदण्ड तोकेबमोजिम भए नभएको जाँच गर्न उक्त कार्यदलमा पशु सेवा केन्द्र प्रमुखलाई प्राविधिक विश्लेषणका लागि कार्यदलमा समावेश गर्ने ।

(ञ) समूहमा स्थानीय पशु वा पन्छी खरीद गर्दा सरकारी फर्मबाट गरिनेछ । यदि सरकारी फर्मबाट उपलव्ध हुन नसकेको अवस्थामा शुद्ध नश्लका पशुपन्छी स्थानीय कृषकहरुबाट कार्यदलले खरीद तोकिएको उमेरका पशुपन्छीहरु खरीद गरी समूह सदस्यलाई उपलव्ध गराउनेछ ।

(ट) यदि पेश्की लिएर 'प्राविधिक विश्लेषण तथा खरीद कार्यदल' मार्फत गरिएको खरीद/खर्च कार्यको समूहबाट कार्यक्रम समाप्ति पश्चात प्रमाणित/अनुमोदन गराउनु पर्नेछ ।

**४. कृषक समूह र यसको गठन विधि :**

अर्थ विकास समितिलाई जानकारी गराई स्वीकृत भएको स्थानमा १५-२० जनाको समूह गठन गर्ने । कम्तिमा एउटा स्थानीय नश्लको पशुपन्छीपालन गर्ने कृषक यस्ता समूहको सदस्य बन्न सक्नेछ ।

**५. कार्यक्रममा संलग्न निकायहरु र तिनको जिम्मेवारी**

**क. कृषक समूहको जिम्मेवारी :**

१. समूहले वार्षिक कार्ययोजना बनाई पेश गर्नु पर्नेछ । कार्यक्रम संचालन गर्दा समूह सदस्यले सक्दो लगानी योगदान दिनु पर्नेछ ।

२. स्वीकृत वार्षिक कार्ययोजना अनुरुप कार्यक्रम सञ्चालन गर्ने सम्पूर्ण जिम्मेवारी कृषक समूह हुनेछ र कुनै समस्याहरु आइपरेमा सम्बन्धित पशु सेवा केन्द्र वा पशु सेवा शाखासँग परामर्श लिई कार्य सञ्चालन गर्नु पर्नेछ ।

३. कार्यक्रम सञ्चालन र प्रबर्द्धनको लागि श्रोत व्यवस्थापन एवं परिचालनमा स्थानीय निकाय तथा अन्य सरोकारवाला संघ संस्थाहरुसँग समन्वय र सहकार्य गर्नु पर्नेछ ।

४. आधारभूत तथ्यांक संकलन र अन्य प्राविधिक तथ्यांकहरु संकलन गर्न आएका सम्बन्धित प्राविधिकहरुलाई सत्य तथ्य जानकारी दिई आवश्यक सहयोग गर्नु पर्नेछ ।

५. उत्पादित वस्तुको बजार पहुंचको आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

६. उत्पादकत्व अभिबृद्धिका साथै गुण व्यवस्थापनमा पनि जोड दिनु पर्नेछ ।

७. कार्यक्रम सञ्चालनका लागि दिइने अनुदान रकम समूहले समुचित उपयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

८. आवश्यकता अनुसार जिल्ला अर्थ विकास समिति वा अन्य सरोकारवाला निकायहरुबाट अनुगमन निरीक्षण गर्ने कार्यक्रममा सहभागी भई आवश्यक सहयोग गर्नु पर्नेछ ।

९. पशु सेवा केन्द्र/पशु सेवा शाखामा चौमासिक र वार्षिक प्रगति विवरण पठाउनु पर्नेछ ।

१०. कम्तिमा वर्षमा एक पटक जिल्ला पशु विकास कार्यदल तथा अन्य सरोकारवालाहरु बीच कार्यक्रम सम्बन्धी समीक्षा गर्नुपर्नेछ ।

११. पशुपंक्षी आनुवंशिक स्रोतको शुद्धता कायम राख्न आवश्यक पर्ने अन्य कार्यहरु समेतको अवलम्बन गर्नुपर्नेछ ।

ख. **पशु सेवा केन्द्र जिम्मेवारी :**

- आधारभूत तथ्यांक तयार गर्ने तथा वार्षिक प्राविधिक विवरणलाई अध्यावधिक गर्ने
- आफ्नो कार्यक्षेत्रको मातहतमा कार्यक्रम सञ्चालन भएमा नियमित रुपमा निरीक्षण, अनुगमन तथा आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने ।
- कार्यक्रम सञ्चालन भएका क्षेत्रभित्रका स्थानीय निकाय तथा अन्य सरोकारवाला संघ संस्थाहरुसँग समन्वय गर्ने ।
- कार्यक्रम सञ्चालन गर्न प्राविधिक सेवा पुऱ्याउने र कुनै किसिमको कठिनाई आइपरे वा कुनै सल्लाह सुझाव भए पशु सेवा शाखालाई समयमै जानकारी दिने ।
- नियमित रुपमा आवश्यक तथ्यांक तथा प्रगति विवरण संकलन गरी पशु सेवा शाखामा प्रतिवेदन पठाउने ।

ग. **पशु सेवा शाखाको जिम्मेवारी :**

१. अर्थ विकास समिति वा पशु विकास कार्यदलको सहयोगमा कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन क्षेत्र छनोट गर्ने ।

२. छनोट गरिएका क्षेत्रको स्थलगत निरीक्षण गरी कार्यक्रम सञ्चालनको लागि सम्भाव्यता निर्क्यौल गरी समूह गठन गर्न सहजीकरण गर्ने ।

३. समूहका सदस्यहरुलाई कार्यक्रमको उद्देश्य तथा उनीहरुको जिम्मेवारीका बारे जानकारी गराउने ।

४. समूहको भेला गराई वार्षिक कार्ययोजना बनाउन प्राविधिक सल्लाह उपलब्ध गराई अभिमुखीकरण गर्ने

५. पशु विकास कार्यदल/अर्थ विकास समितिबाट वार्षिक कार्ययोजना स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्ने ।

६. पशु सेवा शाखाबाट प्राप्त ढाँचामा आधारभूत तथ्यांक संकलन एवं बिश्लेषण गरी तालुक अड्डामा वुझाउने ।

७. समूह आवश्यक पर्ने घाँसको वीउ, परजीवी विरुद्धको औषधि, खोपहरु र कार्यक्रम सञ्चालनमा आवश्यकता अनुसार सल्लाह, सुझाव र प्राविधिक सेवा सम्बन्धित पशु सेवा केन्द्रमार्फत प्रदान गर्ने ।

८. समूहका सदस्यहरुको क्षमता अभिवृद्धिको लागि आवश्यकता अनुसार तालिमहरु सञ्चालन गर्न समन्वय गर्ने ।

९. कार्यक्रम सञ्चालन एवं प्रवर्द्धनको लागि स्थानीय निकाय अन्य कार्यालय तथा संघ, संस्थाहरुसँग समन्वय/सहकार्य गर्ने ।

१०. विभिन्न सञ्चार माध्यमहरुबाट जनचेतनामूलक प्रचार प्रसार कार्यक्रमहरु सञ्चालन गर्ने ।

११. नियमित रुपमा आवश्यक तथ्यांक अध्यावधिक गर्ने र तालुक अड्डामा पठाउने ।

## अनुसुची- १

## पशु सेवा शाखा र पशु आनुवंशिक स्रोत स्व-स्थान संरक्षण समिति बीचको सम्झौता पत्र

जिल्ला पशु सेवा कार्यालय (यस पछि प्रथम पक्ष मानिने) ................ पशु आनुवंशिक स्रोत स्व-स्थान संरक्षण समिति (यसपछि दोस्रो पक्ष मानिने) । ..............को संयुक्त प्रयासबाट पशु आनुवंशिक स्रोत संरक्षण, सम्बर्द्धन र उपयोग कार्यक्रम अर्न्तगत ...........पालन तथा संरक्षणको लागि तपसिलका शर्तहरु समेत पालना गर्न गराउनको लागि प्रथम पक्ष र दोश्रो पक्षका बीच तपसिल बमोजिमको सहमति भई सहकार्यमा कार्य गर्न गराउन मञ्जुर छौं ।

तपसिल

१. पहिलो पक्षले दोश्रो पक्षलाई कार्यक्रम सञ्चालनको लागि स्वीकृत कार्ययोजना अनुसार सोझै नगद वा ड्राफ्ट/चेकबाट अनुदान स्वरुप स्वीकृत रकमलाई २ किस्तामा उपलव्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक सहयोग प्राप्त गरी स्वीकृत वार्षिक कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । उक्त कार्यक्रमलाई कम्तिमा ५ वर्षसम्म दोश्रो पक्षले निरन्तरता दिनु पर्नेछ ।

३. पहिलो पक्षले नियमित रुपमा कार्यक्रम सञ्चालन तथा स्रोतहरुको उपयोग, तथ्यांक रेकर्डिङ आदि बारे अनुगमन गरी कार्यक्रमलाई सफल पार्न सहजकर्ताको भूमिका निर्वाह गर्नेछ ।

४. पहिलो पक्षबाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले दुरुपयोग गर्न पाउने छैन र त्यसो भएको पाइएमा निजबाट सो रकम असुल उपरको लागि प्रचलित कानुन बमोजिम आवश्यक कार्वाही गरिनेछ ।

५. यस कार्यक्रम सञ्चालन र प्रवर्द्धनको लागि आवश्यकता अनुसारको उपयुक्त प्रविधि र उत्पादन सामग्रीको व्यवस्था प्रथम पक्षले दोस्रो पक्षमार्फत गर्नेछ ।

६. कार्यक्रम सञ्चालन र प्रवर्द्धनको लागि स्थानीय निकाय तथा अन्य सरोकारवाला संघ संस्थाहरुसँग श्रोत व्यवस्थापन एवं परिचालनमा दोश्रो पक्षले समन्वय र सहकार्य गर्नु पर्नेछ ।

७. दोस्रो पक्षको कोषाध्यक्ष र सम्बन्धित पशु सेवा केन्द्र वा उपकेन्द्रका प्रमुखको संयुक्त दस्तखतमा बैंकमा खाता खोलिने र दुवै पक्षको सहमति अनुसार आर्थिक कारोबार हुनेछ ।

८. आवश्यकता अनुसारको तथ्यांक, सूचना तथा प्रगति विवरणहरु तोकिएको फर्मेट अनुरुप दोश्रो पक्षले प्रथम पक्षलाई उपलब्ध गराउने छ ।

९. यस संझौतामा उल्लेख नभएका कुराका हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्ष | दोश्रो पक्ष |
| जिल्ला पशु सेवा कार्यालयको | समिति/संस्थाको तर्फबाट |
| तर्फबाट सही गर्नेको | सही गर्नेको |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| कार्यालयको छाप : | संस्थाको छाप : |

| | |
|---|---|
| साक्षी : (प्रथम पक्षको तर्फबाट) | साक्षी : (दोश्रो पक्षको तर्फबाट) |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |

## २.१६ सहकार्यमा यूवा लक्षित कार्यक्रम

**पृष्ठभूमि**

पशुपालन क्षेत्रमा देशभित्र विविध सम्भावना हुँदाहुँदै पनि रोजगारका लागि दैनिकजसो युवाहरु विदेशिने क्रम जारी नै छ । एकातिर देशको कूल गार्हस्थ उत्पादनको एक तिहाई भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाई भन्दा बढी जनसंख्या रोजगारी तथा जीविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण भूमिका रहेको स्पष्ट छ । यसर्थ, युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने र कृषि क्षेत्रको व्यावसायिकरणबाट आय आर्जन बढाउने उद्देश्यले सहकार्यमा युवालक्षित कार्यक्रम अन्तर्गत विशेष पशु उत्पादन (डेरी, बाखा, बंगुर र पशु सेवा बजार प्रवर्द्धन) कार्यक्रम सञ्चालन गर्न यो कार्यविध तयार गरिएको हो ।

**२.१६.१ उद्देश्य : यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :**

(क) गाईपालन, भैंसीपालन, भेंडा-बाखापालन, बंगुरपालन तथा पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धी व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।

(ख) स्वदेशमा स्वरोजगारका अवसरहरु श्रृजना गरी रोजगारीको लागि विदेशिने क्रम न्यूनीकरण गर्न सहयोग पुऱ्याउने ।

(ग) युवाहरुको आय आर्जनमा टेवा पुऱ्याई कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

**युवा लक्षित विशेष पशु उत्पादन (व्यावसायिक गाई भैंसी पालन) कार्यक्रम**

**२.१६.२ युवा लक्षित विशेष पशु उत्पादन (व्यावसायिक गाई भैंसी पालन) कार्यक्रम सञ्चालन प्रकृया**

युवा लक्षित विशेष पशु उत्पादन (व्यावसायिक गाई भैंसी पालन) कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

क) **स्कीम अवधि : यो कार्यक्रम घोराही उप महानगरपालिकाले निर्णय गरेबमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।**

ख) **व्यावसायिक गाई भैंसी फार्मको बर्गीकरण**

फार्मलाई २ वर्गमा विभाजन गरिने छ ।

१) **साना व्यावसायिक गाई भैंसी फार्म** : यस कार्यक्रमको लागि ५-१० वटा उन्नत गाई वा भैंसीपालन गरी दूध उत्पादन व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ ।

२) **मझौला स्तरका व्यावसायिक गाई भैंसी फार्म** : ११ देखि २० वटासम्म उन्नत दूधालु गाई वा भैंसीपालन गरी दूध उत्पादन व्यवसाय शुरु गरिरहेका फार्मलाई मानिने छ ।

ग) **कार्यक्रमका लागि उपलब्ध गराइने सहयोग :**

(१) साना व्यावसायिक फार्म : उन्नत गाई वा भैंसी खरीद गरी विमा गरिएका गाई वा भैंसीको लागि रु. १,००,०००।०० सम्म नगद अनुदान उपलब्ध गराइने छ । उपलब्ध गराइएको अनुदान नयाँ गोठ निर्माण वा पुरानो गोठ सुधारमा खर्च गर्नु पर्नेछ । यसै गरी अनुदान प्राप्त गर्ने कृषकले पनि सोही बराबरकै रकम लगानी गरी कूल रु. २०००००।०० बाराबरको कार्य गर्नुपर्नेछ ।

(२) मझौलास्तरका व्यावसायिक गाई भैंसी फार्मको सुदृढीकरणका लागि तपसिलमा उल्लेखित क्रियाकलापहरु कार्यान्वयन गर्न प्रति फार्मलाइ रु. २,००,०००।०० सम्म अनुदान उपलब्ध गराइनेछ । उपलब्ध गराइएको अनुदान नयाँ गोठ निर्माण वा पुरानो गोठ सुधार, मिल्किङ मेशिन, डिप वेल, डिप बोरिङ खरीद तथा जडान आदि कार्यमा खर्च गर्नु पर्नेछ । यस योजनामा पनि कृषकले रु. २०००००।०० लगानी गरी कूल रु. ४०००००।०० बराबरको कार्य गर्नु पर्नेछ ।

**घ) प्रस्ताव आह्वान :**

सहकार्य (५०:५०५) मा उन्नत गाई भैंसी फार्महरु (साना, मझौलास्तर फार्म) सुदृढीकरण गर्न गोठ निर्माण, सुधार वा मेशीनरी जडान कार्यका लागि पश सेवा शाखाले लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी पशु सेवा शाखामा पेश गर्ने गरी प्रस्ताव आह्वान गरिने छ । प्रस्ताव आऱ्हवानको सूचना अनुसूची-१ बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा पशु सेवा शाखा घोराही उपमहानगरपालिकाले गर्नेछ । आवेदन एवं उपलब्ध गराउनु पर्ने कागजातहरु अनुसूची-२ बमोजिम र कार्ययोजना अनुसूची-३ (क) बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

**च) प्रस्ताव मूल्यांकन :**

(१) प्रस्ताव आह्वान भएपश्चात निर्धारित मिति र समयभित्रमा पेश हुन आएका प्रस्तावहरुको सूची सार्वजनिक खरीद ऐन, ऐ.ऐ. नियमावली र प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मुचुल्का वनाई पशु सेवा शाखाले सो को प्रारम्भिक छानविन गरी विवरण तयार पर्नेछ ।

२) च (१) मा प्राप्त प्रस्तावहरुको प्रारम्भिक छानविन, स्थलगत निरीक्षण तथा अनुसूचीमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्यांकन गर्नका लागि तपसिल अनुसारको ५ सदस्यीय मूल्यांकन समिति रहने छ ।

मूल्यांकन समितिको बनोट

१. आर्थिक प्रशासन महाशाखा- १ जना
२. प्रशासन शाखा प्रमुख- १ जना
३. पशु सेवा शाखा प्रमुख- १ जना
४. पशु सेवा शाखाको, युवा लक्षित कार्यक्रम हेर्ने, अधिकृतः सदस्य सचिव- १ जना
५ सेवा केन्द्र प्रतिनिधि- १ जना

**छ) प्रस्तावहरुको स्वीकृति :**

१) मूल्यांकन कार्यदलबाट प्रस्तावनाको स्वीकृति भएपश्चात अर्थ विकास समितिबाट अनुमोदन गराउने र लागत स्टिमेटका लागि प्रमुख प्रशसकीय अधिकृत कहाँ पेश गर्ने ।

२) स्वीकृत भएका फार्महरुको पूर्वाधार महाशाखाबाट लागत स्टिमेट तयार पार्न पशु सेवा शाखाले विवरण बुझाउने छ ।

३) स्टिमेट तयार पश्चात प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूची-४(क) बमोजिम संझौता गर्ने दायित्व सम्बन्धित पशु सेवा शाखाको हुनेछ ।

झ)१) सम्झौता पश्चात पूर्वाधार महाशाखाबाट कार्य सम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन पश्चात शाखाबाट भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गरिनेछ

**२.१६.३. युवा लक्षित बाखा प्रवर्दन कार्यक्रम**

ग) व्यावसायिक बाखा फार्मको वर्गीकरण: यस कार्यक्रम अन्तर्गत व्यावसायिक बाखा फार्महरुलाई निम्नानुसार वर्गीकरण गरिने छ :

(१) साना निजी व्यावसायिक बाखापालन फार्म: यस कार्यक्रमको प्रयोजनको लागि न्यूनतम ३० वटा प्रजनन योग्य माउ बाखापालन गरिरहेका फार्महरुलाई निजी व्यावसायिक बाखा फार्म मानिने छ ।

(२) मझौलास्तर व्यावसायिक बाखापालन फार्महरु: यस कार्यक्रमको प्रयोजनको लागि न्यूनतम ३१-५० वटा प्रजनन योग्य माउ बाखापालन गरिरहेका फार्महरुलाई निजी व्यावसायिक बाखा फार्म मानिने छ ।

(३) ठूला व्यावसायिक बाखा पालन फार्महरु : यस कार्यक्रमको प्रयोजनको लागि न्यूनतम ५१-७५ वटा प्रजनन योग्य माउ बाखापालन गरिरहेका फार्महरुलाई निजी व्यावसायिक बाखा फार्म मानिने छ ।

घ) कार्यक्रमबाट उपलब्ध गराइने अुनदान रकम

(१) साना निजी व्यावसायिक फार्म सुदृढीकरणका लागि बढीमारु. १,००,००० (एक लाख) अनुदान रकम बाख्राको खोर निर्माण/सुधार कार्यका लागि उपलव्ध गराइने छ। अनुदान प्राप्त गर्ने कृषकले रु. १०००००।०० लाख थप गरी रु. २०००००।०० वरावरको कार्य गर्नुपर्नेछ।

(२) मझौलास्तर व्यावसायिक फार्म सुदृढीकरणका लागि बढीमा रु. १,५०,००० (एक लाख पचास हजार)। बाख्राको खोर निर्माण/सुधार कार्यका लागि उपलव्ध गराइने छ। यस कार्यक्रममा अनुदान प्राप्त गर्ने कृषकले रु. १५००००।०० थप गरी रु. ३०००००।०० तिन लाख को कार्य गर्नुपर्नेछ।

(३) ठूला व्यावसायिक फार्म सुदृढीकरणका लागि बढीमा रु. २,००,००० (दुइ लाख) बाख्राको खोर निर्माण वा सुधार कार्यका लागि उपलव्ध गराइने छ। यसमा पनि अनुदान प्राप्त गर्ने कृषकले रु. २०००००।०० थप गरी रु. ४०००००।०० वरावरको कार्य गर्नुपर्नेछ।

च) कार्यक्रम संचालन प्रकृया

घ) प्रस्ताव आव्हान : युवा कृषकले साझेदारीमा वाखा फार्महरु साना, मझौलास्तर वा ठूला व्यावसायिक फार्म सुदृढीकरण गर्न खोर निर्माण, सुधारका लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी पशु सेवा शाखामा पेश गर्ने गरी प्रस्ताव आव्हान गरिने छ। प्रस्ताव आह्वानको सूचना अनुसूची-१ बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा पशु सेवा शाखा घोराही उपमहानगरपालिकाले गर्नेछ। आवेदन एवं उपलब्ध गराउनु पर्ने कागजातहरु अनुसूची-२ बमोजिम र कार्ययोजना अनुसूची-३ (क) बमोजिमको ढाँचामा हुनु पर्नेछ।

च) प्रस्ताव मूल्यांकन :

(१) प्रस्ताव आव्हान भएपश्चात निर्धारित मिति र समयभित्रमा पेश हुन आएका प्रस्तावहरुको सूची सार्वजनिक खरीद ऐन, ऐ.ऐ. नियमावली र

प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मुचुल्का वनाई पशु सेवा शाखाले सो को प्रारम्भिक छानविन गरी विवरण तयार पर्नेछ ।

२) च (१) मा प्राप्त प्रस्तावहरुको प्रारम्भिक छानविन, स्थलगत निरीक्षण तथा अनुसूचीमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्यांकन गर्नका लागि तपसिल अनुसारको ५ सदस्यीय मूल्यांकन समिति रहने छ ।

मूल्यांकन समितिको बनोट

१. आर्थिक प्रशासन महाशाखा- १ जना

२. प्रशासन शाखा प्रमुख- १ जना

३. पशु सेवा शाखा प्रमुख- १ जना

४. पशु सेवा शाखाको, अधिकृत सदस्य सचिव- १ जना

५. सेवा केन्द्र प्रतिनिधि- १ जना

छ) प्रस्तावहरुको स्वीकृति :

१) मूल्यांकन समितिले अनुसूची-५ (क) बमोजिमको ढाँचामा मूल्यांकन गरी छनोट भएका प्रस्तावहरु स्वीकृति रअनुमोदनका लागि अर्थ विकास समिति समक्ष पेश गर्नु पर्नेछ ।

२) स्वीकृत भएका फार्महरुको पूर्वाधार महाशाखाबाट लागत स्टिमेट तयार पार्न पशु सेवा शाखाले विवरण वुझाउने छ ।

३) स्टिमेट तयार पश्चात प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूची-४(क) बमोजिम संझौता गर्ने दायित्व सम्बन्धित पशु सेवा शाखाको हुनेछ ।

ञ) मूल्यांकनका आधारहरुः

मूल्यांकनका आधारहरु अनुसूची- ५(ख) मा उल्लेख भए अनुसार हुनेछन् ।

झ) १) सम्झौता पश्चात प्राविधिक शाखाबाट कार्य सम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन पश्चात शाखाबाट भुक्तानीका लागि प्रमुख प्रशासकीय

अधिकृत समक्ष सिफारिस गरिनेछ ।

**२.१६.४. युवा लक्षित बंगुर पालन**

१. लक्षित वर्ग : रोड कोरिडोर लक्षित र वैदेशिक रोजगारबाट फर्किएका विशेषत सम्बन्धित काममा दक्षता हासिल गरेका १८ देखि ५० वर्ष उमेर समूहका ग्रामीण युवा व्यवसायीहरु । साथै सवै सामाजिक समूहका कृषकहरुलाई प्राथमिकता अनुसार समाबेश गराइने छ ।

ख) बंगुरपालन फार्ममा आवश्यक बंगुर संख्या : कम्तिमा ५ गोटा माउ बंगुरहरु रहेका फार्महरु

ग) कार्यक्रमबाट उपलब्ध गराइने रकम बंगुरपालन फार्म सुदृढीकरणको लागि बढीमा रु. १,००,००० (एक लाख) मात्र उपलब्ध गराइनेछ र अनुदान प्राप्त गर्ने कृषकले रु. १०००००।०० थप गरी रु. २०००००।०० को कार्य गर्नु पर्नेछ र

**घ) रकमको उपयोग**

१) खोर निर्माण सुधार, ग्रेण्डर मिक्सचर, बायो ग्याँस स्थापना तथा खर्च भएर नजाने उपकरण सामग्री आदिमा खर्च गर्न पाइने छ ।

**ङ) प्रस्ताव आह्वान:**

वर्षेनी निजी वा साझेदारी व्यावसायिक बंगुर फार्महरुबाट अनुसूची-१ अनुसार प्रस्ताव आह्वान गरिने छ । उक्त प्रस्तावको आह्वान पशु सेवा शाखाबाट हुनेछ । इच्छुक युवाहरुले निवेदनको साथमा अनुसूची- ३ (ग) बमोजिमको कार्ययोजनासहित प्रस्तावमा संलग्न हुनु पर्ने कागजात अनुसूची-२ अनुसार पेश गर्नुपर्नेछ ।

**च) प्रस्ताव मूल्यांकन :**

(१) प्रस्ताव आह्वान भए बमोजिम निर्धारित मिति र समयभित्रमा पेश हुन आएका प्रस्तावहरुको सूचि सार्वजनिक खरिद ऐन, ऐ.ऐ. नियमावली र प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा

मुचुल्का बनाई पशु सेवा शाखाले प्रारम्भिक छानविन गरी स्थलगत निरीक्षणका लागि विवरण तयार पार्नेछ ।

२) च (१) मा प्राप्त प्रस्तावहरुको प्रारम्भिक छानविन, स्थलगत निरीक्षण तथा अनुसूचीमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्यांकन गर्नका लागि तपसिल अनुसारको ५ सदस्यीय मूल्यांकन समिति रहने छ ।

**मूल्यांकन समितिको बनोट**

१. आर्थिक प्रशासन महाशाखा- १ जना

२. प्रशासन शाखा प्रमुख- १ जना

३. पशु सेवा शाखा प्रमुख- १ जना

४. पशु सेवा शाखाको, युवा लक्षित कार्यक्रम हेर्ने, अधिकृत सदस्य सचिव- १ जना

५. सेवा केन्द्र प्रतिनिधि- १ जना

छ) मूल्यांकनका आधारहरुः

(१) मूल्यांकनका आधारहरु अनुसूची-५(ग) मा उल्लेख भए अनुसार हुनेछन् ।

ज) प्रस्तावहरुको स्वीकृति :

१) मूल्यांकन समितिले अनुसूची-५ (ग) बमोजिमको ढाँचामा मूल्यांकन गरी छनोट भएका प्रस्तावहरु स्वीकृति/अनुमोदनका लागि अर्थ विकास समिति समक्ष पेश गर्नुपर्नेछ ।

२) पशु विकास कार्यदलमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूची-४(क) बमोजिम संझौता गर्ने दायित्व पशु सेवा शाखाको हुनेछ ।

झ) १) सम्झौता पश्चात पूर्वाधार महाशाखाबाट कार्य सम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन पश्चात शाखाबाट भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गरिनेछ ।

**२.१६.५ युवा लक्षित पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम**

**सहकार्यमा युवालक्षित पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम :**

पशु सेवा शाखाले स्वीकृत बार्षिक कार्यक्रम अनुसार राष्ट्रियस्तरको पत्रिका तथा उप-महानगरपालिकाको वेव साईटमा पशुजन्य उत्पादनहरुको बजार प्रबर्द्धन गर्न प्रथम चौमासिक अवधिभित्र तपसिल बमोजिमको क्रियाकलाप सञ्चालनको लागि प्रस्ताव माग गर्न ३५ दिनको सूचना प्रकाशन गर्नेछ ।

१. चिलिंग भ्याट स्थापना तथा सञ्चालन

२. डेरी पसल निर्माण/सुधार

३. मासु पसल निर्माण/सुधार

ख) सूचना प्रकाशन भए पश्चात इच्छुक युवाहरुले अनुसूची-२ अनुसारको निवेदन अनुसूची- ३ (घ) बमोजिम व्यावसायिक प्रस्ताव पशु सेवा शाखामा पेश गर्नु पर्नेछ ।

ग) प्रस्ताव पेश गर्दा अनुसूची-२ अनुसारका कागजातहरु अनिवार्य रुपमा समावेश हुनु पर्नेछ ।

घ) स्वीकृत बार्षिक कार्यक्रम बजेटमा उल्लेखित लक्षको आधारमा सार्जजनिक निजी साझेदारीमा अनुदान बितरण गरिनेछ ।

ङ) प्राप्त हुन आएका प्रस्तावहरु अनुसूची- ५ (घ) को आधारमा छनोट र स्वीकृत गरिनेछ ।

च) प्रस्ताव स्वीकृत भए पश्चात प्रस्तावक संग अनुसूची- ४(क) अनुसार द्विपक्षीय सम्झौता गरिनेछ ।

छ) कार्य प्रगति र पशु सेवा शाखाको प्राविधिक प्रतिवेदन सन्तोषजनक ठहरेमा अनुदान रकम १ किस्तामा उपलब्ध गराइनेछ । अनुदान प्राप्त कृषकले अनुदान बराबरको रकम थप गरी सो बराबरको कार्य सम्पन्न गर्नुपर्नेछ ।

**प्रस्ताव मूल्यांकन :**

(१) प्रस्ताव आह्वान भए बमोजिम निर्धारित मिति र समयभित्रमा पेश हुन आएका प्रस्तावहरुको सूची सार्वजनिक खरिद ऐन, ऐ.ऐ. नियमावली र प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मुचुल्का बनाई पशु सेवा शाखाले प्रारम्भिक छानविन गरी स्थलगत निरीक्षणका लागि विवरण तयार पार्नेछ ।

२) च (१) मा प्राप्त प्रस्तावहरुको प्रारम्भिक छानविन, स्थलगत निरीक्षण तथा अनुसूचीमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्यांकन गर्नका लागि तपसिल अनुसारको ३ सदस्यीय मूल्यांकन समिति रहने छ ।

**ज) मूल्यांकन समिति**

१. आर्थिक प्रशासन महाशाखा- १ जना

२. प्रशासन शाखा प्रमुख- १ जना

३. पशु सेवा शाखा प्रमुख- १ जना

४. पशु सेवा शाखाको, युवा लक्षित कार्यक्रम हेर्ने, अधिकृत सदस्य सचिव- १ जना

५. सेवा केन्द्र प्रतिनिधि- १ जना

झ) नोट समितिले नियमानुसारको रित पुऱ्याई प्रस्तावहरु मध्येबाट अनुसूची-५(घ) को आधारमा अनुदानका लागि उपयुक्त प्रस्तावहरुको छनोट गर्नेछ । प्रस्ताव छनोटको क्रममा प्रस्तावकहरुको समान अंक हुन आएमा पहिले दर्ता भएको प्रस्तावकलाई छनोट गरिनेछ र छनोट पश्चात अर्थ विकास समितिबाट अनुमोदन गराउनु पर्नेछ ।

ञ) छनोट समितिमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूची-४(ख) बमोजिम संझौता गर्ने दायित्व पशु सेवा शाखाको हुनेछ ।

झ)१) सम्झौता पश्चात यदि निर्माणको काम भएमा पूर्वाधार महाशाखाबाट

कार्य सम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन पश्चात शाखाबाट भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गरिनेछ

२.१६.६ **विविध**

२.१६.६.१ अनुगमन तथा मूल्यांकन : पशु सेवा शाखा, प्रमुख प्रशासकीय अधिकृत, नगर प्रमुख उप-प्रमुख तथा वार्ड प्रतिनिधि एवं सेवा केन्द्र प्रमुखहरुबाट नियमित अनुगमन गरिनेछ र सो को लिखित प्रतिवेदन समेत पेश गरिनेछ ।

सम्बन्धित युवा उद्यमीले अनुसूची-६ बमोजिम चौमासिक तथा वार्षिक प्रगति विवरण तयार गरी पेश गर्नु पर्नेछ ।

२.१६.६.२ कार्वाहीको व्यवस्थाः प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन, नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिनेछ ।

२.१६.६.३ प्रचलित कानुन लागु हुने : युवा लक्षित कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

२.१६.६.३ विमा : हरेक युवा लक्षित स्किम अन्तर्गत पशुहरुको अनिवार्य रुपमा पशु विमा गराउनु पर्नेछ

## अनुसूची- १

## पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रबर्द्धधन/बाखा प्रबर्द्धधन/पशुपंक्षी बजार प्रबर्द्धधन सम्बन्धी सहकार्यमा युवा लक्षित कार्यक्रमको प्रस्ताव आह्वानको सूचनाको ढाँचा

प्रथम पटक प्रकाशित मितिः ............

यस कार्यालयको आ.व. २०...../...../..... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन) सम्बन्धी कार्यक्रमको माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक १८ देखि ५० वर्ष उमेरमा अर्धवेरोजगार/बेरोजगार युवाहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक युवा वा साझेदारी फार्महरुले सरकारी निकायबाट विगत २ आर्थिक वर्षसम्ममा नगद वा वस्तुगत अनुदान सहयोग लिइसकेका फार्महरु छनोट प्रकृयामा समावेश हुने छैनन् । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ । पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. अनुसूची- २ अनुसारको आवेदन फाराम
२. अनुसूची- ३ अनुसारको संक्षिप्त कार्ययोजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) को प्रतिलिपिहरु

अनुसूची- २

**पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिइने आवेदन पत्र**

श्रीमान् प्रमुख प्रशासकीयज्यू
घोराहीउप-महानगरपालिका
नगर कार्यपालिका कार्यालय
घोराही दाङ

**विषयः सहकार्यमा युवा लक्षित अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने बारे ।**

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी.............. कार्य गर्न तीव्र इच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु। मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्लाभित्रै रही कार्य गर्नेछु।

पुनश्चः तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु।

तपसिल

१. अनूसूची-३ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. फर्म/समूह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा व्यक्तिगत कृषक
४. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) को प्रतिलिपिहरु
५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोर्टको प्रतिलिपि
६. परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव
७. पर्यावरणीय असरको न्यूनीकरण गर्ने उपाय र जैविक सुरक्षा सम्बन्धी विवरण
८. समूह/समिति/हकारीका सदस्यहरुको परियोजना पेश गर्न र परियोजना छनोट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता

निवेदकको
नाम :
दस्तखत :
संस्था व्यक्ति :
ठेगाना :

अनुसूची- ३ (क)

## पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रबर्द्धन/बाखा प्रबर्द्धन/पशुपंक्षी बजार प्रबर्द्धन सम्बन्धी कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना

युवा लक्षित विशेष पशु उत्पादन (व्यावसायिक गाई भैंसी पालन) कार्यक्रम

युवा/साझेदारी व्यावसायिक फार्मको नाम : सम्पर्क नम्बर :

ठेगाना : गाउँ/टोल वडा नं. उ. म. न. पा.

जिल्ला :

गाई भैंसी पालन गरिने स्थान :

युवा/साझेदारी व्यावसायिक गाई भैंसी पालन संचालन गरिने कार्य विवरण:

| *क.सं.* | *संचालन गरिने क्रियाकलाप* | *अपेक्षित अनुदान सहयोग (रु.)* | *नीजि लगानी (रु.)* | *जम्मा लगानी (रु.)* | *कैफियत* |
|---|---|---|---|---|---|
| *१* | | | | | |
| *२* | | | | | |
| *३* | | | | | |
| *४* | | | | | |
| *५* | | | | | |
| | *जम्मा* | | | | |

सहकार्यमा युवा लक्षित कार्यक्रम संचालन गर्न युवा व्यवसायिले न्यूनतम ५० प्रतिशत सहकार्य गर्नु पर्नेछ ।

गाई भैंसी पालन गरेको भए, विगत कति वर्षदेखि गाई भैंसीपालन निरन्तर गरिरहेको ?

वर्ष.......... महिना......... गाई/भैंसीको जात :

गाई/भैंसीको संख्या : गाईभैंसी पालन पद्धति :

राँगा साँढेको संख्या : घाँस खेती गरेको/गरिने क्षेत्रफल :

घाँसको किसिम : डाले घाँसको किसिम र संख्या :

व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारिक :

महिला संख्या : पुरुष संख्या :

ख) बाहिरबाट : महिला संख्या : पुरुष संख्या :

ग) जम्मा : महिला संख्या : पुरुष संख्या :

उत्पादित वस्तुको बजार : अपेक्षित वार्षिक प्रतिफल :

युवा/साझेदारी व्यावसायी फार्मको सञ्चालकको तर्फबाट सही गर्नेको :

नाम : संस्थाको छाप :

पद :

दस्तखत : मिति :

## अनुसूची- ३ (ख)

## पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रबर्द्धन/बाखा प्रबर्द्धन/पशुपंक्षी बजार प्रबर्द्धन सम्बन्धी कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना

व्यावसायिक बाखा फार्म प्रबर्द्धन कार्यक्रम

१. व्यावसायको परिचय

२. उद्देश्यहरु

३. बाखापालन व्यवसायमा अनुभव

४. व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त विवरण

५. व्यावसाय संचालनका लागि रहेका पूर्वाधारहरु

६. सहकार्यमा संचालन गरिने प्रस्तावित कार्य विवरण

| *क.सं.* | *संचालन गरिने क्रियाकलाप* | *अपेक्षित अनुदान सहयोग (रु.)* | *नीजि लगानी (रु.)* | *जम्मा लगानी (रु.)* | *कैफियत* |
|---|---|---|---|---|---|
| *१* | | | | | |
| *२* | | | | | |
| *३* | | | | | |
| *४* | | | | | |
| *५* | | | | | |
| | *जम्मा* | | | | |

नोट : सहकार्यमा बाखापालन गर्ने फर्म समूह समिति/सहकारीले ५०% रकम वरावरको रकम प्रस्तावित योजनामा समावेस गर्नु पर्ने छ।

७. उत्पादित वस्तुको बजार योजना

८. अपेक्षित वार्षिक प्रतिफल

प्रस्ताव पेश गर्ने

फर्म समूह समिति सहकारीको नाम : सम्पर्क नम्वर :

ठेगानाः गाउँ/टोल वडा नं. उ. म. न. पा. जिल्ला :

बाखा पालन गरिने स्थान :

फर्म समूह समिति सहकारीको तर्फबाट सही गर्नेको

नाम : संस्थाको छाप :

पद :

दस्तखत : मिति :

अनुसूची- ३ (ग)

**पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रबर्द्धन/बाखा प्रबर्द्धन/पशुपंक्षी बजार प्रबर्द्धन सम्बन्धी कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना**

युवा लक्षित व्यावसायिक बंगुरपालन कार्यक्रम

फार्म/साझेदारी फार्म नाम : सम्पर्क नम्वर :

ठेगाना : गाउँ/टोल : वडा नं. उ.म.न.पा. जिल्ला :

बंगुरपालन गरिने स्थान :

सहकार्यमा संचालन गरिने कार्य विवरण :

| *क.सं.* | *संचालन गरिने क्रियाकलाप* | *अपेक्षित अनुदान सहयोग (रु.)* | *नीजि लगानी (रु.)* | *जम्मा लगानी (रु.)* | *कैफियत* |
|---|---|---|---|---|---|
| *१* | | | | | |
| *२* | | | | | |
| *३* | | | | | |
| *४* | | | | | |
| *५* | | | | | |
| | *जम्मा* | | | | |

सहकार्यमा बंगुरपालन गर्ने व्यावसायी साझेदारी फार्मले न्यूनतम ५% रकम वरावरको रकम प्रस्तावित योजनामा समावेश गर्नु पर्नेछ।

बंगुरपालन गरेको भए विगत कति वर्षदेखि बंगुरपालन निरन्तर गरिरहेको हो ?

वर्ष.........महिना....... बंगुरका जातहरु :

बंगुरको संख्या : माउको संख्या : पाठापाठीको संख्या :

प्रजनन भालेको संख्या : अन्य बंगुरको संख्या :

खोरको अबस्था क) परम्परागत ख) सुधारिएको ग) आधुनिक

व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारिक ख) वाहिरबाट ग) दुवै

उत्पादित वस्तुको बजार :

अपेक्षित वार्षिक प्रतिफल :

निजी फार्म/साझेदारी फार्मको तर्फबाट सही गर्नेको

नाम :

पद :

दस्तखत :

मिति :

संस्थाको छाप :

अनुसूची- ३ (घ)

## पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रबर्द्धन/बाखा प्रबर्द्धन/पशुपंक्षी बजार प्रबर्द्धन सम्बन्धी कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना

युवा लक्षित पशुपंक्षी बजार प्रवर्दन कार्यक्रम

| | | | |
|---|---|---|---|
| १ | प्रस्तावकको नाम र ठेगाना, टेलिफोन नं. | | |
| २ | प्रस्तावकको फर्म भए दर्ता नम्बर | | |
| ३ | दर्ता भएको कार्यालय र मिति | | |
| ४ | भ्याट/पान दर्ता नम्बर | | |
| ५ | शैक्षिक योग्यता | | |
| ५.१ | तालिमको किसिम र अवधि | | |
| ६ | बिदेशमा काम गरेर फर्केको भए काम गरेको देश | | |
| ७ | बिदेश बसेको अवधि | | |
| ८ | पासपोर्ट नम्बर | | |
| ९ | हाल पेश गरेको प्रस्तावको नाम | | |
| ११ | प्रस्ताव कार्यन्वयन हुने स्थलको ठेगाना | | |
| १२ | उद्देष्यहरु | | |
| | | | |
| १३ | प्रस्तावित कार्यक्रमबाट हासिल हुने प्रमुख ५ उपलब्धिहरु | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| १४ | प्रस्तावित योजना कार्यन्वयन गर्ने स्थानमा बिद्यमान भौतिक पूर्वाधारहरु | | |
| | सडक छ/छैन | नजिकको बजारको नाम | |
| | कच्चि/पक्कि | दुरी | |
| | बिजुली छ/छैन | सदरमुकाम देखिको दुरी | |
| | पानीको ब्यवस्था | प्रत्यक्ष लाभान्वित संख्या | |
| १५ | लक्षित समुदाय तथा परिवार संख्या | | |
| १६ | सम्पन्न गर्ने कार्यक्रमहरुको बुंदागत बिवरणहरु | | |
| | | | |
| | | | |
| | | | |
| १७ | कुल अनुमानित कार्यक्रम बजेट | | |
| १८ | प्रस्तावकले थप गर्ने बजेट | | |
| १९ | योजना समाप्ति पश्चात हासिल हुने ५ उपलब्धिहरु बुंदागत रुपमा सम्भव भए परिमाण खुलाउने | | |

माथि उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु , कहीं कतै झुठो ठहरिएमा कानुन बमोजिम सजाय भोग्न तयार समेत रहेको ब्यहोरा अवगत गराउँछु/छौं ।

प्रस्तावक को नाम :

हस्ताक्षर :

ठेगाना :

संस्था/पद :

मिति :

## अनुसूची- ४ (क)

## घोराही उप महानगरपालिका पशु सेवा शाखाको युवालक्षित पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रबर्द्धन/बाखा प्रबर्द्धन/पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम संचालनको लागि गरिने सम्झौता-पत्र

घोराही उप महानगरपालिका पशु सेवा शाखा, ........................ मार्फत संचालन गरिने चालु आ.व. ............. को स्वीकृत लक्षित ................... कार्यक्रम संचालन गर्न पशु सेवा शाखा, (यस भन्दा पछाडि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनोट भएका युवा कृषक श्री/सुश्री/श्रीमती ................................................ (यस भन्दा पछाडि दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार १ किस्तामा सामग्री वा सोझै नगद ड्राफ्ट/चेक अनुदान स्वरुप उपलब्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ............................... व्यवसाय सञ्चालन गर्नेछ ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नरेको अनुगमन गर्नेछन् ।

४. गाई भैंसी/बंगुर/बाखापालन गर्ने व्यवसायी कृषकहरुले पशु विमा अनिवार्य गर्नुपर्ने छ ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुनेछैन ।

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

नोट : सम्झौतामा आवश्यकता अनुसार बुँदाहरु थपघट गर्न सकिनेछ

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| घो.उ.न.पा.को तर्फबाट सही गर्नेको | युवा उद्यमी वा संस्थाको तर्फबाट सही गर्नेको |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| सम्पर्क फोन नं. : | सम्पर्क फोन नं. : |
| कार्यालयको छाप : | संस्थाको छाप : |

औंठाको छाप :

दायाँ बायाँ

## अनुसूची- ४ (ख)

घोराही उप महानगरपालिका पशु सेवा शाखा को आ.व. ................ को स्वीकृत सहकार्यमा युवा लक्षित कार्यक्रम सञ्चालन गर्नको लागि मिति .................. को राष्ट्रियस्तरको पत्रिका .............................मा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये मिति .........................मा बसेको छनाृट समितीको बैठकबाट श्री ................................. को प्रस्ताव छनोट भएको हुँदा पशुपंक्षी पशु सेवा शाखा, .......................... (यस पछि प्रथम पक्ष भनिने) र श्री ....................................... (यस पछि दोश्रो पक्ष भनिने) बिच तपसिल अनुसारका शर्तहरु पालना गरी ..................................... कार्यक्रम संचालनका लागि द्विपक्षीय सम्झौता गरी बुझिलियौं/दियौं ।

तपसिल

१. प्रस्तावित ...................... कार्यक्रम जिल्ला .................... घो.उ.म.न.पा. .................. वडा नं. .......... टोलको ................. भन्ने ठाउँमा मिति .................. सम्ममा सम्पन्न गरिनेछ ।
२. प्रथम पक्षले शुरुमा कार्यक्रम सञ्चालानार्थ स्विकृत कार्यक्रम अनुसार स्वलगानीमा १०० प्रतिशत कार्य सम्पन्न गरे पश्चात रकम भुक्तानीको लागि बिल भरपाई पेश गर्नु पर्नेछ र सो अनुसार मनासिव ठहरेमा प्रथम पक्षले दोश्रो पक्षलाई अनुदान बापतको रकम भुक्तानी दिनेछ ।
३. कार्यक्रम सम्पन्न भए पश्चात नेपाल सरकारको नियमानुसार ब्यवसाय दर्ता गरी प्रमाणपत्र लिने, मूल्य अभिवृद्धि कर ख्वत दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर एवं प्रमाणपत्र लिने जस्ता कार्यहरु समयमै सम्पन्न गर्नु पर्नेछ ।
४. प्रस्तावित योजना सम्पन्न भए पश्चात मर्मत सम्भार लगायतका सम्पूर्ण कार्यहरुको जिम्मेवारी एवं दायित्व दोश्रो पक्षको हुनेछ ।
५. प्रस्तावित कार्यक्रम स्थल ५ वर्ष अगावै सम्झौता मुताविकको भन्दा अन्यत्र सारिने छैन तथापि काबु बाहिरको अवस्थामा स्थानान्तरण गर्नु परेमा प्रथम पक्षको लिखित स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ ।

६. दोश्रो पक्षले कारणबस प्रस्तावित कार्यक्रम बन्द गरेमा प्रथम पक्षले उपलव्ध गराएको अनुदान रकमबाट खरीद गरिएको उपकरण फिर्ता लिन सक्नेछ ।

७. प्रस्तावित कार्यक्रम सन्चालन गरिएको थलोमा ठेगाना तथा सहयोगी निकायको नाम उल्लेखित बोर्ड राख्ने कार्य दोश्रो पक्षले अनिवार्य गर्नेछ ।

८. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) प्रगति विवरण लगायत अन्य तथ्यांकहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

९. सम्झौता मुताविकको कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा संझौता भंग गरी दोश्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

१०. प्रथम पक्षको तर्फबाट कुनै पनि समयमा हुने कार्यकमको निरीक्षण/अनुगमन, तालिम भ्रमणमा सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित नियम कानुन र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

नोटः सम्झौताका बुँदाहरु आवश्यकता अनुसार थपघट वा परिमार्जन गर्न सकिनेछ ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम : | नाम : |
| ठेगाना | पद : |
| कार्यालयको छाप : | कार्यालयको छाप : |
| साँक्षी : | साँक्षी : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| ठेगाना | पद : |

इति सम्वत ............साल ........... महिना ..........गते रोज .......... शुभम् ।

## अनुसूची- ५ (क)

## युवा लक्षित विशेष पशु उत्पादन (व्यावसायिक गाई भैंसी पालन) कार्यक्रम संचालनका लागि छनोट गर्दा अपनाइने मूल्यांकनका आधारहरु

| क्रस | द.नं | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्य योजना २५ | व्यवसायको सम्भाव्यता/ उपयुक्तता १० | अनुभव/ तालिम १० | पालिरहेको गाई भैंसीको २० | घाँस विकास गरेको वा विकास गरिने जग्गाको क्षेत्रफल १५ | बैदेशिक रोजगारबाट फर्केको १० | जैविक तथा पर्यावरणीय सुरक्षा विधि १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

मूल्यांकन समितिका पदाधिकारीहरुको

| | | |
|---|---|---|
| नाम थर : | नाम थर : | नाम थर : |
| पद : | पद : | पद : |
| दस्तखत : | दस्तख : | दस्तखत : |
| मिति : | मिति : | मिति : |

## अनुसूची- ५ (ख)

## बाखापालन व्यवसायको प्रस्ताव छनोट गर्दा अपनाइने मूल्यांकनका आधारहरु

| क्र स | द न | आवेदकको नाम | ठेगाना | कार्य योजना १५ | व्यवसायको सम्भाव्यता/उपयुक्तता १५ | शैक्षिक योग्यता १० | बैदेशिक रोजगारबाट फर्केको १० | बाखापालन/ घाँस खेतीमा तालिम १५ | पालिरहेको बाखाको संख्या १५ | घाँस खेती गरेको जग्गा र चरनको क्षेत्रफल २० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

मूल्यांकन समितिका पदाधिकारीहरुको

| | | |
|---|---|---|
| नाम थर : | नाम थर : | नाम थर : |
| पद : | पद : | पद : |
| दस्तखत : | दस्तख : | दस्तखत : |
| मिति : | मिति : | मिति : |

## अनुसूची- ५ (ग)

## युवा लक्षित व्यावसायिक बंगुर प्रबर्द्धन कार्यक्रम संचालनका लागि छनोट गर्दा अपनाइने मूल्यांकनका आधारहरु

| क्रस | द नं | आवेदकको नाम | ठेगाना | कार्य योजना अंक २० | पर्यावरणिय असर न्यूनिकरण गर्ने उपायहरु १५ | पालिरहेको बंगुरको संख्या ३० | बैदेशिक रोजगारबाट फर्केका १५ | अनुभव/तालिम २० |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

मूल्यांकन समितिका पदाधिकारीहरुको

| | | |
|---|---|---|
| नाम थर : | नाम थर : | नाम थर : |
| पद : | पद : | पद : |
| दस्तखत : | दस्तख : | दस्तखत : |
| मिति : | मिति : | मिति : |

## अनुसूची- ५ (घ)

## युवा लक्षित पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम संचालनका लागि छनोट गर्दा अपनाइने मूल्यांकनका आधारहरु

| **मूल्यांकनका आधारहरु/अंक** | **२५** | **२०** | **१५** | **१०** | **कैफियत** |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | स्नातकोत्तर वा सो भन्दा बढी | स्नातक | प्रमाणपत्र तह | एस एल सी | |
| प्रश्ताव संग मेल खाने तालिम | ६ महिना भन्दा बढीको | ३ देखि ६ महिना सम्मको | २ देखि ३ महिना सम्मको | २ महिना भन्दा कम | |
| विदेश वसेको अवधि | ४ बर्ष वा सो भन्दा बढी | ३ देखि ४ बर्ष सम्म | २ देखि ३ बर्ष सम्म | १ देखि २ बर्ष सम्म | |
| प्रत्यक्ष लाभान्वीत संख्या | ३०० परिवार भन्दा बढी | २०० देखि ३०० परिवार सम्म | १०० देखि २०० सम्म | १०० सम्म | |

बिदेशबाट फर्केका युवाहरुको हकमा शैक्षिक योग्यताको र विदेश नगएका शिक्षित युवाहरुको हकमा बिदेश बसेको अवधिको नम्बर गणना गरिने छैन । जुन वढी छ सोहीलाई मात्र आधार मान्ने ।

पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रबर्द्धन बाखा प्रबर्द्धन/पशुपंक्षी बजार प्रबर्द्धन सम्बन्धी कार्यक्रमको प्रगति विवरण तयार फारामको ढाँचा

१. उद्यमी कृषकको
नाम :
ठेगाना :

२. सञ्चालित व्यवसायको
नाम :
ठेगाना :

३. आ.व.

४. प्रगति प्रतिवेदन अवधि :
चौमासिक/वार्षिक

| क.सं. | कार्य विवरण | लक्ष्य | प्रगति | आई परेका बाधा अड्चनहरु |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

**समाधानको लागि सुझावहरु**

प्रति ईकाई उत्पादित पदार्थको स्थानिय बजारको बिक्री मूल्य:

१. .............. २. ............. ३. ..............

युवा उद्यमीको नाम : दस्तखत :

मिति : ठेगाना :

नोट : युवा लक्षित अनुदान कार्यक्रम उल्लेख भएको हकमा १८ देखि ५० वर्षका उमेरका नेपाली नागरिकले संचालन गर्नेछन् भने युवा लक्षित अनुदान उल्लेख नभएको हकमा जुनसुकै उमेरमा संचालन गरिने छ ।

## २.१७ पशु स्वास्थकर्मी दर्ता तथा परिचालन

### परिचय

पशुपालन क्षेत्रमा बढ्दै गइरहेको व्यवसायिकरणको साथ साथै निजी क्षेत्रमा कार्यरत ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, पशु स्वास्थ्य प्राविधिक र पशु चिकित्सकहरुको संख्यामा पनि बढ्त्तरी भैरहेको छ । उनीहरुद्वारा प्रदान गरिएका सेवाहरुको गुणस्तरमा अभिबृद्धि गरी कृषकमुखी बनाउन ती सेवाहरुको नियमित अनुगमन निरीक्षण र सुपरिबेक्षण हुन आवश्यक देखिन्छ । यसको लागि पशु सेवा शखाले आफ्नो कार्यक्षेत्रभित्र निजीस्तरमा कार्यरत पशु स्वास्थ्यकर्मीहरुको अध्यावधिक रेकर्ड राख्न जरुरी हुन्छ ।

### उदेश्य

निजी क्षेत्रमा कार्यरत पशु स्वास्थ्यकर्मीहरुको अध्यावधिक रेकर्ड तयार गरी कामको निरीक्षण सुपरिबेक्षण, प्रबर्द्धन गर्ने र आवश्यकता अनुसार परिचालन गरी सेवा बिस्तार गर्ने ।

### कार्यविधि

- पशु सेवा शाखाले हरेक चौमासिक अवधिमा एकपटक जिल्लामा कार्यरत पशु स्वास्थ्य प्राविधिकहरुलाई दर्ता गर्नको लागि सम्वन्धित पशु सेवा केन्द्र, सिफारिस सहितको निवेदन आह्वान गर्नु पर्नेछ ।
- यस कार्यको लागि पशु सेवा केन्द्रमार्फत समेत  ब्यापकरुपमा प्रसार-प्रचार गर्नु पर्नेछ ।
- निवेदनमा पशु स्वास्थ्यकर्मीको योग्यता र नागरिकता प्रमाणपत्रको प्रतिलिपिहरु समावेश गरेको हुनु पर्नेछ । साथै सेवा पुर्‍याइरहेको क्षेत्र, अवधि, सेवाको किसिम आदि बारे पनि उल्लेख गरेको हुनु पर्नेछ ।
- आवश्यक परेमा यस्ता पशु स्वास्थ्यकर्मीहरुलाई योग्यता अनुसार रोगको रोकथाम, नियन्त्रण नमूना संकलन, सूचना संकलन र कृत्रिम गर्भाधान आदि कार्यमा नियमानुसार पारिश्रमिक दिई परिचालन गर्न सकिने छ ।

- जिल्लामा कार्यरत पशु स्वास्थ्यकर्मीले आफ्नो योग्यता अनुरुपको परिधिभित्र रही कार्य गर्नु पर्नेछ ।
- दर्ता गरिएका पशु स्वास्थ्यकर्मीहरुको विवरण पशु स्वास्थ्यका तालुक अड्डामा अनिवार्यरुपमा पठाउनु पर्नेछ ।
- दर्ताको लागि पर्न आएका निवेदनहरुलाई तपसिलमा उल्लेख भए अनुसार बर्गीकरण गरी प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

**वर्गीकरण**

१. भेटेरिनरी विज्ञान विषयमा स्नातक वा सो भन्दा माथिका उपाधि हासिल गरेका पशु चिकित्सकहरु ।

२. मान्यता प्राप्त शिक्षण संस्थाहरुबाट पशु विज्ञान विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेका वा पशु विज्ञन विषयमा १५ महिने जेटिए तालिम वा प्राविधिक शिक्षालयहरुबाट टि.एस.एल.सी. उत्तीर्ण भएका प्राविधिकहरु ।

३. पशु सेवा तालिम निर्देशनालय तथा प्राविधिक शिक्षालयहरुबाट कम्तिमा ३५ दिने ग्रा.प.स्वा.का. तालिमको पाठ्यक्रम अनुसारको तालिम लिएका ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताहरु वा सरकारको निकायबाट २०५२ सालभन्दा अघि ३० दिने ग्रा.प.स्वा.का. तालिम लिई कार्य गरिरहेका ग्रा.प.स्वा.का. हरु ।

४. उक्त कार्यक्रम संचालन गर्दा लाग्ने खर्च (स्टेशनरी, प्रचार प्रसार आदि) नियमानुसार गर्न सकिनेछ ।

**२.१८ विश्व रेबिज दिवस/विश्व भेटेरिनरी दिवस मनाउने**

रेबिज प्राणघातक रोग हो । यो रोगको कारणले संसारमा सरदर करिव ५५००० र नेपालमा १२५ जनाले हरेक वर्ष ज्यान गुमाउनु परेको छ । यस्ता प्राण घातक रोगहरुलाई नियन्त्रण गर्नको लागि जनचेतना फैलाउन आवश्यक छ । चेतनाको अभावमा धेरैको ज्यान गुमाउनु नपरोस् भनी विश्वव्यापीरुपमा जनचेतनामूलक विविध प्रचारात्मक कार्यक्रम संचालन

प्रारम्भ गरिएको परिबेशमा यस दिवशलाई प्रत्येक वर्षको September 28 तारिकका दिन मनाउँदै आएको हुँदा नगरस्तरीय सप्ताहब्यापी कार्यक्रम संचालन गरिने छ । विश्व व्यापी रुपमा अप्रिल महिनामा भेटेरिनरी पेशामा संलग्न व्यक्तिहरुले संगठित भै पेशाको महत्व बढाउने तथा जनचेतनामूलक विविध प्रचारात्मक कार्यक्रम संचालन गरी विश्व भेटेरिनरी दिवस मनाउने गरिएको सन्दर्भमा नेपालमा समेत यो दिवश जनचेतनामूलक विविध प्रचारात्मक कार्यक्रम संचालन गरी मनाउन कार्यक्रम संचालन गरिने छ । यी दिवशको सन्दर्भमा विभिन्न स्थानमा पशु स्वास्थ्य शिविर संचालन गर्ने, उपचार बारे जनचेतना जगाउने र कुकुर विरालोमा रेबिज रोग नियन्त्रण गर्न खोप कार्यक्रम संचालन गर्न रेबिज रोग नियन्त्रण शिविर संचालन बढी महत्वपूर्ण मानिएको छ ।

**उदेश्य**

भेटेरिनरी पेशाको महत्व तथा रेबिज रोग बारे जनचेतनामा अभिबृद्धि गर्ने ।

**कार्यविधि**

- रेबिज रोग नियन्त्रण कार्यका जिम्मेवार/सरोकारवाला निकायहरु जस्तैः सबै तहका पशु सेवा शाखा, पशु स्वास्थ्य सम्बन्धी कार्यमा संलग्न सरकारी तथा गैरसरकारी संघ संस्था र स्थानीय क्लबहरुको संयुक्त सहभागितामा कार्यक्रम संचालन गर्ने ।
- सञ्चालन गर्ने कार्यक्रमहरु स्थानीय आवश्यकता अनुसार तपसिलमा उल्लेखितमा थपघट गर्न सकिनेछ ।

**कार्यक्रमहरु**

१. प्रचार प्रसार अन्तर्गत

(क) नारा अंकित व्यानर, तुल आदिबाट जनचेतना अभिबृद्धि गर्ने ।

(ख) नारा अंकित छाप बनाई सप्ताहा अवधिभर कार्यालयहरुबाट चलान गरिने पत्रहरुमा छाप लगाउने ।

(ग) पोष्टर पम्प्लेट छपाई वितरण गर्ने ।

(घ) नगरस्थित सरकारी माध्यमिक विद्यालयका आठ र नौ कक्षमा अध्ययनरत बिद्यार्थीहरु बीच रेबिज सम्बन्धि उपयुक्त शीर्षकमा जिल्लास्तरीय निबन्ध लेख प्रतियोगिता सञ्चालन गर्ने ।

(ङ) स्थानीय पत्र-पत्रिकामा यस सम्बन्धी लेख प्रकाशन गर्ने ।

(च) स्थानीय सञ्चार माध्यमहरुको सहयोग लिई अन्तरसम्बाद कार्यक्रम प्रसारण गर्न लगाउने

२.१८.१ रेबिज रोग नियन्त्रण शिविर (**Rabies Control Campaign**)

चेतनाको अभावमा रेबिज रोगबाट धेरैको ज्यान गुमाउनु नपरोस् भनी देशका विभिन्न ठाउँमा शिविर संचालन गर्न, रोगबारे जनचेतना जगाउने र भुस्याहा कुकुरहरुलाई नियन्त्रण गर्न र खोप कार्यक्रम संचालन गर्न रेबिज रोग नियन्त्रण शिविर संचालन महत्वपूर्ण मानिएको छ ।

उद्देश्य

कुकुर बिरालोहरुलाई रेबिज रोग विरुद्दको खोप लगाउने र यस रोग बारे जनचेतनामा अभिबृद्धि गर्ने ।

कार्यविधि

- पशु सेवा शाखाले आफ्नो स्वीकृत लक्ष्य अनुरुप शिविर संचालन हुने मिति तोकी रेडियो, पोष्टर, पम्पलेट, लिफ्लेट आदिको माध्यमबाट ब्यापक प्रचार प्रसार गर्नु पर्नेछ ।
- शिविर संञ्चालन हुनु अगावै शिविर संञ्चालन हुने मिति र स्थान बारे व्यापक प्रार प्रसार गरी संचालन गरिनेछ ।
- शिबिरमा अनिवार्यरुपमा नेपालमा बनेको टिस्यू कल्चर एन्टिरेबिज भ्याक्सिन प्रयोग गर्नु पर्नेछ ।
- भूस्याह कुकुरहरुलाई मानवीय तरिकाले नियन्त्रण गर्नु पर्नेछ ।
- शिविर संचालन स्वीकृत बजेट अनुसार खर्च गर्नु पर्नेछ ।
- यो कार्यक्रम स्थानीय, उपमहानगरपालिका, वा अन्य संघ संस्थाबाट

आर्थिक सहयोग जुटाएर समेत गर्न सकिनेछ ।

**२.१८.२ जोखिम खोप सेवा**

**परिचय**

बिरामी तथा मृत्यु भएका पशुपंक्षीहरुको उपचार तथा नियन्त्रणमा संलग्न प्राविधिकहरुलाई यस्ता केही रोगहरु सर्न सक्ने प्रवल सम्भावना हुन्छ । यस्तो जोखिमबाट बच्नको लागि प्रि तथा पोष्ट भ्याक्सिन लगाउने ब्यवस्था हुनु आवश्यक पर्दछ ।

**उद्देश्य**

पशुपंक्षीमा संक्रमण भएका रोगहरु उपचार तथा नियन्त्रण गर्ने प्राबिधिकलाई रोग सर्नबाट रोकथाम गर्ने ।

**कार्यविधि**

- जोखिमपूर्ण कार्यालयहरु पशु सेवा शाखा तथा मातहतका सेवा केन्द्रहरुमा कार्यरत कर्मचारीहरुलाई प्रि तथा पोष्ट एक्स्पोजर रेबिज भ्याक्सिनको ब्यवस्था सम्बन्धित कार्यालयले औषधिको बजेटबाट खर्च गरी जोखिम खोप सेवा सञ्चालन गर्ने ।

## २.१९ कृषक समूह गठन तथा परिचालन

पशुपालन पेशालाई वढी प्रतिस्पर्धी आधुनिक तथा प्रविधियुक्त वनाई पशुपालनका विविध पक्षलाई आयआर्जनका अन्य विवध वैकल्पिक रोजगारका माध्यम सरह प्रतिस्पर्धायुक्त वनाउन कृषकलाइ एकीकृत गरी पशु उत्पादनका विविध प्रविधिको प्रसारलाई सक्षम बनाउन, उत्पादनको परम्परागत प्रणालीलाई विकसित गरी आधुनिक प्रविधिको अवलम्बन गर्दै पशुपालन पेशालाई व्यावसायीकरण गर्ने उद्देश्य अनुरुप पशुपालन प्रविधिलाई सरल र सहजरुपमा कृषकमाभ पुऱ्याउन कृषकहरुको व्यक्तिगत तथा संस्थागत विकासका लागि कृषक समूह गठन गर्न आवश्यक भएकोले यो कार्यविध तयार गरी लागु गरिएको छ ।

### २.१९.१ कृषक समूह गठन

कृषक समूह गठनको उद्देश्यः स्थानीय सरकार संचालन ऐन, २०७४ र तोके बमोजिमका गरिने विविध उन्नत पशुपालन प्रविधिका प्रसारका कृयाकलापलाई प्रभावकारी, गुणस्तरीय र छिटोछरितो संचालन गरी कृषकहरुको पशुपालन सम्बन्धी निर्णय क्षमता र नेतृत्व विकास गर्न, बचतमार्फत सामुदायिक पूँजीको विकास गरी विविध पशुपालन कार्यमा लगानी गरी व्यवसायिक एवं प्रतिस्पर्धी पशुपालन प्रणालीको संस्थागत विकास गर्नका लागि कृषक समूह सजिलो र दिगो माध्यम भएकोले स्थानीयस्तरमा कृषक समूह गठन गर्नु आवश्यक रहेकोछ । यस निर्देशिका बमोजिम गठन हुने समूहको उद्देश्य तथा कार्यहरु निम्न अनुसार छनः

१. कृषक समुदायहरुको बसोबास रहेको स्थानिय हावापानी अनुसारको पशुपालन प्रविधिको अवलम्वन गरी व्यवसायिक प्रतिस्पर्धी पेशाको रुपमा विकास गर्ने ।
२. समूहमा उन्नत घाँस, नष्ल र प्रविधिहरुको व्यवस्थापन गर्ने ।
३. पुशपालन व्यवसायबाट उत्पादित वस्तुको प्रवर्द्धन प्रशोधन र बजारीकरण गर्ने ।

४. समूहमार्फत पशुपालनका विविध विधाहरुको प्रभावकारी प्रसार गर्ने ।
५. गोठ तथा भकारो सुधार गर्ने ।
६. सरकारी तथा गैरसरकारी निकायहरुसँग प्रभावकारी समन्वय गर्ने ।
७. जैविक विवधता संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्ने ।
८. मासिक बचत गरी पूँजी विकास गर्ने र विविध कृषि कार्यमा लगानी गर्ने ।

२.१९.२ कृषक समूह गठन तथा समूह दर्ता

१. समूहमा कृषक संख्याः समान जात र नश्लका पशुपालन कार्यमा आबद्ध भएका र एउटै उद्देश्य लिएका १५ देखि २५ जनासम्मका (२० जना) कृषकहरु स्वःस्फूर्त रुपमा आफैं वा कार्यालयको पशु सेवा केन्द्रका प्राविधिक कर्मचारीको सहयोगमा एक घरधुरी एक मात्र सदस्य रहने गरी कृषक समूह गठन गर्न सक्ने छन् । तर कुनै विशेष प्रयोजनका लागि २० जवान सदस्य पुर्‍याउन नसकिने अवस्थामा कम्तिमा १० जवान कृषक मात्र भए पनि समूह गठन गर्न सकिनेछ ।
२. शाखा/सेवा केन्द्रबाट सहजीकरणः उन्नत पशुपालन प्रणाली अपनाउनका लागि समूह गठन गरी पशुपालन व्यवसायको प्रसार कार्यक्रममा सहभागी हुन कृषकहरुबाट अनुरोध भएमा पशु सेवा शाखा वा पशु सेवा केन्द्रका प्राविधिकले कृषक समूह गठन तथा परिचालन कार्यमा सहजीकरण गर्नेछन् ।
३. स्टेशनरी सहयोगः पशु सेवा शाखाको समूह गठन गरी कार्यक्रम संचालन गर्दा वखत आवश्यक समूह बैठकका लागि रजिष्टर, कलम, फायलहरु र छाप सहयोग गर्न सक्नेछ ।
४. समूह दर्ताको लागि निबेदन दिनु पर्नेः समूहले तयार पारेको विधानको सबै पानामा समूहका सबै सदस्यहरुबाट प्रमाणित गरी सम्बन्धित वडा कार्यालय तथा तथा पशु सेवा केन्द्रको सिफारिससहित अनुसूची-१ बमोजिमको निबेदन दिनु पर्नेछ । यस अघि जिल्ला पशु सेवा

कार्यालय वा अन्य कुनै संघसंस्थाहरुमा दर्ता भएको समूहको हकमा पुराना प्रमाणपत्रहरु तथा प्रगति देखिने अन्य कागजातहरु समेत संलग्न राख्नु पर्नेछ ।

५. समूहको आफ्नो छाप र विधान हुनु पर्नेः समूहको वैठक बसी समूह बैठकको निर्णयको साथमा समूहको विधान, समूह दर्ताको लागि पशु सेवा शाखालाई लेखिएको पत्र र अनूसूची-२ बमोजिमको सदस्य कृषकहरुको विवरण संलग्न राख्नु पर्नेछ । समूहले आफ्नो विधान तयार गर्नका लागि मस्यौदा विधान पशु सेवा शाखाबाट प्राप्त गर्न सक्ने छन् । उक्त मस्यौदालाई आफ्नो भौगोलिकता र उद्देश्य अनुकूल परिमार्जन गर्न सकिने छ । समूहको छाप आफ्नै छाप हुनु पर्नेछ ।

६. सर्व सहमति र सहमति समूह निर्णयको आधारः समूहमा रहने विभिन्न पदका पदाधिकारीहरु चयन गर्दा सर्बसम्मतबाट हुनेछन् । यदि सहमति हुन नसकेमा निर्वाचनको माध्यमबाट पदाधिकारी सदस्यहरुले चयन गर्नेछन् । यसरी गरिने निर्वाचनमा समूहको अनुरोधमा पशु सेवा शाखा तथा यसका सेवाकेन्द्रबाट सहजीकरण हुन सक्नेछ ।

७. निःशुल्क दर्ता हुनेः उपरोक्त बमोजिम दर्ता हुन आएको निबेदन उपर कार्यालयले प्राप्त निबेदन उपर आवश्यक प्रक्रिया पूरा गरी समूह दर्ता गर्नुपर्छ भन्ने लागेमा समूह दर्ता गरी समूह दर्ता प्रमाणपत्र प्रदान गरिनेछ । वडा कार्यालयबाट समूह दर्ताको सिफारिस गर्दा वा कार्यालयमा समूह दर्ता गर्दा कुनै दस्तुर लाग्ने छैन ।

८. प्रमाण पत्र दिइनेः  वार्ड कार्यालयबाट भएको सिफारिस तथा सेवा केन्द्रबाट भएको सिफारिसका आधारमा शाखाले लिइने निर्णय अनुसार दर्ता गरिने समूहलाई समूह दर्ता प्रमाणपत्र दिइने छ। समूह दर्ता प्रमाणपत्र प्राप्त गरे पछि कार्यालयमा सो को अभिलेखीकरण भएको मानिने छ। समूह दर्ता भएपछि यस्ता समूहहरु नगरपालिकाबाट सञ्चालन गरिने पशु विकास कार्यक्रममा सहकार्य गर्नेछन् ।

९. निःशुल्क नवीकरणः समूह गठन र दर्ता उपरान्त प्रत्येक आर्थिक वर्षको

आश्विन मसान्तभित्रमा समूह नवीकरण गर्नु पर्नेछ । अन्यथा रु. १०० तिरी जरिवाना लिई नवीकरण गरिने छ ।

**२.१९.३ कृषक समूह परिचालन**

१. बैठक बस्नु पर्नेः समूह गठन भए पश्चात कृषकहरु आफ्ना पशुपालन कार्यहरुका बारेमा छलफल गर्न नियमित रुपमा महिनामा एक पटक समूह बैठक अनिवार्य रुपमा बस्नु पर्नेछ । समूहको आवश्यकता अनुसार जुनसुकै बेला पनि समूहको बैठक बस्न सक्नेछ । वैठक पश्चात भएका निर्णयलाई रजिष्टरमा माइन्यूट गरी राख्नुपर्नेछ ।

२. समूह बचत र परिचालनः बैठकको निर्णय अनुसार मासिक बैठकमा सदस्यहरुले मासिक बचत समेत जम्मा गर्ने छन् । समूह बचत कोषबाट पशुपालन प्रयोजनका लागि तोकिए बमोजिमको ब्याजदरमा सदस्यहरुले ऋण लिन पाउने छन् ।

३. समूहको बैक खाता सञ्चालनः नजिकको बैकमा समूहको खाता खोलिने छ । जसमा अध्यक्षको अनिवार्य सहित कोषाध्यक्ष र सेवाकेन्द्र प्रमुखको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ ।

४. घाँसेवाली क्यालेण्डर तयार गर्नेः समूहमा सदस्यहरुले प्राविधिकको सहयोगमा घाँसेवाली क्यालेण्डर तयार गर्ने छन् ।

५. समूहको निर्णय समूह पद्धतिमा गरिनु पर्नेः समूहमा आइपर्ने प्राविधिक समस्याहरु सम्बन्धित प्राविधिकको सहयोगमा निवारण गर्ने छन् । समूहमा आइपर्ने अन्य समस्याहरु समूहको निर्णय अनुसार समाधान गरिनु पर्नेछ । सो हुन नसकेमा प्रचलित ब्यवस्था अनुसार हुनेछ । समूहको अनुरोधमा कार्यालयबाट सो को सहजीकरण गर्न सकिनेछ ।

६. समूहको रेकर्डः समूहको एक फायल पशु सेवा केन्द्रमा रहने छ जसमा समूहको निर्णय, विभिन्न कार्यक्रमहरुमा सहभागी भएको रेकर्डहरु, समूहको बैंक खाताको स्टेटमेन्ट आदि रहने छन् । समूहले पनि आफ्ना कृयाकलापहरुको रेकर्ड अद्यावधिक गरी राख्नु पर्नेछ ।

७. पशुपालन खर्चको विवरण राख्नु पर्नेः समूहका प्रत्येक सदस्यहरुले

अ ा प न ू ल
गरेको पशुपालन कार्यको उत्पादन, भन्डारण, ढुवानी, बजारीकरण लगायत सबै कार्यहरुको लागत खर्च र बिक्रीबाट भएको आम्दानीको अभिलेख राख्नु पर्नेछ र अध्ययन लगायतका प्रयोजनका लागि शाखाबाट माग भएको अवस्थामा उपलब्ध गराउनु पर्नेछ ।

८. प्रगति प्रतिबेदन र समीक्षाः समूहले प्रत्येक मासिक बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयन अवस्था, प्राप्त भएको उपलब्धि र प्रगतिहरु, परिआएका समस्याहरु, समस्या समाधानका लागि गरिएका प्रयासहरु र सो को प्रतिफल, पशुपालनको अवस्था, पशुपालन गर्दा घाँस लगाउँदा भएको खर्च पशुजन्य उत्पादन उपरान्त बिक्री गरी भएको आम्दानी आदि कार्यहरुको चौमासिक समीक्षा गर्नु पर्नेछ ।

९. समूहमा मेलमिलाप हुनु पर्नेः समूहका सदस्यहरुले आपसमा मेलमिलापको भावना कायम राख्नु पर्नेछ । यस समूहका बैठकहरुमा समूहका सदस्यहरुको निजी बैयक्तिक विषयहरु उपर छलफल गर्दा उपयुक्त हुन्छ भन्ने समूहलाई लागेमा यस्ता विषयहरु उपर समेत छलफल गरी सामाजिक सद्भाव, सहकार्य, साझेदारिता बृद्धिमा योगदान गर्न सक्ने छन् ।

१०. व्यवसाय दर्ता गर्नुपर्नेः पशुपालन कार्यलाई व्यवसायमूलक रुपान्तरणका लागि समूह गठन गरिने भएकोले समूहका सदस्यहरु मिलेर समूहगत रुपमा सञ्चालन गर्ने पशुपालन ब्यवसाय नगरपालिकामा दर्ता गर्नु पर्नेछ । पशुपालन ब्यवसायको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

११. पशुजन्य उत्पादन सामग्री बजार ब्यवस्थापनः समूहले पशुजन्य उत्पादन सामग्रीहरुको ब्यवस्थापनको लागि प्रचलित कानून बमोजिम अनुमति लिई घाँसको बिउ विजन, सेटहरु, उन्नत नश्लका पशु (भाले तथा पोथी) मेशीनरी लगायत पशु उत्पादन सामग्रीहरुको ब्यवस्थापन र ब्यापारिक कारोबार गर्न सक्ने छन् । त्यसैगरी आफ्नो समूहभित्र वा

बाहिरका कृषकहरुले उत्पादन गरेका पशुजन्य उत्पादनको प्रशोधन र बजारीकरणका कार्यहरु समेत गर्न सक्ने छन् ।

१२. नगरपालिकाको कार्यक्रममा सरिक हुनुपर्नेः कृषक समूहले नगरपालिकाबाट सञ्चालन हुने कुनै पनि किसिमका पशु सेवा वा गैर पशु सेवा कार्यक्रमहरुलाई सफल पार्न यथाशक्य सहयोग गर्नु पर्नेछ ।

१३. अन्तर समूह समन्वय समितिः एउटै प्रकृतिका समूहहरुबाट प्रतिनिधित्व गरी अन्तर समूह समन्वय समितिको गठन गर्न सकिनेछ । समूह पद्धतिलाई विकसित गर्दै संस्थागत अभ्यास सुदृढ गर्नका लागि सबै समूहहरुबाट १/१ प्रतिनिधिहरु रहने गरी उपमहानगरस्तरीय समूह समन्वय समितिको गठन हुनेछ । यसको दर्ता तथा कार्यविधि तोके बमोजिम हुनेछ र यसले कृषक समूहबाट उत्पादित वस्तुहरुको थोक वजारीकरण गर्नेछ । यस सम्वन्धमा नगरपालिकाले छुट्टै कार्यविधि वनाइ सञ्चालन गर्नेछ ।

१४. उप-महानगरस्तरीय कृषक मूल समितिः घोराही उप-महानगरमा रहेका विभिन्न प्रकृतिका अन्तर समन्वय समितिबाट प्रतिनित्व हुने गरी उप-महानगरस्तरीय कृषक मूल समिति रहनेछ । समूहहरु कृषकहरुको संजालका रुपमा उप-महानगरभित्रका सबै कृषक समूहहरुका प्रतिनिधिमूलक संस्थाका रुपमा एक उप- महानगरस्तरीय कृषक मूल समितिको गठन गर्न सकिनेछ । यसको दर्ता तथा सञ्चालन कार्यविधि तोके बमोजिम हुनेछ ।

१५. पशुपालन सहकारीमा परिणत हुनेः कृषक समूह गठन पश्चात समूहगत अभ्यासहरुको अनुभवको आधारमा सहकारितामा परिणत हुन चाहेमा प्रचलित कानून अनुसार पशुपालन समूह सहकारीमा परिणत हुन सक्नेछ । यस्तो अवस्थामा साविक कृषक समूहले गरको सबैकार्यहरु सोही सहकारी संस्थाबाट गरे सरह मान्य हुनेछ ।

१६. टोल विकास संस्थाले कृषक समूह परिचालन गर्न सक्नेः नगरपालिकाबाट गठन भएका र गठन हुने टोल विकास संस्थाहरु नगरपालिकाबाट

तोकिए बमोजिम समूह दर्ता गरी कृषक समूहका रुपमा पनि कार्य गर्न सक्नेछन् । तर टोल विकास संस्थामा २५ जना भन्दा बढी घरधुरी भएको अवस्थामा टोल विकास संस्थाको सहजीकरणमा रहने गरी २५/२५ जवानको समूह गठन हुन सक्नेछ ।

१७. समूह बाहेक पनि पशु सेवाका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेः नगरपालिकाबाट सञ्चालन हुने पशु सेवाका कार्यक्रमहरुको प्रकृति अनुसार कृषक समूह, कृषि सहकारी संस्थाहरु, पशुपालनमा आधारित गैरसहकारी संस्थाहरु, गाउँ तथा टोल समितिहरु, निजी व्यवसायीहरु, कम्पनी लगायत अन्य कुनै पनि सरोकारवाला संस्था तथा निकायहरुसँग सहकार्यमा सञ्चालन गर्न सकिने छ ।

१८. नगर क्षेत्रभित्र क्रियाशील सहकारी संस्थाहरुले पशुपालन सम्बन्धी समूह गठन गरी कार्य गरेको अवस्थामा त्यस्ता समूहलाई यस निर्देशिका प्रयोजनका लागि यसै निर्देशिका बमोजिम गठित समूह मानिनेछ ।

### २.१९.४ कृषक समूहको नियमन र पारदर्शिता

१. बार्षिक लेखा परीक्षण र सार्वजनिक सुनुवाईः समूहले वार्षिक रुपमा नियमानुसार लेखा परीक्षण गराउनु पर्नेछ । लेखा परीक्षण प्रतिबेदनको एक प्रति सेवा केन्द्रमा समेत उपलब्ध गराउनु पर्नेछ । त्यस्तै वर्षको एक पटक साबर्जनिक सुनुवाई पनि सञ्चालन गर्नुपनर्छ ।

२. वार्षिक साधारण सभाः समूह गठन भई दर्ता भएको एक वर्षभित्र र प्रत्येक वर्ष-वर्षमा समूहले साधारणसभाको आयोजना गर्नु पर्नेछ । साधारणसभामा वार्षिक कार्यक्रमहरुको प्रगति समीक्षा, वार्षिक आयव्ययको विवरण, आउँदो वर्षको कार्यक्रमहरुको तर्जुमा लगायत नियमानुसार सम्पादन गर्नुपर्ने कार्यहरु समेत पारित गर्नु पर्नेछ । यसको एक प्रति प्रतिबेदन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

३. अधिवेशन र विशेष अधिवेशनः समूहको सर्वोच्च अंग समूहको अधिवेशन हुनेछ । अधिवेशन गर्ने अवधि समूहको विधान बमोजिम निर्धारण हुनेछ । विधानमा समूहले विशेष अधिवेशनको व्यवस्था समेत गर्न

सक्नेछ ।

४. अन्य संघसंस्थाहरुसँगको समन्वयः समूहले अनुमति लिई कुनै अन्य संघ संस्थासँगको सहकार्यमा पशपालन प्रविधि अनुसन्धान तथा विकास सम्बन्धी कार्यहरु सञ्चालन गर्न सक्नेछन् ।

५. समूहको अनुगमनः यस नगरपालिकाको अनुगमन ब्यवस्था बमोजिम नगरपालिकाबाट एवं नगरपालिकासँगको समन्वयमा नेपाल सरकारका सबै निकायहरुले कृषक समूहका कृयाकलाप एवं समूहका कागजातहरुको अध्ययन, अवलोकन र अनुगमन गरी पृष्ठपोषण गर्न सक्ने छन् । प्राप्त पृष्ठपोषणहरु उपर समूह बैठकमा छलफल गरी निर्णय गर्नु पर्नेछ ।

२.१९.५ विविध

१. समूह निष्कृयको अवस्थाः लगातार ३ महिनासम्म मासिक बठैक नबसेमा, समूहले पशुपालन तथा प्रसार कार्यमा अभिरुचि नराखेमा, अन्य विभिन्न कारणहरुले समूह निष्कृय भएको गुनासो प्रमाणित भएमा समूह निष्कृय भएको मानिनेछ । यस्तो अवस्थामा कार्यालयबाट सञ्चालन हुने पशु सेवा कार्यक्रमहरुको लागि उक्त समूहसँग साझेदारी गर्न सकिनेछैन ।

२. समूह विघटन हुन सक्नेः पटक-पटक समूहको विधान विपरित कार्य गरेको प्रमाणित भएमा, सरकारी जायजेथा वा रकम हिनामिना वा दुरुपयोग गरेमा, समूह निष्कृय भएमा, समूहको निर्णय अनुसार समूह विघटन गरिएमा, प्रचलित नियम विपरितका कार्यहरु गरेमा स्थानीय टोल विकास संस्था समेत वडा कार्यालयको सिफारिसमा कार्यालयबाट छानविन गरी समूह बिघटन गर्न उचित देखिएमा बिघटन गरिनेछ । तर समूहमा सदस्यहरुबाट जम्मा भएको बचत रकम समूहको अभिलेखको आधारमा साँवा ब्याज वितरण गरिने छ ।

३. संशोधनः आवश्यकता र औचित्यताको आधारमा नगर कार्यपालिकाको निर्णय अनुसार यो कार्यविधि संशोधन गर्न सकिने छ ।

४. खारेजीः यस कार्यविधिमा उल्लेखित कुराहरु प्रचलित कानून बमोजिम बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछन् ।

अनुसूची- १

**(कार्यविधिको बुँदा नं. ३ (४) बमोजिम समूह गठनका लागि कार्यालयमा दिइने निबेदन)**

मितिः २०७....../..../.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
घोराही उप-महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
घोराही

**विषयः समूह दर्ता गरी पाउँ ।**

समूह गठन गरी सामूहिक प्रक्रियाद्वारा पशु विकास कार्यक्रममा सहभागी हुन संलग्न विवरण बमोजिम हामी संगठित भई समूह गठन गरेका छौं । समूह गठन र परिचालन बारेमा घोराही उप- महानगरपालिकाको नियमावली/मार्गदर्शन/कार्यविधि र प्रचलित कानून अनुसार कार्य गर्ने छौं ।

संलग्न कागजातहरुः

१. समूहको पहिलो बैठकको निर्णय प्रतिलिपि पाना-
२. समूहको विधान पाना-
३. अनुसूची- २ अनुसारको समूह सदस्यहरुको विवरण पाना-
४. अन्य केही भए सो को विवरणः

१ सम्बन्धित टोल विकास संस्थाको सिफारिस समूहको निबेदन अनुसार निम्न समूहलाई बुटवल उप-महानगरपालिकामा दर्ता गर्न सिफारिस गरिन्छ

सिफारिस गर्नेको नामः
पद :
दस्तखत : मिति :
छाप :

२ सम्बन्धित वडा कार्यालयको सिफारिसः

समूहको निबेदन अनुसार निम्न समूहलाई घोराही उप-महानगरपालिकामा दर्ता गर्न सिफारिस गरिन्छ ।

सिफारिस गर्नेको नाम :

पद :

दस्तखत :

मिति :

वडा कार्यालयको छाप :

निवेदक :

समूहको नाम :

ठेगाना :

समूह अध्यक्षको नाम :

सम्पर्क फोन नं.:

समूहको छाप :

हरितक्रान्ति, आत्मनिर्भरता, सहभागिता र समता
मानव विकास स्वास्थ र स्वच्छ घोराही उप-महानगरपालिका
घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा घोराही, दाङ
५ नं. प्रदेश
दर्ता नं. : मिति :

**कृषक समूह दर्ता प्रमाणपत्र**

पशुजन्य उत्पादन कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले मिति................मा गठन भएको घोराही उप-महानगरपालिका वडा नं. ............. स्थित श्री ........................................ समूह यस घोराही उप-महानगरपालिका, नगर कार्यपालिकाको मिति............................... को निर्णय अनुसार समूह गठन अभिलेखमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

पशु सेवा शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत

समूह नवीकरणको विवरण

| नवीकरण | | | नविकरण शुल्क | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मिति | मान्य रहने अवधि | | दस्तुर रु | जरिवाना रु | जम्मा रु | रसीद नं | फाँटवाला | प्रमाणीत गर्ने |
| | देखी | सम्म | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नोट :

१. योप्रमाणपत्र समूहको कार्यालयमा सबलै देखिने गरी राख्नुपर्नेछ ।

२. प्रत्येक आ.ब. को समाप्ति पछिको आश्विन महिनाभित्र निःशुल्क नवीकरण

गरी सक्नु पर्नेछ ।

३. तोकिएको समयभित्र नवीकरण नगराएमा रु. १००।०० जरिवाना लिई नवीकरण गर्न सकिनेछ ।

४. यो प्रमाणपत्र हराएमा समूहको निर्णय अनुसार माग गरेमा रु. १००।०० जरिवाना लिई प्रतिलिपि उपलब्ध गराउन सकिनेछ ।

५. अन्य कुराको हकमा समूहको विधान र प्रचलित ऐन अनुसार हुनेछ ।

कृषक समूहका सदस्यहरुको बैयक्तिक विवरण

घोराही उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, घोराही

कृषक समूहको नाम :

समूह गठन मिति :

कृषक समूह स्थित ठेगानाः घोराही उप-महानगरपालिका वडा नं. .........

टोल ........ समूहमा सदस्य संख्या जम्मा : महिला : पुरुष :

गठित समूहको किसिम : बहुउद्देश्यीय/एकल उद्देश्यीय

मासिक बचत प्रति सदस्य प्रति महिना रु. :

समूह सदस्यहरुको विवरण :

| क स | कृषकको नाम थर | पद | मोवाइल न | ठेगान घोउनपा | टोल | महिला /पुरुष | पशु संख्या | उत्पादन के जि मा | जग्गा कट्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |

नोट : समूहका सबै सदस्यहरुबाट प्रमाणित गरी पेश गर्नुपर्ने ।

## परिच्छेद- ३

## २.२० मापदण्डहरु

### २.२०.१ गाई भैंसीको प्राविधिक सूचक

श्रोत केन्द्रका लागि बाच्छी, पाडी छनोट गर्दा बाच्छीका माउहरुको उत्पादन क्षमता देहायका सुचकांकको आधारमा छनोट गर्नु पर्दछ ।

| पशुहरुको उत्पादन सूचकांक विवरण | गाई | भैंसी |
|---|---|---|
| माउको वार्षिक दूध उत्पादन (लिटर) | ३००० लिटर | १५०० लिटर |
| प्रति बेत दूध दिने दिन | २००-३०० दिन | १५०-२०० दिन |
| पहिलो पटक बाली जाने उमेर (महिना) | १५ - १८ महिना | ३०-४२ महिना |
| पहिलो पटक ब्याउने उमेर (महिना) | २४-२७ महिना | बढीमा ४८ महिना |
| ब्याउने अन्तराल (महिना) | १२ - १५ महि | बढीमा १८ महिना |

**गोठमा प्रति गाई भैंसी चाहिने स्थान** (ब.फि.)

| पशुको किसिम | क्षेत्रफल (वर्गफिट) | | दाना खाने डुड |
|---|---|---|---|
| | छोपिएको क्षेत्र | खुल्ला क्षेत्र | इन्च) |
| गाई | २०-३० | ८०-१०० | २०-२४ |
| भैंसी | २५-३५ | ८०-१०० | २४-३० |
| कोरली/बहर | १५-२० | ५०-६० | १५-२० |
| ब्याउने गाई/भैंसी | १००-१२० | १८०-२०० | २४-३० |
| राँगो/साँढे | १२०-१४० | २००-२५० | २४-३० |

नोट : समान्यतया प्रति गाई गोठभित्र लम्बाई र चौडाई क्रमश : १.७–१.९ मी. र १.२–१.५ मि. तथा भैंसीको लागि लम्बाई २.२५ मी. र चौडाई १.२५ मि. हुनुपर्दछ । दाना र पानीको डुँड पर्खालसित जोडेर समानान्तर हुने गरी बनाउनु पर्दछ । गोठको कुल लम्बाई र चौडाई वस्तुको संख्याको आधारमा निर्माण गर्नुपर्दछ । गोठको मोहडा पहाडी भेगमा दक्षिण तथा तराई भेगमा उत्तरी मोहडा हुनुपर्दछ ।

## २.२०.२ ट्रेभिज निर्माणका मापदण्डहरु

१. ट्रेभिज निर्माण गर्न ठाउँको छनोट गर्दा वर्षैभरि मोटर जान सक्ने, सबैलाई पायक पर्ने र पानी नजम्ने हुनु पर्दछ ।


२. भुईंको सतह अनिवार्य रुपमा कंक्रिट ढलान गरेको हुनु पर्नेछ ।

३. ट्रेभिजको खम्वा (Pillars) कम्तिमा २ इन्च मोटो ग्याल्भानाईज्ड फलामको पाइप Galvanized pipe को हुनु पर्दछ ।

४. ट्रेभिजको अगाडिको खम्वाको उचाई २ मिटर, लम्बाई ३ मीटर र पछाडिको खम्बाको उचाई १ मीटर एवं दुई वटा समानान्तर खम्बाको चौडाई १ मिटरसम्मको हुनु पर्दछ ।

५. ट्रेभिजको अगाडी र पछाडिको खम्वाको बीचमा कम्तिमा १ थप खम्बा निर्माण गर्नु पर्नेछ

६. ट्रेभिजको खम्वा कम्तिमा १ फिट भुईं तल गाड्नु पर्ने हुन्छ र तल्लो खम्बा भन्दा पछाडि कम्तिमा १ मिटर ढलान गरेको हुनुपर्दछ ।




व्यवसायिक गाई भैसी पालनका लागि उन्नत गोठ

## परिच्छेद- ४

### २.२१ विविध

१. आ. व. को अन्त्य हुन लागेको अवस्था, कर्मचारीको कमी भएको अवस्थमा कृषक/कृषक समूहमा कुनै पनि कार्यक्रम संचालन गर्दा शाखाले कर्मचारीमार्फत पेश्की लिई पनि काम गराउन सक्ने छ। समूहमा काम गर्नु पर्दा समूह बैठकबाट उक्त पेश्कीबाट संचालन गरिने कार्यक्रम तथा त्यस कार्यक्रमको बजेट अनुमोदन गर्नुपर्नेछ। यस अवस्थामा कार्यक्रममा संचालन गरिने विविध खरीद कार्यहरु, समूहमा ३-५ जनाको प्राविधिक विश्लेषण तथा खरीद कार्यदल बनाई उक्त पेश्की रकम उक्त कार्यदलमार्फत वा यसको निर्देशानुसार कार्यक्रम संचालन तथा खरीद कार्यका लागि खर्च गरिने छ र उक्त कार्यदलमा सेवा केन्द्रका कर्मचारी सदस्य हुनेछन्। ती कर्मचारीको जिम्मेवारी समूहमा संचालन भएका कार्यहरु प्राविधिक दृष्टिकोणबाट ठीक भए नभएको जाँच गर्ने हो। कार्यक्रम समाप्त भएपश्चात समूहद्वारा बैठक बसी समूहले अनुमोदन गरे अनुसार कार्यक्रम संचालन भएको हो भनी प्रमाणित गरिदिनु पर्नेछ।

२. घोराही उप-माहनगरपालिका अन्तर्गतका वार्डहरुमा पशु सेवातर्फको विनियोजित स्वीकृत कार्यक्रम सम्वन्धित शाखा, सेवा केन्द्रसँग समन्वय र सहकार्यमा सञ्चालन गर्नुपर्नेछ।

३. यस कार्यविधिमा भएको कुराहरु यसै कार्यविधि अनुसार र अन्यको हकमा संघीय कार्यविधि अनुसार हुने र यसमा अस्पष्ट भएका विषयहरु पनि संघीय कार्यविधि र प्रदेश सरकार ५ नं. प्रदेश अनुसार सञ्चालन गरिने।

४. संशोधन : यस निर्देशिकामा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही नगर कार्यापालिकाको हुनेछ।

आज्ञाले,

सन्तबहादुर सुनार

प्रमुख प्रशासकीय अधिकृत